नेपालको कमैया प्रथा : एक पुनर्दृष्टि

नेपालको कमैया प्रथा : एक पुनर्दृष्टि

मूल लेखक
शिव शर्मा
मनसा ठकुराठी

नेपाली अनुवाद
उमेश उपाध्याय

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्युचाटार, कलंकी
काठमाडौं

नेपालको कमैया प्रथा : एक पुनर्दृष्टि

अनौपचारिक क्षेत्र सेवा केन्द्रद्वारा मूल अंग्रेजीमा प्रकाशित मिति २०५५ पौष

नेपाली भाषामा प्रकाशित २०५६ पौष

© अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मुद्रक : सुनकोशी छापाखाना, मैतिदेवी
फोन : ४२२००१

दुई शब्द

२०४८ साल इन्सेकले बाँधाश्रममा अध्ययन गरेयता सरकारी, गैरसरकारी संस्थाहरूबाट यससम्बन्धमा धेरै अध्ययन, अनुसन्धान भएका छन्। प्रत्येक अध्ययनले कमैया प्रथालाई हाम्रो परम्पराको नकारात्मक पक्षले मलजल गरेको र सामाजिक अपराधमा आधारित प्रथाको रूपमा व्याख्या गरेका छन्। सबै अध्ययनहरूले आफ्नै किसिमले सुझावहरू प्रस्तुत गरेका छन्।

यो अध्ययन प्रतिवेदन, नेपालको पश्चिमी भागमा प्रचलित कमैयाप्रथामाथि अनुसन्धनात्मक पुनर्दृष्टि दिने प्रयत्न हो। यो प्रथामा उपयुक्त परिवर्तन ल्याउनका लागि गरिएका धेरै खाले हस्तक्षेपहरूको असरलाई मूल्यांकन गर्ने लक्ष्य यस पुनर्दृष्टिले लिएको छ। अर्को लक्ष्य, यस्तै किसिमको प्रचलन अन्य जिल्लामा छ, छैन (धेरैले आशंका गर्दछन्) भन्ने जाँचबुझ गर्नु पनि हो। अहिलेसम्म (बाँके, बर्दिया, कैलाली, कंचनपुर र दाङ) यी पाँच जिल्लालाई कमैया प्रभावित जिल्ला मानिएको छ। तर यस नजिकका अन्य जिल्लामा पनि यसबारे खोजी गर्न प्रयत्न भएको छैन।

एउटा सक्रियतावादी संगठनको रूपमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) के अनुभव गर्दछ भने सामाजिक अन्यायमा जरा गाडेको यो प्रथा हटाउन बहुमुखी दृष्टिकोण आवश्यक छ। हामी विश्वस्त छौँ – यस प्रतिवेदनका सुझावहरू यो प्रथाको अन्त्य गर्न क्रियाशील सबै सम्बद्ध संस्थाहरू र सरकारको लागि सहायक हुनेछन्।

यो अध्ययन डा. शिव शर्मा र श्रीमती मनसा ठकुराठीको नेतृत्वको सामूहिक कार्य हो। कठिन परिश्रमका लागि वहाँहरूलाई हामी धन्यवाद दिन्छौँ। प्रतिवेदनको सम्पादनका लागि प्राध्यापक जयराज अवस्थी र रामआशिष गिरीलाई धन्यवाद छ। साथै यो अध्ययनलाई अन्तिम चरणसम्म पुऱ्याउन समय र प्रयत्न दिने हाम्रा सबै केन्द्रीय र क्षेत्रीय कार्यालयका साथीहरूलाई पनि धन्यवाद छ।

अन्त्यमा, डानिडालाई यो अध्ययनका लागि वित्तीय सहयोग उपलब्ध गराएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छौँ।

सुशील प्याकुरेल
अध्यक्ष

नेपाली संस्करणबारे

२०५५ सालमा यो पुस्तक मूलरूपमा अंग्रेजी भाषामा प्रकाशित भएको थियो। र, यसको उपयोगिता सर्वत्रबाट गरिएको पनि देखियो। तर भाषागत कारणले यो पुस्तक नेपाली समाजभित्र अझ व्यापक रूपमा पुग्न सकेको जस्तो हामीलाई लागेन। त्यसकारण यसको नेपाली अनुवाद पनि प्रकाशित हुनुपर्ने हामीले महसूस गऱ्यौं। हाम्रो त्यही महसूस गराइको प्रतिरूप हो यो पुस्तक। नेपालीमा प्रकाशित भएको यो पुस्तक अझ व्यापक होला र यसको उपयोगिताको सङ्ख्या र क्षेत्र पनि बढ्ला भन्ने हामीले आशा गरेका छौं। यस पुस्तकको नेपाली रूप दिन सघाउने अनुवादक उमेश उपाध्याय लगायतका अन्य सहयोगी मित्रहरूलाई पनि फेरि फेरिको सहयोगको अपेक्षा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु। धन्यवाद।

सुशील प्याकुरेल
अध्यक्ष

सार संक्षेप

क. कमैया प्रथाबारे २०४८ मा इन्सेकले अध्ययन पेश गरेपछि सरकार, गैरसरकारी संगठनहरू र दातृ संस्थाहरूको यस प्रथाका दुर्गुणहरूको क्रमबद्ध अन्त्यका लागि बढ्दो सरोकार देखिएको छ। यस प्रथाभित्र बाँधा श्रम प्रणाली अन्तर्निहित छ। श्रमिकहरू श्रम बन्धनमा परेका छन्। उनीहरूले दैनिक धेरै घण्टा काम गर्नुपर्छ र शून्य अथवा नगन्य ज्यालामा तिनको परिवारका सदस्यहरूले पनि श्रम गर्नुपर्छ। उनीहरूले वचनको साथसाथै हातको पनि दुर्व्यवहार सहनुपर्छ। २०४८ को इन्सेक अध्ययन यता कमैयाहरूलाई लक्षित गरिएका हस्तक्षेपहरूको श्रृंखला नै चलेको छ। यो अध्ययनले कमैया प्रथाको अझ गहिरो जानकारी लिन एक पटक पुनर्दृष्टि दिने र कमैयाहरूको सामाजिक आर्थिक अवस्थामा आएका परिवर्नतहरू चिन्हित गर्ने लक्ष्य राखेको छ। कमैया प्रथाको निर्मूलको लागि यस अध्ययनले सुझावहरूसमेत प्रस्तुत गर्दछ।

ख. २०५४ को शुरू महिनाहरूमा झण्डै ३००० कमैयाहरूको नमूना सर्वेक्षण पश्चिम र सुदूर पश्चिम तराईका आठ जिल्लाहरूमा संचालन गरियो। नमूनामा परेका कमैयाहरूको परिवारको विवरण लिन, प्रश्नावलीद्वारा जानकारी संकलन गर्ने यसका अतिरिक्त कमैया प्रथाले ग्रस्त थारू जातीय समुदायको सामाजिक, आर्थिक अवस्थाबारे राम्रो जानकरी प्राप्त गर्न द्वितीय स्रोतहरूबाट समेत तथ्यहरू संकलन गरियो। सरकारी र गैरसरकारी संस्थाहरूद्वारा गरिएका विभिन्न हस्तक्षेपहरूको जानकारी लिनको लागि पनि सूचना र तथ्यहरू संकलन गरियो।

ग. नेपालमा ज्यालादारी मजदूरको रूपमा कृषि श्रमिकहरूको विशाल संख्या (झण्डै २० लाख) क्रियाशील छ। ज्याला मजदूरहरूमा झण्डै आधा जसो भूमिहीन छन्। ज्याला मजदूरहरूको १/६ भाग स्थायी श्रमिकको रूपमा काम गर्छन्। कमैया प्रथा पनि स्थायी श्रमसम्बन्धको एउटा रूप हो र पश्चिम, मध्य पश्चिम तथा सुदूर पश्चिम तराईका आठ जिल्लाहरूमा विद्यमान छ। यस प्रथाअन्तरगत २६,००० पुरूष, १५०० महिला र ५,००० बालबालिका कार्यरत छन्। दीर्घकालिन वा स्थायी श्रमसम्बन्ध अन्तरगत कार्यरत अन्य श्रमिकभन्दा कमैयाहरू ऋण बन्धनको सन्दर्भमा एकदमै भिन्न छन्। मालिकबाट लिइएको ऋण "सौँकी" ले कमैयालाई बन्धनमा पार्दछ र आधारभूत मानवीय स्वतन्त्रता, गतिशीलता, छनोट र आफ्नो कामको आत्मनिर्णयबाट समेत वञ्चित पार्दछ।

अत्यधिक काम, न्यून ज्याला र उही मालिकको काम परिवारका अन्य सदस्यहरूसमेतले गर्नुपर्ने बाध्यताले कमैयाले जकड्दछ र कमैया प्रथाबाट उसले निकास पाउन असम्भवझैं बन्दछ। यद्यपि सबै कमैयाहरू बाँधा अवस्थामा छैनन्। कमैया प्रथाभित्र पनि कामका अवस्था र सम्बन्धमा धेरै फरकहरू छन्। सबैभन्दा अप्ठ्यारो अवस्थामा ती कमैयाहरू छन् - जो बाँधा अवस्थामा छन्, भूमिहीन छन् र आफ्ना परिवारका सदस्यहरूलाई उही मालिकका काममा पठाउन बाध्य छन्। अर्कोतिर तुलनात्मकरूपले आज राम्रो अवस्थामा रहेका कमैयाहरूलाई पनि "सौँकी" ले क्रमशः दुरावस्थामा झार्दै बढी वर्ष गुज्रँदै जाने क्रममा बाँधा कमैयामा परिणत गरिदिन्छ।

घ. कमैया श्रमिकहरू मूलत : थारू समुदायका देखिन्छन्। त्यस क्षेत्रका आदिवासी थारूहरू हुन्। पुराना युगमा उनीहरू सबै जग्गा धनी थिए। तर भूमिमाथिको

पारम्परिक हक विस्तारै खोसिएर गयो र २०१७ यता राज्यले कानुनी हिसाबले जमिनमाथिको स्वामित्व कायम गरिदियो। पहाडबाट झर्नेहरू र राज्य संयन्त्रमा पहुँच पुग्नेहरूले जग्गा दर्ताका प्रावधानहरूलाई आफ्नो गरी भूमिमाथिका पारम्परिक नियन्त्रणबाट थारूहरूलाई विस्थापित गरे।

ङ. कमैया समस्या हिजोआज राष्ट्रिय सरोकारको विषय भएको छ। र, सरकारी तथा गैरसरकारी संस्थाहरू बाँधा अवस्थाबाट कमैयाहरूलाई मुक्त गर्न क्रियाशील छन्। त्यस क्षेत्रमा कमैया समस्यामा केन्द्रित भै क्रियाशील हुने गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था झण्डै १ दर्जन छन्। विगत ४ वर्षदेखि सरकारले कमैया कार्यक्रमका लागि बजेट विनियोजन गर्ने गरेको छ। कार्यक्रमहरू व्यक्ति कमैयातिर लक्षित छन्। कमैया प्रथाको संरचनागत पक्षतिर केन्द्रित र प्रणालीमा नै सुधार ल्याउनेतिर सरोकार कम देखिन्छ। गैरसरकारी संस्थाको र सरकारको समेत अधिकांश गतिविधिहरू चेतना अभिवृद्धि र साक्षरतासँग सम्बन्धित छन्। फलतः परिवर्तन पनि कमैयाहरू र कमैया परिवारका सदस्यहरूको साक्षरताको स्तरमा नै देख्न सकिन्छ। साक्षरता दरमा निकै ठूलो वृद्धि (४ बाट २०प्रतिशत पुगेको) भएको छ, र झण्डै १०प्रतिशत स्कूल उमेरका केटाकेटी आजभोलि स्कूल जान्छन्. २०४८ मा स्कूल जाने सङ्ख्या झण्डै शून्यजस्तो थियो। रोजगारीतर्फ सुधार भएको देखिँदैन। किनभने यस प्रथामा प्रवेशको उमेर जस्ताको तस्तै रहेकोछ। औसत ऋण बढ्नुको साथै ऋणग्रस्त कमैयाहरूको अनुपात निकै बढेको छ। ऋण नै यस प्रथामा बन्धनकारी तत्व भएको हुनाले बितका वर्षहरूमा कमैया समस्या झन् चर्को भएको छ।

च. आय आर्जन र कर्जासम्बन्धी हस्तक्षेपको कमीले यी सात वर्षमा सरकारी र गैरसरकारी संगठनहरूले विभिन्न प्रयत्न गरे पनि कमैयाहरूको सामाजिक आर्थिक अवस्थामा खास अन्तर आएको छैन। समस्याको समाधान गर्ने बेठीक दृष्टिकोण र प्राथमिकताले गर्दा कमैयाहरूको कठिन जीवन स्थिति यथावत छ। वस्तुतः के देखिन्छ भने वर्तमान दृष्टिकोण कमैया प्रथाको असरतर्फ केन्द्रित छ र यसका कारक तत्व, जसले यो प्रथालाई विकसित र दीर्घजीवी बनाएका छन्, तर्फ भने ध्यान पुऱ्याउन विफल रहेको छ।

छ. कमैया समस्याको समाधान संरचनागत प्रश्नहरूमा खोजिनु आवश्यक छ- भूमिको वितरण, कार्य घण्टा, ज्यालास्तर, कर्जा उपलब्धता र श्रमिक अधिकारको संरक्षण गर्ने कानुनी प्रावधानजस्ता क्षेत्रमा उपयुक्त सुधार ल्याएरमात्र बाँधा कमैयाहरूलाई स्वतन्त्र बनाउन सकिन्छ। परतन्त्र कमैयाहरू विकासमूलक हस्तक्षेपमा सहभागी नै हुन सक्तैनन्। जति लक्षित गरिए पनि पहिला उनीहरूलाई ज्याला मजदूरमा परिवर्तित गरिनुपर्दछ, अनिमात्र लक्षित कार्यक्रमहरूले दिगो प्रभाव छोड्न सक्तछन्। कमैया मामिलामा कार्यरत् संस्थाहरूका कतिपय दावीहरूमा सम्भवतः अतिशयोक्ति पनि छ, जस्तै- कार्य घण्टा (१६-१८ प्रति दिन), परिवारका सबै श्रमिकहरू उही मालिकको काममा संलग्न, एउटै मालिकसँग ज्याल र ऋणको लागि पूर्ण निर्भरता र यस्तै अन्य। जेहोस् कमैया र अन्य बाँधा श्रमसम्बन्धलाई अन्त्य गर्न संरचनागत समस्याको समाधान गरिनुपर्छ र यसको लागि मुख्य दायित्व राज्यको रहन्छ। गैरसरकारी, संगठनहरू र सरकारले सँगसँगै काम गरेर नै मुक्त कमैयाहरूलाई पुनर्स्थापित हुन सहयोग गर्नुपर्दछ।

विषय सूची

		पृष्ठ
१.	पृष्ठभूमि	१
२.	नेपालमा थारू जनसङ्ख्या	११
३.	विकासमूलक हस्तक्षेप र कमैया प्रथा	२४
४.	प्रारम्भिक तथ्याङ्कको आधारमा कमैया प्रथा	४०
५.	कमैयाहरूको तुलनात्मक अवस्था : २०४८ र २०५४	६०
६.	निष्कर्ष र सुझावहरू	६७
	परिशिष्ट :	
	सर्वेक्षण गरिएका गाविस र गणकहरूको सूची	७१

परिच्छेद एक

पृष्ठभूमि

दीर्घकालीन कृषिश्रम

नेपालमा कृषि श्रमको ज्यालासम्बन्धमा निकै विविधता छ। धेरैजसो कृषि परिवार (६४%) ले आफ्नै पारिवारिक श्रम वा पर्म-श्रमको प्रयोग गर्दछन्। कूल कृषि परिवारको झण्डै ३०% ले आवश्यकताअनुसार पारिवारिक श्रमिकसँगसँगै ज्यालादारी खेतालाहरू (दैनिक ज्याला मजदुर) लाई पनि काममा लगाउँछन्। लगभग ५% ले मात्र खेती र पशुपालनका लागि स्थायी श्रमिकलाई काममा लगाउँछन्। तुलनात्मक रूपले तराईका जिल्लाहरूमा स्थायी श्रमको प्रयोग बढी छ। कूल स्थायी कृषि श्रमको ३.४% हिमाली क्षेत्रमा, ३०.५% पहाडी क्षेत्रमा र ६६.१% तराई क्षेत्रमा क्रियाशील छ। (टेवल १.१) प्रष्टै छ- तराई जिल्लाहरूमा स्थायी ज्याला श्रमिकहरूको बाहुल्य र प्रभाव रहेको छ।

टेवल १.१ : स्थायी श्रम सम्बन्धको स्थिति (श्रमको प्रकारअनुसार जोत प्रतिशतमा)

विवरण	जोत	आफ्नै श्रम	ज्याला श्रम मात्र	दैनिक ज्याला र स्थायी श्रम	स्थायी श्रम मात्र	औसत स्थायी श्रम	स्थायी श्रम %
हिमाल	२६०७१२	७०.०	२७.९	१.१	१.१	१.९	१०८९८ (३.४)
पहाड	१३५७७२०	६९.५	२७.७	१.८	१.०	२.२	९८५७० (३०.५)
तराई	१११७८१८	५६.९	३४.१	७.०	२.१	२.१	२१३६१५ (६६.१)
कूल	**२७३६०५०**	**६४.४**	**३०.३**	**३.९**	**१.४**	**२.१**	**३२३०८३ (१००)**

स्रोत :

स्थायी श्रमसम्बन्धभित्र दुई उद्देश्यको ज्याला श्रम पाइन्छ। ठूलो मात्रामा खेतको काममा र सानो मात्रामा गोठालो काममा, खेतीको काममा लागेकालाई हलिया, हरूवा, कमैया, जन भनिन्छ र गोठालोको काममा लागेकालाई गोठाला, चरूवा, गाईवार, भैंसवार वा चेगार भनिन्छ। यी सम्बन्धहरू देशका विभिन्न भागमा विभिन्न नामले प्रचलित छन् र भिन्नभिन्न शर्त र अवस्थामा रहेका मानिन्छन्। स्थायी श्रमसम्बन्धको कमैया स्वरूप मध्य र सुदूर पश्चिम तराईका दाङ, बाँके, बर्दिया, कैलाली र कंचनपुरमा विद्यमान छ। यो स्वरूप कविलवस्तु, रूपन्देही र नवलपरासी जिल्लाका केही भागमा पनि प्रचलनमा रहेको अनुमान छ। तापनि यी तीन जिल्लामा पाइएको कमैया प्रथाको अवस्था र विशेषतावारे जानकारी उपलब्ध छैन। प्रथम पटक यस प्रतिवेदनमा यी जिल्लाहरूको कमैया प्रथावारे जानकारी प्रस्तुत गर्ने चेष्टा भएको छ।

कमैया सम्बन्ध

कमैया श्रमसम्बन्ध वास्तवमा एउटा कमैया (श्रमिक) र किसान (रोजगारदाता) बीचको दीर्घकालीन श्रमसम्बन्ध हो। यस प्रथाभित्र परस्पर सम्बन्धित धेरै खाले कुराहरू पनि पर्दछन्, जसमा मुख्य निम्न छन्-

(क) परिवारका अन्य सदस्यहरूसँग श्रमको करार

(ख) ऋण सम्बन्ध

(ग) भूमिसम्बन्धी करार।

दुई खाले भुक्तानी प्रणालीअन्तरगत कृषिसँग सम्बन्धित सबै काम गर्ने गरी वार्षिक हिसाबले कमैयालाई काममा लगाइएको हुन्छ। पहिलो भुक्तानी प्रणालीमा जिन्सीमा सामान्यतः धान निश्चित मात्रामा दिइएको हुन्छ। यसरी जिन्सी भुक्तानी गर्दा तेल, नुन, दालसमेत पनि दिइने प्रचलन छ। दोस्रो खालको भुक्तानी प्रणालीमा कमैयाले किसानद्वारा उसलाई भनी छुट्याइदिएको भूमिको टुक्राबाट प्राप्त उब्जामा भाग प्राप्त गर्दछ। सामान्यतः उब्जाको एक तिहाई कमैयाको भागमा पर्ने गर्छ। कमैया र उसको परिवारको श्रमबाहेक अरू सबै खाले लगानी पनि यस्तो भूमिको टुक्रामा रोजगारदातावाटै हुने गर्दछ।

कमैया प्रथावाट मुक्त हुन नदिई कमैयाहरूलाई जकडि राख्ने संयन्त्रको रूपमा परस्पर सम्बन्धित करारहरू छन्। जसलाई निम्न बमोजिम प्रष्ट पार्न सकिन्छ :

(क) श्रम करार

मालिकले कमैयाको परिवारका सदस्यहरू, मुख्यत कमैयाको स्वास्नीले समेत आफ्नो काम गरिदेओस् भन्ने चाहन्छ। कमैयासँग प्राप्त हुन आउने महिला श्रमिकलाई "बुकरही" भन्ने प्रचलन छ। कमैयाकी स्वास्नीले मालिकको घरेलु काम गर्दछे र साथै खेतको काममा पनि सहयोग गर्दछे। बुकरहीको कामको वार्षिक ज्याला नाममात्रको हुन्छ र कमैयाले पाउने ज्यालाको दश भागको एक भाग बराबरमात्र हुने गर्दछ। सामान्यतः कमैयाले कच्चा ८० मनसम्म (झण्डै १००० केजी) धान पाउँछ र बुकरहीले भने ४-१० मनसम्म धान प्राप्त गर्छे। बुकरहीविनाको कमैयाको ज्याला पनि झन् कम हुने गर्दछ। स्वास्नीविनाको कमैयाले बुकरहीको रूपमा आमा वा दिदी बहिनीलाई मालिकको काममा लगाउन पनि सक्तछ। यसरी कमैया परिवारका सदस्यहरू एउटाको कामसँग गाँसिन्छन् र सबैले काम गरे पनि एउटैको ज्यालामा हाँकिन्छन्। यसो हुँदा परिवारको आम्दानी ज्यादै नै कम हुन्छ र जसोतसो खाद्य उपभोगमा नै ठिक्क हुन्छ।

कमैयाका केटाकेटी पनि त्यही मालिकको काममा लगाउने गरेको प्रायः देखिन्छ। धेरैजसो तिनीहरू पशु चराउने (भैंसी-राँगा चराउने) र चेगार (खसीबाख्रा चराउने) बनाइएका हुन्छन्। यस्ता बालश्रमिकहरू कुनै ज्यालाविना केवल दुई छाक खानाको भरमा काम गरिहेका हुन्छन्। केटीहरू भने प्रायः घरेलु सेविकाको रूपमा काम गर्ने गर्छन्। र, लुगा धुने काम कमलरीहरूलाई लगाइन्छ।

(ख) ऋण करार

ज्यादै न्यून ज्याला र वैकल्पिक रोजगारीका अवसरको अभावले संकटकालीन अवस्था परिआउँदा वा खाद्यान्न नपुग हुँदा कमैया परिवारले ऋण काट्ने पर्ने हुन्छ। कमैयाको मालिक नै उसको एकमात्र ऋणदाता हो र कमैयाले जति धेरै वर्ष बिताउँछ ऋण पनि झन्-झन् थपिंदै र बढ्दै जान्छ। वैकल्पिक आम्दानीका अवसरबाट पनि टाढा भएको हुनाले कमैयाले कहिल्यै पनि बचत गर्न र ऋण तिर्न सक्तैन। चुलिएको ऋणले कमैयालाई त्यो मालिक छोडी अन्यत्र काममा जानबाट रोक्दछ। यदि कुनै कमैयाले मालिक परिवर्तन गर्न चाहेमा नयाँ मालिकबाट ऋण लिई पुरानो मालिकलाई तिर्नुपर्दछ। ऋण तिर्नका लागि नयाँ मालिकसँग लिइएको नयाँ ऋणलाई "सौंकी" वा "भोरा" भन्ने चलन छ। खास गरेर मालिक परिवर्तन गर्ने निर्णय माघी (जनवरी) मा (माघे संक्रान्ति) गरिन्छ। "सौंकी" को भुक्तानी माघीमा लिलाम बढाबढजस्तै गरिन्छ। नयाँ मालिकले कमैयाको ऋण तिरिदिने कबोल गर्दछ। यस्तो भुक्तानी नयाँ मालिकले त्यसै गर्दैन, यो त ऋणको शुरूवात मात्रै हो। किनभने कमैयाले नयाँ मालिककहाँ काम

थालेपछि पारिवारिक आवश्यकताका लागि उसले लिँदै जाने कर्जाले यो ऋण मोटाउँदै जान्छ। मालिक परिवर्तन गर्ने गतिविधिले श्रम बजारमा प्रतिस्पर्धाको गन्ध आउँछ, तर कमैयाको ज्याला र कामका शर्त तथा अवस्था उस्तै रहने हुनाले कमैयाको बन्धन भने खुकुलिँदैन। कमैयालाई ऋण बन्धनमा बाँध्ने मुख्य तत्व नै सौँकी हो।

(ग) जग्गा करार

कमैयासँगको करारमा जग्गा-करार पनि हुने गर्दछ। यदि कमैयालाई ज्याला उब्जाको भाग पाउने हिसाबमा दिइन्छ भने जग्गा-करार गरिन्छ। वास्तवमा यस्तो करार, मोहीले बालीमा हिस्सेदारी पाउने किसिमको अधियाँ वा ठेक्काको करारसँग मेल खान्छ। बाली हिस्सेदारीमा सामान्यतः मोहीले खेती गर्दा सबै साधनको लगानी गर्दछ र उब्जनीको आधा भाग प्राप्त गर्दछ। तर, कमैया प्रथाअन्तरगतको जग्गा-करारमा कमैयाले आफ्नो र आफ्नो परिवारको श्रममात्र लगाउँछ र बाँकी सबै साधन मालिकले नै दिन्छ। फलतः कमैयाले पाउने बाली हिस्सेदारी कूल उब्जाको एक तिहाई वा एक चौथाई हुनेगर्छ। परिवारमा सक्रिय सदस्य कति छन् भन्ने कुराले नै एउटा कमैयाले कति जग्गा पाउन सक्छ भन्ने कुरा तय हुने गर्दछ। कमैयालाई बालीको भाग दिने खालको भुक्तानी प्रणाली विकास हुनुको कारणमा २०२१ को भूमिसम्बन्धी ऐनले दिएको मोहियानी हक छल्ने तरिका पनि हुन सक्छ। किनभने आफूले खनजोत गरेको भूमिमा कमैयाले मोहियानी हक पाउँदैन।

परस्पर सम्बन्धित यस्ता विशेषताहरू र ज्यालागत वेफाइदाहरू कमैया प्रथाको सामाजिक, आर्थिक शोषणसँग गाँसिएर नेपालमा कमैया प्रथा एक विशेष खालको स्थायी श्रम सम्बन्धको रूप बन्न पुगेको छ। अरू खाले दीर्घकालीन श्रमका कुराहरूभन्दा कमैया करार निकै भिन्न छ। फलतः अचेल ग्रामीण नेपालमा कमैया प्रथा श्रमसम्बन्धको सबैभन्दा शोषणमूलक स्वरूप मानिएको छ। इन्सेकले सर्वप्रथम २०४७ मा कमैया प्रथाभित्र बाँधा श्रमसम्वन्ध रहेको कुरालाई तथ्य सहित प्रकाशमा ल्याया। इन्सेकको अध्ययनले मानवअधिकारवादीहरू, गैरसरकारी संस्थाहरू, दातृसंस्थाहरू र अन्ततः सरकारको समेत ध्यान तान्यो। कमैया प्रथा रहेका जिल्लाहरूमा यो प्रथाको अन्तका लागि गतिविधि र हस्तक्षेपको श्रृङ्खला शुरू भयो। गत तीन वर्ष यता सरकारले पनि कमैयासम्वन्धी कार्यक्रमहरूमा बजेट छुट्याउँदै आएको छ। तर, सबै हस्तक्षेपहरू लक्ष्य (कमैया) मुखी भए पनि लक्षित समूह (कमैया प्रथा) मुखी छैनन्। यो प्रथा क्रियाशील रहने वातावरण भने यथावत छ। सानो स्तरका प्रयत्नहरू व्यापक भए पनि कमैया

प्रथामा भने कुनै उल्लेखनीय प्रभाव परेको देखिन्न। यसले गर्दा यो प्रथा हटाउन क्रियाशीलहरूकोसरोकार झन् बढेर गएको छ।

यसै पृष्ठभूमिमा तीन जिल्लामा (कञ्चनपुर, कैलाली र बर्दिया) पुनर्अध्ययन तथा ५ जिल्लामा (बाँके, दाङ, कपिलवस्तु, रूपन्देही र नवलपरासी) कमैयाहरूको वर्तमान अवस्था बुझ्ने खोजकार्य गरिएको छ। यस प्रथामा भएका परिवर्तनहरूको प्रभाव पेश गर्ने लक्ष्य यस अध्ययनले राखेको छ। अझ मूलतः यस प्रथालाई क्रमबद्ध ढंगले बुझ्ने लक्ष्य राखेको छ, जसले गर्दा यो प्रथाको अन्तका लागि ठीक रणनीति विकास गर्न सकियोस्।

बिगतका अध्ययनहरु के भन्छन् ?

गत ५ वर्षको कमैया समस्याको अध्ययनहरूको श्रृङ्खला लामै छ। धेरैजसो नमुना अध्ययनहरू छन् र कमैया प्रथाका भित्री कुरा बुझ्न उपयोगी छन्। तीनवटा अध्ययनले कमैया प्रथाको विस्तृत तथ्यांक र विश्लेषण पेश गरेका छन्। यद्यपि यी अध्ययनहरू पनि आफैँमा सीमित प्रयत्नहरू हुन् र कमैया तथा कमैया बहुल क्षेत्र ठम्याई प्राथमिकता तय गर्न उपयोगी छैनन्। कमैया प्रथाबाट मुक्त हुनका लागि आवश्यक कोष र प्रयत्नहरूको विस्तृत खाका विकसित गर्न यी अध्ययनहरू पर्याप्त छैनन्। यी अध्ययनले समयक्रममा कमैयाहरूको अवस्थामा भएका परिवर्तनको तुलनायोग्य जानकारी दिन सकेका छैनन्। यस्ता अध्ययनहरूको सफलता के मात्र हो भने सामान्य रूपले सम्बन्धित ठाउँमा समस्या राख्न र सम्बन्धित क्षेत्रको सरोकार तथा समर्थन तान्ने काम भएको छ। यी अध्ययनहरूको विफलता के हो भने ती अध्ययन कमैया समस्या समाधानका लागि योजना र कार्यक्रम तय गर्न उपयोगी सावित हुन सकेनन्। संक्षेपमा ती अध्ययनहरू निम्न छन् :

(क) इन्सेक २०४८ - कमैया प्रथाअन्तरगत नेपालमा बाँधाश्रम

यो यस किसिमको पहिलो सर्वेक्षण थियो र यो २०४७ मा कंचनपुर, कैलाली र बर्दिया जिल्ला समेटेर गरिएको थियो। लगभग १८,००० कमैयाहरू सर्वेक्षणको घेरमा परेका थिए। लगभग जिल्लाभरि नै अध्ययन क्रम चलाइयो तापनि केही गाविसहरू सर्वेक्षण बाहिरै परे। बाँके र दाङ भने यस सर्वेक्षणमा परेनन्।

(ख) **बेस, २०५१ – कमैया प्रतिवेदन :**

यो सर्वेक्षणले पाँच जिल्ला तथा वयस्क र बाल कमैयासमेत लगभग ३६००० लाई आफ्नो अध्ययनको घेरमा समेटेको थियो। उल्लेख गरिएको कमैयाको दुई प्रकार पनि परिभाषाको समस्याले दुविधाजनक रहेको छ। कमैयाको वर्गीकरण गरे पनि वर्गीकरणका आधारहरू व्यावहारिक देखिँदैनन्। लक्ष्य किटानी गर्न प्रतिवेदन उपयोगी छैन।

(ग) **सुकुम्बासी समस्या समाधान आयोग, २०५१ :**

सुकुम्बासी कमैया स्थलगत सर्वेक्षण झण्डै १८००० कमैया परिवारको पाँचै जिल्लामा यो सर्वेक्षण गरिएको थियो। सबै गाविसमा सर्वेक्षण गरिएको थियो, तर ती गाविसका सबै कमैया परे/परेनन् भन्ने कुरा प्रष्ट छैन। जग्गा वितरणका लागि लक्ष्य तय गर्ने दृष्टिकोणबाट गरिएकोले सायद समस्याको आकारलाई तथ्यांकले कम आँकेको देखिन्छ।

(घ) **श्रम मन्त्रालय, २०५२ कमैयाहरुको सामाजिक आर्थिक अवस्थाको प्रतिवेदन :**

कंचनपुर, कैलाली र बर्दियाको प्रारम्भिक सर्वेक्षणको तथ्यांकमा यो प्रतिवेदन आधारित छ। ७३२ कमैया परिवारलाई नमुनाको रूपमा लिइएको छ। जिल्लाहरूमा कमैयाका कामको अवस्था र प्रथाका विशेषताहरूको अध्ययन तथा नीतिगत र कार्यक्रमसम्बन्धी सिफारिस यस प्रतिवेदनमा गरिएको छ।

(ङ) **भूमिसुधार र व्यवस्थापन विभाग, २०५३ :**

यस विभागले दाङ, बाँके, बर्दिया, कैलाली, कंचनपुर पाँचै जिल्लाका १५१५२ कमैया परिवारको सर्वेक्षण गऱ्यो। मूलतः कमैया परिवारको सम्पत्ति र ऋणको अवस्थाबारे तथ्यांक संकलन गर्नेतिर यो सर्वेक्षण केन्द्रित रह्यो। कमैया कार्यक्रमका लागि सरकारले छुट्टयाएको बजेटको सदुपयोगका लागि विभागले यो सर्वेक्षणका जानकारी प्रयोगमा ल्याएको हुनुपर्छ।

अध्ययनको उद्देश्य र पद्धति

इन्सेकले आफ्नो २०४८ को अध्ययनमा कंचनपुर, कैलाली र बर्दियाको कमैया प्रथाको विस्तृत विवरण पेश गरेको छ। त्यस यता यी जिल्लाहरूमा कमैया प्रथाविरूद्ध धेरै हस्तक्षेपहरू भएका छन्। हस्तक्षेपहरू चेतना अभिवृद्धि र साक्षरतादेखि लिएर आयमूलक तथा कर्जा कार्यक्रमसम्मका छन्। यी जिल्लाहरूमा गैरसरकारी संस्था तथा

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू क्रियाशील छन्। गत ३ वर्षदेखि यी जिल्लाहरूमा सरकारले कमैया कार्यक्रमका लागि बजेट चुट्याउँदै आएको छ। गैरसरकारी संस्थाहरू र सरकार दुबै तहबाट संचालित कार्यक्रमहरू कमैयाहरूलाई लक्षित गर्ने साना तहका छन्। तर, कमैया परिवर्तन वा सुधार गर्ने खालका प्रयत्न साँच्चै भन्ने हो भने हुन सकेको छैन। ५-६ वर्षको यस अवधिमा भएका विभिन्न हस्तक्षेपहरूको सन्दर्भमा यस प्रथामा आएका परिवर्तनहरूको अनुसन्धान अब आवश्यक पनि भइसकेको छ। यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न छन् :

(क) इन्सेकले २०४८ मा अनुसन्धान गरेका जिल्लाहरूको फेरि अध्ययन गरी यस प्रथामा आएका परिवर्तनको आंकलन गर्नु।

(ख) इन्सेकको २०४८ को अनुसन्धानमा समावेश नगरिएका बाँके र दाङ जिल्लाको कमैया प्रथामा विशेषता ठम्याउने जहाँ कमैया प्रथा गहिरो छ र कमैयाहरूको हितको लागि हस्तक्षेपहरू पनि धेरै भएका छन्।

(ग) कपिलवस्तु, नवलपरासी र रूपन्देही जिल्लाहरूमा यस्तै किसिमको प्रथा प्रचलित छ, छैन त्यहाँको कमैया प्रथाका विशेषताहरूको पहिचान गर्ने।

(घ) कमैया बहुल जिल्लाहरूमा बाँधाश्रमको समस्या समाधान गर्न क्रमबद्ध ढंगले रणनीति तर्जुमा गर्ने।

नमुनाको आकार

पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका तराईका आठ जिल्लाबाट संकलित तथ्यांक यस अध्ययनमा प्रयोग भएको छ। जिल्लामा कमैया प्रथाले कत्तिको जरा गाडेको छ भन्ने जानकारीको आधारमा नै जिल्ला जिल्लामा कमैयाको नमुना तय गरिएको थियो। जिल्लाभित्र यस प्रथामा रहेका विभिन्नताहरूसमेत राम्ररी पत्ता लगाइने हिसाबले हरेक जिल्लामा नमुनाको आकार ठूलै लिइएको थियो। जम्मा ३००० को नमुना लिने लक्ष्यमध्ये रूपन्देहीमा कमैया प्रथाको निकै कम प्रभाव देखिएपछि त्यहाँ नमुनाको आकार पनि सोही बमोजिम घटाइयो।

जिल्ला	कमैया नमुना
नवलपरासी	१५६
रूपन्देही	१६९
कपिलवस्तु	३०८
दाङ	४८२

बाँके	३५३
बर्दिया	६०४
कैलाली	६०२
कंचनपुर	३६२

सर्वेक्षण भएका गाविस

प्रत्येक जिल्लामा ८-१५ सम्म गाविसबाट कमैया नमुनाहरू लिइएको थियो। गाविसको छनौट गर्दा इन्सेकको स्थानीय कार्यालय, कमैया मुक्ति मंच र जिल्ला विकास समितिका पदाधिकारीहरूको राय सुझाव लिइएको थियो। ती-ती गाविसहरू छानिएको थियो जहाँ कमैयाहरूको संख्या अत्यधिक छ भन्ने कुरो सबैले गरेका थिए। जिल्लाका सबै भागको प्रतिनिधित्व गराउने प्रयत्न पनि गरिएको थियो। नमुना केही सीमित गाविसको मात्र नपरोस् भन्ने उद्देश्यले हरेक जिल्लामा ८-१५ सम्म गाविस छनौट गरिएको हो। जिल्लामा सर्वेक्षणमा परेका गाविसको संख्या निम्नानुसार छ :

जिल्ला	गाविस संख्या	जिल्ला	गाविस संख्या
नवलपरासी	१०	बाँके	१०
रूपन्देही	१०	बर्दिया	१५
कपिलवस्तु	१२	कैलाली	१२
दाङ	११	कंचनपुर	८

सर्वेक्षण उपकरण

अर्धसंरचना गरिएको पारिवारिक प्रश्नावली विकसित गरियो। इन्सेकको २०४८ को सर्वेक्षणका आधारमा प्रश्नावली तयार गरियो। कमैया र कमैया परिवार तथा भएका परिवर्तनको मात्रा र प्रकार ठम्याउने दृष्टिकोणले प्रश्नावलीमा थप जानकारिका लागि पनि प्रश्नहरू राखिए। गाउँ स्तरीय निरीक्षण सूची (चेक लिष्ट) तयार गरी प्रयोग गर्ने शुरूको दृष्टिकोण पछि प्रयोग गरिएन। किनभने, त्यसो गर्न स्थानीय बुद्धिजीवी, जग्गाधनी र राजनीतिक मानिसहरूसँग छलफल गर्ने गतिलै सर्वेक्षण दक्षता आवश्यक हुन्छ तर सर्वेक्षणका लागि तयार गरिएका प्रवेशिका उत्तीर्ण सदस्यहरूसँग यस्तो दक्षता पाउन सम्भव भएन।

शोधकर्ताहरूबाट बाँके जिल्लाका केही कमैयाहरूबीच मस्यौदा प्रश्नावलीको पूर्व परीक्षण गरियो र अन्तिम रूप दिनुअघि सुधारहरू गरियो।

सामान्यतः प्रश्नावलीसम्बन्धी कार्य राति कमैयाहरूले आफ्ना कामहरू सकेपछि मात्र गर्नुपरेको थियो। सर्वेक्षणको समय संयोगवश वर्सादमा परेकाले कमैयाहरूको अन्तरवार्ता लिन समय मिलाउनु पनि निकै कठिन परेको थियो। स्थानीय चुनावको कारणले समेत सर्वेक्षणको कार्यमा बाधा पुग्न गयो र यो अध्ययन पूरा हुन ढिलो भयो।

सर्वेक्षणहरु

गणकको रूपमा थारू भाषा बोल्ने स्थानीय युवाहरू नै तथ्यांक संकलनमा भर्ना गरियो। सबै जिल्लाका गणकहरू माध्यमिक विद्यालयको शिक्षा पूरा गरेका नै थिए। शोधकर्ताहरूबाट ४-५ दिनको तालिम गणकहरूलाई प्राप्त भयो। हरेक जिल्लाको सर्वेक्षण समूहको नेतृत्व स्थानीय तहबाटै लिइएका फिल्ड सुपरिवेक्षकहरूलाई दिइयो। सर्वेक्षण कार्यको स्तर अनुगमन इन्सेकका फिल्ड कार्यालयहरूमार्फत् गरियो।

प्रस्तावित अनुसन्धानको तुलनामा प्रतिवेदनमा थपिएका कुरा र सीमा

अनुसन्धानको क्रममा प्रस्तावितभन्दा थप कुराहरू पनि प्राप्त भएका जोडिए र कतिपय कुरा हटाउनुसमेत पऱ्यो। थप कुराहरू :

(क) गैरसरकारी संस्थाहरू र सरकारले गरेका विकासमूलक हस्तक्षेपहरूको छोटो पुनरावलोकन र कमैया समस्यासँग सान्दर्भिक कानुनी र अन्य पक्षहरू तेस्रो परिच्छेदमा राख्विएको छ। यो विश्लेषण कमैया प्रथालाई अस्तित्वमा राख्ने समष्टिगत वातावरण बुझ्न निकै उपयोगी हुन सक्छ। यो विश्लेषण र फिल्डबाट प्राप्त तथ्य विवरणहरू पाँचौं परिच्छेदमा प्रस्तुत नीतिगत सुझाव विकसित गर्न आधार बनेका छन्।

(ख) कमैया प्रथा मूलतः थारू जातिमा केन्द्रित छ। तसर्थ दोस्रो परिच्छेदमा थारू जाति र अन्य जातीय समूहहरूबीच रहेका समानता र अन्तरहरू तथा थारू समूहभित्रै पनि विभिन्न जिल्लामा रहेका समानता र फरकहरू बुझ्न यो तुलनात्मक विश्लेषण उपयोगी छ।

सीमाहरु :

प्रस्तावित गरिएको भए पनि निम्न कामहरू सम्पन्न हुन सकेनन् :

(क) कमैयाहरूका विशेष मामिला (केस स्टडी) अध्ययनको काम हुन सकेन। त्यसैगरी गाउँ स्तरीय जानकारी संकलनको योजना पनि स्थगित गर्नु पऱ्यो। गणकहरूको क्षमतालाई विचार गरी त्यसो गर्नुपरेको हो। पारिवारिक प्रश्नावलीमा नै जोड दिइयो, जसलाई उपयुक्त तालिमपछि माध्यमिक

विद्यालयको शिक्षा प्राप्त गणकहरूले सजिलै प्रयोग गर्न सकें। सर्वेक्षणको समय पनि अलिक अप्ठ्यारो नै थियो। स्थानीय तहको निर्वाचनले गर्दा गाउँ स्तरीय भेला गर्न पनि सम्भव थिएन। शोधकर्ताहरूको के ठहर छ भने प्रश्नावलीले कमैयाहरूको स्थितिको गहिराइका साथ र समय अनुसार स्थितिको तुलनात्मक अध्ययनसमेतबाट कमैया समस्यालाई राम्रैसँग समेटेको छ।

(ख) प्रस्ताव गरेअनुसार गाविस छनौट गर्दा विकासमूलक हस्तक्षेप भए नभएको कुरालाई पनि ध्यान दिनुपर्ने थियो। तर, कमैया प्रथाको प्रभाव के कस्तो छ भन्नेबारे स्थानीय सोचाईअनुसार गाविसको छनौट गरियो। यसर्थ उपलब्ध तथ्यांकबाट हस्तक्षेप भएका र नभएका अवस्थाको तुलनात्मक विश्लेषण सम्भव छैन। छानिएका सूचकहरूका आधारमा तथ्यांकले कमैयाहरूको पहिलेको र अहिलेको अवस्था तुलना गर्न भने सहयोग गरेको छ।

प्रतिवेदनको क्रमबद्धता

दोस्रो परिच्छेदमा कमैया प्रथा क्रियाशील रहेको वातावरण प्रष्ट पार्नका लागि थारू र अन्य जातीय समूहको तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ। विभिन्न जिल्लाहरूमा थारू जनसंख्याको सामाजिक, आर्थिक अवस्थाको पनि तुलनात्मक विश्लेषण गरिएको छ। खासै भन्ने हो भने कमैया प्रथा थारू जातिमा केन्द्रित छ र गैरथारू जनसंख्यामा यो प्रथाको असर न्यूनतम छ। तेस्रो परिच्छेदमा सरकारी र गैरसरकारी संस्थाहरूका गतिविधिहरूको पुनरावलोकन र विश्लेषण गरिएको छ। चौथो परिच्छेदमा २०५४ को कमैया अवस्थाबारे विश्लेषण गरिएको छ। यसमा इन्सेकले सर्वेक्षण गरेका ३ जिल्लालगायत आठवटा जिल्लाको कमैया प्रथाका सामान्य विशेषताहरू खोतलखातल गरिएको छ। पाँचौं परिच्छेदमा २०४८ र २०५४ को कमैयाहरूको अवस्थाको तुलनात्मक विश्लेषण गरिएको छ। यो तुलना इन्सेकको २०४८ को तथ्यांक अनुकूल रोजगारी, शिक्षा र ऋण स्थितिमा सीमित रहेको छ। अन्तिम परिच्छेदमा निष्कर्षहरू, नीति र विकास रणनीति पेश गरिएको छ।

परिच्छेद दुई

नेपालमा थारू जनसंख्या

परिचय

मध्य र सुदूर पश्चिम तराईको थारू जातिमा कमैया प्रथा केन्द्रित छ। थारू समुदाय देशका अल्पसंख्यक जनजातिहरूमा निकै धेरै संख्या भएको समुदाय हो। यो समुदाय तराईको आदिवासी समुदाय हो। र, औलोबाट संघर्ष गरी सुरक्षित रहेका थोरै जातीय समूह मध्ये एक हो। उनीहरू नेपालको दक्षिणी सीमावर्ती तराई क्षेत्रमा प्राचीन समयदेखि बसोबास गरेका हुन्। वास्तवमा उनीहरू यस्तो महिला समूहबाट विकसित हुन्, जसले औलोविरूद्ध प्राकृति प्रतिरोध विकास गरेको हुनुपर्छ भनिन्छ। बसाईको क्षेत्रको आधारमा पश्चिम नेपालमा थारू जातिका दुई समूह पाइएका छन्- डंगौरा र राना। कर्णाली पारी राना र कर्णाली वारी डगौराको ठाउँ मानिने भएकाले कर्णाली नदीले सीमानाको काम गरेको मानिन्छ। दाङबाट फैलेकालाई "डंगौरा" भनिएको देखिन्छ।

थारू समुदायबारे धेरैवटा अध्ययनहरू गरिएका छन्। तर, धेरैजसो स्थान विशेषसम्म सीमित छन् र सँस्कृति, धर्म र समाजसँग मात्र सरोकार राख्वेका पाइन्छन्। स्वभावैले अध्ययनहरू थारू जनसंख्याको क्षेत्रीय विभिन्नतालगायत समग्र वितरण स्थिति र सामाजिक आर्थिक अवस्थाको पूर्ण विवरण दिन विफल छन्। त्यसकारण थारू जनसंख्या र त्यसको वितरणसम्बन्धी जानकारीको स्रोत यस अध्ययनमा दश दश वर्षमा गरिने जनगणना नै रहेको छ। २००९ साल यताका ५ वटै जनगणनाहरूमा हालसम्मको सबैभन्दा पछिल्लो २०४८ को जनगणनाले मात्र जातीय समूहहरूबारे जानकारी संकलन गरेको छ। अघिल्ला जनगणनाहरू मातृ भाषाको बारेमा मात्र जानकारी लिएकाले थारूजस्ता जातीय समूहहरूको जनसंख्या बताउन ती जनगणनाहरू असफल रहेका छन्।

२०४८ को जनगणनाले देशमा थारू जनसंख्या ११ लाख ९० हजार देखाएको छ। जसमा ५०.३० प्रतिशत पुरूष र ४९.७ प्रतिशत महिला छन्। देशको कूल जनसंख्यामा थारू समुदाय ६.५ प्रतिशत रहेको छ। जम्मा ६० वटा जति जनजाति समुहहरूमध्ये यो जनगणनाअनुसार कूल जनसंख्याको आकारका दृष्टिले थारू चौथो हुन पुगेको छ। प्रथम तीन जातिहरूमा क्षेत्री (१६.० प्रतिशत), पहाडका बाहुन (१२.९

प्रतिशत) र मगर (७.२ प्रतिशत) देखिएका छन्। २०५२ को नेपाल जीवनस्तर सर्वेक्षणबाट प्राप्त जानकारीको आधारमा थारूहरूमा गरीवीको प्रतिशत ४८ प्रतिशत छ, जुन राष्ट्रिय स्तरमा गरीवीको प्रतिशत (४५) भन्दा पनि बढी छ। यसै स्रोतबाट के पनि थाहा हुन्छ भने थारू समुदायमा परिवारको औसत आकार राष्ट्रिय औसत ५.५ प्रतिशत तुलनामा ७ प्रतिशत रहेको छ। औसत पारिवारिक आकारलाई गरीवीको कोणबाट हेर्दा गरीवी रेखामुन्तिरको थारू परिवारको ८.६ र गरीवी रेखामास्तिरको ७.० प्रतिशत रहेको छ।

दृष्टिकोण

समष्टिगत रूपमा थारू समुदायको सामाजिक, आर्थिक अवस्थाहरूबारेमा धेरै कम कुरा जानकारीमा आएको छ। सामान्यतः थारूहरू नेपालमा अवसरहरूबाट वञ्चित जातीय समूहका मानिन्छन्। यो मान्नुको मूल कारण तराईमा र मुख्यतः थारू समुदायमा अस्तित्वमा रहेको बाँधाश्रम प्रणाली हो। अहिलेको उपलब्ध तथ्यांकको आधारमा सामाजिक, आर्थिक अवस्था र बाँधाश्रमको ठीक अनुमान दिन पर्याप्त छैन। यद्यपि २०४८ को जनगणनाले थारूहरूको अवसर वञ्चित स्थिति विश्लेषणका लागि सहायक हुन सक्ने केही तथ्यांक दिएको छ।

यस परिच्छेदको लक्ष्य पनि २०४८ को जनगणनाको तथ्यांकका आधारमा थारू जनसंख्याको सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गर्नु हो। अवस्थाको विश्लेषण यस अर्थमा महत्वपूर्ण छ कि यसबाट एउटै क्षेत्रमा बसोबास गर्ने थारू र गैरथारूहरूको सामाजिक, आर्थिक अवस्थाको तुलनात्मक मूल्यांकन हुन्छ। त्यसैगरी, थारूहरू तराईभरि नै फैलिएका हुनाले क्षेत्रीय विभिन्नता पनि अध्ययनको महत्वपूर्ण पक्ष हो। थारूहरूले जीवनयापन गरिरहेको समग्र सामाजिक, आर्थिक परिवेश पूर्वी र पश्चिमी तराईमा फरक फरक छ। यो अन्तरको एउटा उदाहरण कमैया प्रथा पनि हो जो पूर्वमा छैन र पश्चिममा व्याप्त छ।

बसोबासको केन्द्रीकरण

थारूहरू तराईमा नै केन्द्रित छन्। पहाडी र हिमाली क्षेत्रमा उनीहरूको अनुपात नगण्य छ। २०४८ को जनगणनाअनुसार थारू जनसंख्याको ९७.३ प्रतिशत पहाडी क्षेत्रमा र ०.१ प्रतिशत हिमाली क्षेत्रमा बसोबास गरेको देखिन्छ। थारूहरू तराईको कूल जनसंख्याको १३.५ प्रतिशत पहाडको जनसंख्याको ०.४ प्रतिशत र हिमाली जनसंख्याको ०.१ प्रतिशत भाग ओगट्छन्। जनसंख्याको सबैभन्दा ठूलो केन्द्रीकरण मध्यपश्चिम

तराईमा र त्यसपछि सुदूर पश्चिम तराईमा रहेको छ। तराईको थारू जनसंख्यामा मध्यपश्चिमले एक चौथाई भन्दा बढी र सुदूरपश्चिमले लगभग एक चौथाई गरी जम्मा ५०.६ प्रतिशत भाग ओगटेका छन् (रेखा चित्र १)। त्यस्तै पूर्वी र मध्यतराईमा थारू जनसंख्याको अनुपात क्रमशः १९.६ प्रतिशत र १५.० प्रतिशत रहेको छ। पाँचै क्षेत्रमध्ये पश्चिम तराईमा थारू जनसंख्याको केन्द्रीकरण न्यूनतम (१४.९ प्रतिशत) देखिन्छ।

रेखा चित्र १ : तराईका पाँचक्षेत्रमा थारु जनसंख्याको बसोबास केन्द्रीकरण



जिल्ला वा क्षेत्रमा कूल जनसंख्यामा थारू जनसंख्याको आनुपातिक हिस्सेदारी अझ महत्वपूर्ण हुन्छ। यसले सम्बन्धित जिल्ला वा क्षेत्रमा उनीहरूको संख्यात्मक महत्वको बढी यथार्थ चित्र प्रस्तुत गर्दछ। क्षेत्रकै सन्दर्भमा, सुदूरपश्चिम तराई (कैलाली र कंचनपुर) थारू जनसंख्याको सबैभन्दा बढी केन्द्रीकरण छ। मध्य पश्चिम तराई (दाङ, बाँके र बर्दिया) को कूल जनसंख्यामा थारूहरू एक तिहाई छन्। त्यस्तै पश्चिम तराई (नवलपरासी, रूपन्देही र कपिलवस्तु), पूर्वी तराई (झापा, मोरङ, सुनसरी, सप्तरी र सिराहा) र मध्य तराई (धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट र चितवन) मा क्षेत्रीय जनसंख्याको क्रमशः १३.० प्रतिशत, ८.६ प्रतिशत र ५.६ प्रतिशत थारूहरू पर्दछन्। (रेखाचित्र २)। महत्वपूर्ण कुरा के छ भने पश्चिमी, मध्यपश्चिमी र सुदूरपश्चिमी तराईमा कुनै पनि जाति/जनजाति समूहको एकल जनसंख्या थारू समूहको जाति घेरै छैन।

रेखाचित्र : २ तराइका पाँच क्षेत्रमा थारु जनसंख्याको अनुपात



क्षेत्रहरूभित्र थारू जनसंख्याको तुलनात्मक अनुपात भने फरक फरक छ। सुदूरपश्चिम तराईमा थारूहरूको अनुपात उच्चतम छ। यद्यपि उच्चतम अनुपात भएको जिल्ला भने मध्यपश्चिम तराईमा पर्दछ। जिल्ला स्तरमा बर्दिया थारूहरूको सबैभन्दा ठूलो अनुपात रहेको जिल्ला हो, यहाँ जिल्लाको कूल जनसंख्यामा ५२.८ प्रतिशत थारूहरू छन्। यसपछि क्रमशः कैलाली, दाङ, कंचनपुर र नवलपरासी जिल्लाहरू पर्दछन्। (रेखात्रि ३)। थारू जनसंख्याको सबैभन्दा कम अनुपात धनुषामा देखिन्छ। अन्य न्यून अनुपात भएका जिल्लाहरू झापा, महोत्तरी, सर्लाही, सिराहा र रौतहट हुन्।

रेखाचित्र : ३ वीस वटा तराई जिल्लामा थारू जनसंख्याको अनुपात



साक्षरताको स्थिति

गरीवी एउटा बहुरूपी परिदृश्य हो। यसमा साक्षरता पनि एक मानिन्छ। जाति/जनजाति समूहको अवसर पाएको र वञ्चित रहेको स्थिति मापन गर्न "साक्षरता" उपयोगी हुन्छ। उच्च निरक्षरता वा न्यून साक्षरता विद्यमान छ भने यो तुलनात्मक रूपले अवसर वञ्चित स्थितिको सूचक हो।

थारू र गैरथारू जनसंख्याको साक्षरता स्थितिको तुलनात्मक विश्लेषणले थारूहरूमा साक्षरता दर[१] न्यून रहेको देखाउँछ। यो दर थारू जनसंख्यामा २७.३ प्रतिशत र गैरथारू जनसंख्यामा ३७.७ प्रतिशत छ। दशविन्दुभन्दा बढीको यो अन्तरले धेरै फरक पारेको देखिन्छ। उदाहरणको लागि, उर्द्धमुखी गतिशीलता, उत्पन्न आर्थिक अवसरबाट फाइदा लिने क्षमता र स्वास्थ्यसम्बन्धी चेतनामा थारू र गैरथारू समूहबीचको अन्तर साक्षरता स्थितिको अन्तरबाट उत्पन्न मान्न सकिन्छ।

साक्षरतामा क्षेत्रीय अन्तर पनि धेरै नै छ। यो दर १९.९ प्रतिशत देखि ३९.४ प्रतिशतसम्म छ। यो पूर्वबाट पश्चिमतिर क्रमशः घट्दै गएको देखिन्छ (रेखाचित्र ४)। साक्षरतास्तर सुदूर र मध्यपश्चिम तराईमा निकै न्यून (२० प्रतिशत भन्दा कम) पश्चिम र मध्यतराईमा सामान्य (३०-३२ प्रतिशत) र पूर्वीतराईमा तुलनात्मक रूपले उच्च (झण्डै राष्ट्रिय औसत ४० प्रतिशत बराबर) रहेको छ। यसले के प्रकट गर्छ भने शिक्षाको सन्दर्भमा पश्चिम तराईका थारूहरू पूर्वीतराईका थारूहरूभन्दा बढी वञ्चित अवस्थामा छन्।

---

[१] ६ वर्ष र त्योभन्दा माथिको कूल जनसंख्यामा साक्षर जनसंख्याको अनुपात।

रेखाचित्र ४ : तराईका पाँचै क्षेत्रमा थारु र गैरथारु जनसंख्याको साक्षरता दर



थारूहरूबीच पनि साक्षरतामा क्षेत्रीय अन्तर निकै ठूलो छ. तर थारू र गैरथारूबीचको अन्तर झन ठूलो छ। पूर्वबाट पश्चिमतर्फ जति बढ्दै गयो, यो अन्तर झन् बढेको देखिन्छ। सुदूरपश्चिम तराईमा यो अन्तर चरममा (झण्डै २४ प्रतिशत बिन्दुले) पुगेको पाइन्छ। मध्यतराई भने अपवाद नै हो. जहाँ साक्षरता स्तर गैरथारूको भन्दा थारूको उच्च छ। मध्यपश्चिम तराईमा यो अन्तर २२ प्रतिशत बिन्दुमा छ। यसरी थारूहरू गैरथारूभन्दा निरन्तर पछाडि परेका छन्। विश्लेषणले के संकेत गर्छ भने शैक्षिक दृष्टिले थारूहरू गैरथारूभन्दा वञ्चित छन् र स्थिति पश्चिमतिर झन् खराब छ। मुख्य रूपले मध्यपश्चिम र सुदूरपश्चिम तराईमा।

उमेरको ढाँचामा बाल निर्भरता

जनसांख्यिक हिसाबले हेर्दा गैरथारूभन्दा थारू जनसंख्या कम उमेरको देखिन्छ। यसको एउटा सूचक ०-१४ वर्षे उमेर समूहको अनुपात हो। अरू जाति-समूहसँग तुलना गर्दा यो उमेर समूहका केटाकेटी थारू जातिमा धेरै छन्। तराईको कूल थारू जनसंख्यामा १५ वर्षमुनि ४४.७ प्रतिशत जनसंख्या छ भने गैरथारू

जनसंख्यामा यो प्रतिशत ४२.३ मात्र छ। अर्कोतिर वयस्क अथवा उत्पादक जनसंख्या (१५-६४ वर्षे उमेर समूह) को अनुपात थारूहरूमा कम र गैरथारूहरूमा बढी छ। उदाहरणका लागि, वयस्क थारूहरूको अनुपात ५२.७ प्रतिशतमात्र छ भने गैरथारूहरूमा वयस्कको अनुपात ५४.५ प्रतिशत छ। गैरथारूको तुलनामा थारू जनसंख्यामा बालबालिकाको उच्च अनुपात र उत्पादक जनसंख्याको न्यून अनुपातले उत्पादक जनसंख्यालाई बालबालिकाको बढी भार परेको स्पष्ट छ। यसको असर गरीवी, बालश्रम, बाल निरक्षरता र शिशु मृत्यु दरमा स्पष्ट देखिन्छ। यस सन्दर्भमा "बाल निर्भरता अनुपात"[१] सबैभन्दा उपयुक्त सूचक हो। जसले उत्पादक जनसंख्याले बहन गर्नुपर्ने बालबालिकाको भारलाई मापन गर्दछ। उच्च अनुपातले अधिक भार र न्यून अनुपातले कम भार देखाउँछ। थारूमा यो अनुपात ८४.८ र गैरथारूहरूमा ७७.६ रहेको छ।

थारू समुदायमा पनि बाल निर्भरता अनुपातमा क्षेत्रीय विभिन्नता घेरै छ। पूर्वी तराईमा यो अनुपात ७०.३ छ भने सुदूरपश्चिम तराईमा ९४.८। यसरी बाल निर्भरता अनुपात पनि पूर्वबाट पश्चिमतिर क्रमशः बढ्दै गएको छ (रेखाचित्र ५)। यसले के देखाउँछ भने उत्पादनशील जनसंख्यामाथि बालबालिकाको भार पूर्वमा भन्दा पश्चिममा बढी छ। मध्य र सुदूरपश्चिमको अवस्था पनि चिन्ताजनक नै छ।

रेखाचित्र ५ : तराईका पाँच क्षेत्रमा थारु र गैरथारु समूहमा बालनिर्भरता अनुपात



[१] १५-६४ वर्ष उमेरको जनसंख्यामा ०-१४ वर्ष उमेरको जनसंख्याको अनुपात।

पूर्वी तराईमा बाहेक अरू चारैवटा क्षेत्रमा गैरथारू समूहमा भन्दा थारू समूहमा उच्च र बढ्दै गएको बाल निर्भरता अनुपात छ। यसको प्रभाव श्रमशक्ति सहभागितामा पर्दछ। गैरथारूमा भन्दा थारू समुहमा उच्च आर्थिक गतिविधिको सम्भाव्यता यसले प्रकट गर्दछ।

श्रम सहभागिता

श्रम सहभागिता दर[३] थारूहरूमा ५४.८ प्रतिशत र तुलनामा हेर्दा गैरथारूहरूमा ४६.९ प्रतिशत र तराईको ४८.६ प्रतिशत छ। तराईका हरेक क्षेत्रमा गैरथारू समूहको भन्दा थारू समूहको श्रम सहभागिता दर उच्च छ (रेखाचित्र छ)। थारू र गैरथारू समूहको दरमा अन्तर मध्यपश्चिम तराईमा सबैभन्दा बढी छ (थारूहरूमा ५८.७ प्रतिशत र गैरथारूमा ४६.५ प्रतिशत) र सुदूरपश्चिम तराईमा सबैभन्दा कम छ।

रेखाचित्र ६ : तराईका पाँच क्षेत्रमा थारु र गैरथारु समूहको श्रम सहभागिता दर



अध्ययनहरूले के देखाएका छन् भने श्रम सहभागिता दर परिवारहरूको आय स्तरको प्रतिबिम्ब हो। सामान्यतः न्यून आय समूहमा यो उच्च हुन्छ र उच्च आय समूहमा भने न्यून हुन्छ। तसर्थ थारूहरूमा उच्च श्रम सहभागिता दर हुनु उनीहरूको न्यून आय स्तरको लक्षण हो। साथै उच्च बाल निर्भरता अनुपातले उत्पादनशील जनसंख्यामा थप भार लाद्ने गर्छ। ठूलो पारिवारिक आकार र १०-१४ वर्षे उमेरका

---

३ २० वर्ष र माथिको उमेरको आर्थिक रूपले सक्रिय जनसंख्याको त्यही उमेर समूहको कूल जनसंख्यासँगको अनुपात।

केटाकेटीको खेतीका काममा अत्यधिक सहभागिताको साझा परिणाम थारू समुदायमा उच्च श्रमशक्ति सहभागिता दर हो।

कृषिमा श्रम सहभागिता

थारूहरूको मुख्य आर्थिक गतिविधि खेती नै हो। २०४८ को जनगणनाअनुसार थारूहरूमा कृषिमा श्रम सहभागिता[४] ८२.८ प्रतिशत छ। यो अनुपात गैरथारू समूहमा ७२.५ प्रतिशतमात्र छ। मध्यपश्चिमका थारूहरूको कृषिश्रम सहभागिता दर उच्चतम (८८ प्रतिशत) र पूर्वका थारूहरूको न्यूनतम (७१.६ प्रतिशत) रहेको छ।

थारू र गैरथारू जनसंख्याको तुलना गर्दा तराईका सबै क्षेत्रमा गैरथारूहरूमा भन्दा थारूहरूमा कृषिमा श्रम सहभागिता उच्च देखिन्छ (रेखाचित्र ७)। दुई समूहबीचको दूरी मध्यपश्चिममा सबैभन्दा बढी छ।

रेखाचित्र ७ : तराईका पाँच क्षेत्रमा थारु र गैरथारुहरुमा कृषिमा श्रम सहभागिता दर



---

४ १० वर्ष र माथिको उमेरको कृषिमा संलग्न जनसंख्याको त्यसै उमरेको कूल आर्थिक रूपले सक्रिय जनसंख्यासँगको अनुपात।

कृषि थारूहरूको मुख्य पेशा भएकोले थारू र गैरथारूहरूको तुलना खेती गरिने जग्गासँग सम्बन्धित सूचकहरूबाट गर्नु अझ उपयुक्त हुन्छ। गरीबी विश्लेषणमा सामान्यत यस्ता ४ वटा सूचकहरूको प्रयोग गरिन्छ।

(क) आफ्नो र अर्काको जोतको जग्गा

(ख) सीमान्त किसानहरूको आनुपातिक अंश

(ग) औसत जोतको आकार

(घ) खेती गर्ने जग्गाको वितरणमा गिनी केन्द्रिकरण अनुपात (जी सी आर)

दुर्भाग्यवश, उपलब्ध तथ्यांक जिल्लास्तरमा औसत गरिएको रूपमा छ र जाति-जनजाति समूहको आधारमा मूल्यांकन गर्न नसकिने खालको छ। थारू र गैरथारू विभाजनबाट निरपेक्ष रही विद्यमान तथ्यांकको आधारबाट माथिका चार सूचकमा आधारित क्षेत्रीय विश्लेषण भने संभव छ। खेती गर्ने जग्गाको स्वामित्वको सन्दर्भमा गैरथारूभन्दा थारूहरू वञ्चित समूह हुन् भन्ने पर्याप्त आधार क्षेत्रीय विश्लेषणबाट चार सूचकको आधारमा पाउन पनि सकिन्छ।

मध्यपश्चिम तराईमा बाहेक स्वामित्वको र जोतेको जग्गाको प्रतिशत पूर्वबाट पश्चिमतर्फ क्रमशः बढ्दै गएको पाइन्छ। थारू केन्द्रित क्षेत्रहरूमा सीमान्त कृषि परिवारहरूको आनुपातिक अंश पनि खेती गर्ने जग्गा वितरणमा रहेको विषमताको राम्रो सूचक हो। सतहमा हेर्दा तराईमा चार कृषि परिवारमा एक सीमान्त पाइन्छ र मध्यतराईमा बाहेक सबै तराई क्षेत्रमा सीमान्त कृषि परिवारको आनुपातिक अंश लगभग समान छ (तालिका २:१०)। यसरी नै मध्यतराईमा बाहेक तराईका सबै क्षेत्रहरूमा जोतको औसत आकार पनि उस्तै उस्तै छ। जोतेको जग्गाको गिनी केन्द्रीकरण अनुपात (जी. सी. आर.) पूर्वी र मध्यतराईको भन्दा मध्यपश्चिम, पश्चिम र सुदूरपश्चिम तराईको केही कम छ, यसले के देखाउँछ भने पश्चिममा खेती गरिने जग्गाको वितरण तुलनात्मक रूपले कम मिलेको अर्थात् विषम ढंगको छ। यी चारैवटा सूचकहरूलाई हेर्दा भूमिको उपलब्ध तथ्यांकले गैरथारूभन्दा थारूहरू वञ्चित समूह हुन् भन्ने मान्यतालाई न पुष्टि गर्न सकिन्छ न त अस्वीकार।

तालिका २:१ : तराईका पाँच क्षेत्रमा खेती गर्ने जग्गाको स्वामित्व, सीमान्त कृषि परिवारहरुको आनुपातिक अंश, जोतको औसत आकार र गिनी केन्द्रीकरण अनुपात

क्षेत्र	स्वामित्वको र जोतेको जग्गाको प्रतिशत	सीमान्त कृषि परिवारहरुको आनुपातिक अंश (प्रतिशतमा)	औसत जोतको आकार (हेक्टरमा)	जी.सी.आ र.
पूर्वीतराई	८३.१	२४.४	१.३५	०.५५२३
मध्यतराई	८८.०	३३.६	१.०५	०.५५५६
पश्चिमतराई	९१.०	२७.१	१.२८	०.५२५६
मध्यपश्चिम तराई	८३.८	२३.४	१.३५	०.५१२९
सुदूरपश्चिम तराई	९५.४	२५.७	१.३४	०.५१७३

(स्रोत : कृषि गणना २०४८ बाट)

श्वेतपोश श्रममा सहभागिता

श्वेतपोश श्रममा (जस्तै पेशागत/प्राविधिक, प्रशासनिक/ल्करिकल र विक्रीसम्बन्धी कामहरू) थारूहरूको सहभागिता न्यूनतम छ। श्वेतपोश श्रमशक्ति (४) मा २.३ प्रतिशत थारूहरू र ७.९ प्रतिशत गैरथारूहरूको संलग्नता छ। पूर्व र पश्चिममा क्षेत्रीय विभिन्नता पनि ठूलो छ। पूर्व र पश्चिममा क्षेत्रीय विभिन्नता पनि ठूलो छ। श्वेतपोश श्रमशक्तिमा थारूहरूको अनुपात पूर्वी तराईमा ४.८ प्रतिशतसम्म र मध्यपश्चिममा १.० प्रतिशत भन्दा पनि कम पाइन्छ (रेखाचित्र ८) पश्चिम, मध्यपश्चिम र सुदूरपश्चिममा यो दर २ प्रतिशतभन्दा तल छ। रोचक तथ्य के छ भने मध्यपश्चिम तराईमा श्वेतपोश गतिविधिमा थारूहरूको सहभागिता अनुपात न्यूनतम छ। तर, गैरथारूहरूको भने यसै क्षेत्रमा सहभागिता दर अधिकतम छ।

रेखाचित्र ८ : तराईका पाँच क्षेत्रमा श्वेतपोश गतिविधिमा थारु र गैरथारु समूहको श्रमसहभागिता



निष्कर्ष

सङ्ख्याको हिसाबले थारूहरू तराईमा सबैभन्दा ठूलो जातीय समूह ठहर्दछन् र उनीहरूको आकारसँग अरू कुनै जाति/जनजाति समूह तुलनीय छैन। मध्यपश्चिम तराईमा अङ्कले नै विशाल र सुदूरपश्चिममा उनीहरू अनुपातले विशाल छन्। बर्दिया, कैलाली, दाङ र कञ्चनपुर यस्ता जिल्ला हुन् जहाँ थारूहरू सङ्ख्या र अनुपात दुबै हिसाबले बढी छन्। तथापि उच्च निरक्षरता, बाल जनसङ्ख्या धेरै भएको उमेर-ढाँचा, उच्च बाल निर्भरता अनुपात, उच्च आर्थिक गतिविधि दर, कृषिमा श्रम सहभागिता उच्च, श्वेतपोश श्रममा न्यून सहभागिता आदिले एकल वा संयुक्त दुवै किसिमले गैरथारूभन्दा थारू समुदायलाई वञ्चित र लाभविहीन अवस्थामा पुऱ्याएका छन्।

पूर्वको तुलनामा पश्चिममा थारूहरूको सामाजिक, आर्थिक अवस्था अझ खराब छ। पूर्वी र मध्यतराईको तुलनामा सुदूरपश्चिम, मध्यपश्चिम र पश्चिम तराईमा निरक्षरता, उच्च बाल अनुपात र न्यूनवयस्क अनुपात, निर्भरता अनुपात, कृषिमा श्रम सहभागिता, आर्थिक गतिविधि दर, श्वेतपोश श्रममा ज्यादै न्यून सहभागिताजस्ता सूचकहरू झन् खराब अवस्था देखाउँछन्।

विद्यमान तथ्याङ्क आधार पश्चिममा थारूहरूको वञ्चित र लाभविहिनताको अवस्थालाई व्यापक बाँधाश्रमको अवस्थासँग सूत्र जोड्ने कुरामा कमजोर नै छ। तर, यी क्षेत्रहरूमा थारू समुदाय सबैभन्दा वञ्चित र लाभविहीन अवस्थामा छन् भन्ने

कुराले उनीहरूको सामाजिक, आर्थिक अवस्था र बाँधाश्रमबीचको सम्बन्धबारे थप अनुसन्धानको माग गर्दछ।

परिशिष्ट तालिका १ : आठ तराई जिल्लामा थारु र गैरथारुहरुको वञ्चितावस्थाको झलक

जिल्ला	जनसङ्ख्यामा अनुपात		साक्षरता दर		वालनिर्भरता अनुपात		श्रमसहभागिता दर		कृषिश्रम शक्तिको अनुपात		श्वेतपोश श्रमशक्तिको अनुपात	
	थारू	गैर थारू	थारू	गैर थारू	थारू	गैर थारू	थारू	गैर थारू	थारू	गैर थारू	थारू	गैर थारू
नवलपरासी	१६.९	८३.१	३५.४	३९.७	८४.४	८४.२	६१.७	५६.५	८६.४	८३.३	२.१	४.२
रूपन्देही	१०.७	८९.३	३१.६	४०.८	८१.८	७७.८	५१.२	४५.९	८५.१	७५.६	२.१	९.१
कपिलवस्तु	११.८	८८.२	२२.७	२९.३	८२.७	७६.८	६१.८	५१.९	८३.१	८०.१	१.२	५.४
दाङ	३१.५	६८.५	२४.९	४६.३	९४.१	८७.१	५९.७	४९.७	८६.६	७६.५	०.९	७.२
बाँके	१६.०	८४.०	१७.४	३७.५	९०.७	७६.६	६२.४	४४.४	८९.४	६२.०	१.१	१३.०
बर्दिया	५२.८	४७.२	७२.२	४२.४	९१.५	८५.१	५५.९	४४.८	८८.७	७४.८	०.९	८.१
कैलाली	४९.५	५०.५	१९.१	४०.७	९५.९	९१.१	५१.३	४७.४	८४.१	७५.४	१.६	९.५
कञ्चनपुर	२७.४	७२.६	२२.२	४७.३	९१.८	८७.१	५४.१	५०.६	९४.६	८१.०	१.१	६.६

(स्रोत : जनगणना २०४८ बाट गणना गरिएको)

परिच्छेद तीन

विकासमूलक हस्तक्षेप र कमैया प्रथा

परिचय

इन्सेकजस्ता गैरसरकारी संस्थाहरूको बलियो वकालतपछि, बाँधाकमैया समस्याले सरकार र गैरसरकारी संस्थाहरूमा जरो गाडेको छ। कमैयाहरूलाई सहयोग गर्ने गतिविधिहरू तीव्र भएका छन्। यसका अतिरिक्त नीति र अन्य कुरामा धेरै परिवर्तनहरू आएका छन् र यसबाट कमैया प्रथामाथि प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ। यस परिच्छेदमा यस्ता लक्षित प्रयत्नहरूको पुनरावलोकन गरिएको छ। पहिलो, विभिन्न अध्ययनहरूले देखाएको कमैयाहरूको सङ्ख्याले कमैया प्रथालाई प्रष्ट रूपमा प्रस्तुत गर्दछ। यो अध्ययन नमुना जानकारीमा आधारित भएकोले यो परिच्छेदको कमैयाहरूको सङ्ख्यात्मक फैलावबारेको जानकारी महत्वपूर्ण हुन पुगेको छ। यद्यपि यसमा पाँच जिल्लाको मात्र जानकारी प्रस्तुत गरिएको छ किनभने यस्तो जानकारी कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लाहरूको उपलब्ध छैन।

कमैयाहरुको सङ्ख्या

कमैया प्रथा तराईको मध्यपश्चिम र सुदूरपश्चिमका पाँच जिल्लामा अस्तित्वमा छ भनिन्छ। यिनै पाँच जिल्लामा केन्द्रित भएर यस प्रथाका बारेमा धेरै सर्वेक्षणहरूले प्रतिवेदन दिएका छन्। सामान्यतः धेरै लेखाईहरूमा कमैयाहरूको सङ्ख्या ४० हजार लेख्ने गरिन्छ। तैपनि विभिन्न स्रोतहरूले विभिन्न सङ्ख्या देखाएका छन्। तालिका ३.१ मा ४ वटा स्रोतहरूबाट प्राप्त सङ्ख्या प्रस्तुत गरिएको छ।

इन्सेकले २०४८ मा कञ्चनपुर, कैलाली र बर्दियामा कमैयाहरूको गणना नै गऱ्यो। यसको प्रतिवेदनले यी जिल्लाहरूमा १७,७२८ कमैया परिवार देखायो। हरेक परिवारको एउटा सदस्य कमैया बसेको मान्ने हो भने यो सङ्ख्या यी तीन जिल्लामा रहेको कमैया जनसङ्ख्याभन्दा न्यून अनुमान देखिन आउँछ।

तालिका ३.१ : पाँच जिल्लामा कमैया स'ख्या

क्र. सं.	स्रोत	वर्ष	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ्ग	जम्मा
१.	इन्सेक ०४८ (परिवार)	२०४८	१५७९	६९६४	९१८५			
२.	सुकुम्बासी आयोग कमैया परिवार	२०५१ (फागुन)	१६७३	६२४५	५४१९	१०६६	३०३२	१७४३५
	कमैया सङ्ख्या		२३८२	७९०२	९६१७	२०३७	३८२४	२५७६२
३.	भूमिसुधार विभाग परिवार	२०५२ (पौष)	१६४२	५५५७	५०३७	१०६०	१८५६	१५१५२
४.	कृषि गणना स्थायी कृषिश्रमिक	२०४८	३५४७	३०९५८	११५८०	४७६३	७९६७	५८८१५
५.	जनगणना आर्थिक रूपले सक्रिय कृषिश्रमिक	२०४८	७६१३८	१०८११९	८२३९९	६२८१३	१०३५७	४३१४८६
६.	(५) को प्रतिशतको रूपमा (२)		३.१२	७.३१	११.७०	३.२४	३.७७	५.९७

सुकुम्बासी समस्या समाधान आयोगले २०५१ मा पाँच जिल्लामा कमैया परिवारको सर्वेक्षण सम्पन्न गऱ्यो। यसले कमैया परिवारको सङ्ख्या १७४३५ र कमैया सङ्ख्या २५७६२ रहेको प्रतिवेदन पेश गऱ्यो। यसले के संकेत गर्दछ भने औसतमा हरेक कमैया परिवारमा १.५ कमैया पर्दछन्। बर्दिया र कैलाली कमैया समस्याले सबैभन्दा बढी ग्रस्त जिल्ला देखिएका छन्। जहाँ कमैया सङ्ख्या क्रमशः ९६१७ र ७९०२ रहेको छ।

भूमिसुधार विभागले २०५३ पौष-माघतिर कमैया परिवारको पुरै गणना गऱ्यो। यसको प्रतिवेदनले कमैया परिवार सङ्ख्या १५१५२ देखायो, जुन सुकुम्बासी आयोगको सङ्ख्यासँग मिल्दो देखिन्छ। पाँच जिल्लामध्ये कमैया समस्याग्रस्त मुख्य जिल्ला कैलाली र बर्दिया साबित भए। प्रति कमैया परिवार कमैया सङ्ख्या भने यस प्रतिवेदनले दिन सकेन र कमैयासँग जोडिएका श्रमिकहरूको सङ्ख्या पनि अनुमान गरेन। २०४८ को कृषि गणनाले कमैयाको बारेमा जानकारी दिएको छैन, तर कृषि

क्षेत्रका स्थायी श्रमिकहरूको सङ्ख्या भने देखाएको छ। यस गणनाको अनुसार कमैया र अन्य स्थायी श्रमिकलगायत पाँच कमैया जिल्लाका स्थायी कृषि श्रमिकहरूको कूल सङ्ख्या ५८,८१५ थियो।

तथ्याङ्कका सबै स्रोतहरूमध्ये सुकुम्बासी आयोगले दिएको तथ्याङ्क बढी विस्तृत छ। यसले कमैया परिवार र ती परिवारका कमैयाको सङ्ख्यासमेत दिएको छ। तथ्याङ्क संकलनको प्रक्रियामा पनि स्थानीय संगठनहरूको परिचालन र स्थानीय मानिसहरूको संलग्नता रहेको थियो। आयोगको प्रतिवेदन प्रकाशित भैसकेको छ। तर, भूमिसुधार विभागको भने प्रकाशनमा आएको छैन। विभागलाई अरू संकलित तथ्याङ्कको पूर्ण विश्लेषण गर्न र परिणामहरूको आदान प्रदान गर्न प्रोत्साहित गर्नु आवश्यक छ। यस सर्वेक्षणबाट प्राप्त जानकारी आदानप्रदान गर्न उक्त विभागले दिएको पाइँदैन।

सुकुम्बासी आयोगको तथ्याङ्कलाई स्वीकार गर्दा पाँच जिल्लामा २६,००० कमैया रहेको देखिन्छ। यो सङ्ख्या ती जिल्लाको आर्थिक रूपले सक्रिय जनसङ्ख्याको झण्डै ६प्रतिशत हुन आउँछ। यो प्रतिशत बर्दिया (११.७) र कैलाली (७.३) मा कञ्चनपुर, बाँके र दाङको (४ प्रतिशतभन्दा कम) तुलनामा बढी छ।

गैरसरकारी संगठन-अन्तर्राष्ट्रिय गैरसरकारी संगठन

बिगत ७ वर्षमा झण्डै गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कमैयालाई लक्षित गरेर हस्तक्षेपहरूको श्रृङ्खला नै चलाएका छन्। कमैयाहरू बाँधा, गरीब र वञ्चित अवस्थाका भएकाले नै यी संस्थाहरूले कमैयाका लागि काम गर्न जाँगर झिकेका हुन्। साथै कमैया प्रभावित जिल्लाहरूमा केही निकै गरीबी प्रभावित र वञ्चित अवस्थाका जिल्ला पनि पर्दछन्। जिल्लामा प्रवेश गरेपछि यी संस्थाहरूले कमैया समस्यालाई मूल चासोको विषय बनाएका छन्। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू धेरैजसो स्थानीय गैरसरकारी संस्थाहरूसँगै काम गर्दछन्। स्थानीय गैरसरकारी संस्थाहरू अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको पक्षबाट उनीहरूको निर्देशन र वित्तीय सहयोगमा काम गर्दछन्।

तालिका ३.२ : कमैया समस्यामा कार्यरत गैरसरकारी संगठनहरु

गैसस	जिल्ला	गाविस सङ्ख्या	कार्यक्रमको प्रकार	फाईदा पाउनेहरु
ग्रिन्सो	पाँच	६	अनुसन्धान, साक्षरता र चेतना अभिवृद्धि, तालिम र आयमूलक कार्यक्रमहरू	३७५ कमैया १२४८ महिलाहरू
इन्सेक	पाँच	४०	अनुसन्धान, साक्षरता र चेतना अभिवृद्धि, औपचारिक अनौपचारिक र व्यावसायिक शिक्षा।	१३१० बालबालिका १३९६ महिला ७२३ कमैया (२०५०-२०५४)
आर आर एन	बर्दिया	६	साक्षरता र चेतना अभिवृद्धि, कार्यमूलक शिक्षा र सीप तालिम, खाद्य सुरक्षा र लघु कर्जा।	७५० महिला र बालबालिका २०५३-५४
एफ/डब्लु एस पी	कैलाली	४	साक्षरता र औपचारिक शिक्षा, आयमूलक कार्यक्रम	१९४५ महिला १९०५ पुरूष
साप/नेपाल	बर्दिया	१	साक्षरता र चेतना अभिवृद्धि, आयआर्जन सहयोग कार्यक्रम	२७१ कमैया ११८ बालबालिका १५३ कमैया परिवार
प्लान इन्टरनेश-नल	बाँके	३	शिक्षा र तालिम, स्वास्थ्य, जीविकोपार्जन	प्रारम्भिक काम शुरू
बेस	पाँच कमैया जिल्ला र सल्यान	७२	शिक्षा, महिला विकास, आयआर्जन र कमैया सहयोग कार्यक्रमहरू	१४२७ कमैया २४६ बालबालिका २५१ कमैया महिला
स्पेश	बर्दिया	२	अनुसन्धान, पुनर्स्थापना केन्द्र, अनौपचारिक शिक्षा र चेतना करेसावारी	कमैया परिवारका ४० महिला
एक्सन-एड नेपाल	कंचनपुर	५	प्रचार मुलक	
जिफन्ट/कमैया मुक्ति मंच	पाँच जिल्ला	५	शान्तिपूर्ण आन्दोलन	सबै कमैयाहरू

(स्रोत : गैरसरकारी संस्थाहरुसंगको छलफल)

प्रष्ट रूपमा सबै संगठनहरूको संलग्नता कमैया समस्यामा मात्र छैन। गरीबी र थारू जातीय समूहसँग मूल सरोकार रहेको पाइन्छ। उनीहरूका गतिविधिमा कमैया

समस्या एउटा अंशमात्र हो। तर, इन्सेक, ग्रिन्सो र कमैया मुक्ति मंचहरू कमैयामुखी गतिविधिमा छन् र तिनको क्रियाकलाप मूलतः कमैया लक्षित नै छ।

तालिका हेर्दा गैरसरकारी संस्थाहरूका गतिविधिहरू लामो अवधिमा मात्र प्रतिफल दिने खालका भएकाले कमैया मुक्तिमा प्रभाव पार्न समय लाग्ने देखिन्छ। कमैयाका बालबालिकालाई लक्षित गरी शिक्षा र चेतनामूलक कार्यक्रममा गतिविधिहरू अत्यधिक केन्द्रित भएका छन्। गरीबी र ऋणग्रस्ततासँग गाँसिएको कमैया समस्यामा यस्ता गतिविधिहरूले छिटो प्रभाव उत्पन्न गर्न सक्तैनन्। कमैया र कमैया परिवारका सदस्यहरूका लागि आयमूलक गतिविधि (ज्याला, आम्दानीसमेत) प्रोत्साहित गर्न सके मालिकहरूबाट मुक्त हुन कमैयाहरूलाई मद्दत पुग्न सक्दछ। सबै गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू आयमूलक कार्यक्रममा संलग्न देखिए पनि यो संलग्नता केही गाविस र त्यसमा पनि कमैयाहरूको सानो उपसमूहमा सीमित छ। यस्ता कार्यक्रमबाट कति कमैयाले आफूलाई ऋणमुक्त गर्लान् भन्न सकिन्न। तर, सङ्ख्या भने अत्यन्त सीमित पक्कै छ। प्रथामा कुनै पनि बाधा पुऱ्याउन नसकेको गैरसरकारी अनुभवले कार्यक्रमको अझ विस्तृत र व्यावहारिक ढाँचा तयार हुन आवश्यक छ भन्ने कुरा संकेत गर्दछ। अहिलेको अवस्थामा अधिकांश कार्यक्रमको फाइदा कमैया नरहेका गरीब थारू परिवारसम्म पुगेको छ। किनभने कमैयाले काम गरिरहेको वातावरणमा यस्ता गतिविधिमा सहभागी हुने समय नै कमैयाले पाइरहेको हुँदैन र लक्षित कार्यक्रमहरू कमैयासम्म पुग्न ज्यादै कठिन छ। वास्तवमा धेरै गाविसहरूमा क्रियाशील "बेस" को अनुभव के छ भने यसले कार्यक्रमभित्र पार्न सकेका परिवारहरूमा १० प्रतिशत जतिमात्र कमैया छन् (कमैया सरोकार समूहको बैठकमा व्यक्त)। यदि अधिकांश हस्तक्षेपहरू यस्तै हुन भने कमैया समस्यामा गैरसरकारी संस्थाहरूको चासो अतिशयोक्तिमात्र हुन पुग्छ। गत आधा दशकमा केही परिवर्तनहरू कमैया प्रथामा आएका भए पनि ती गैरसरकारी संस्था गतिविधिबाटै आएका भनेर स्वीकार्न कठिन छ। यद्यपि शिक्षा र जागरणजस्ता हलुका क्षेत्रमा गैरसरकारी संस्थाहरू कमैयाहरूसम्म पुग्न सकेका देखिन्छन्।

सरकारी बजेट र कार्यक्रम

कमैया प्रथालाई अवाञ्छित र असमान श्रमसम्बन्धको चरम रूपमा स्वीकार गर्न सरकारले चासो देखाएको थिएन। २०४६ को एउटा सरकारी आयोगले कमैयाहरूको विद्यमान अवस्थाका लागि अल्छी, जँड्याहा र खर्चालु भएकाले कमैयाहरू आफैँ दोषी छन् भन्ने निष्कर्ष निकालेको थियो। एउटा गैरसरकारी संस्था (इन्सेक) को शोधका

निष्कर्ष सार्वजनिक भएपछि र त्यसले अभियान तीव्र पारेपछि मात्र सरकारले कमैया प्रथाभित्रको ऋणवन्धनलाई स्वीकार गऱ्यो। बिगत चार वर्षयता वजेटको व्यवस्था गरी सरकारले कमैया प्रथाको अन्तका लागि आफ्नो प्रतिवद्धता देखाएको छ। गत ४ वटा आर्थिक वर्षहरूमा सरकारले लगभग ६ करोड रूपियाँ यस उद्देश्यले खर्च गरेको छ (तालिका ३.३) । यस बजेटको संचालन भूमिसुधार विभागले गर्ने गरेको छ। सरकारका कार्यक्रमहरू पनि गैरसरकारी संस्थाहरूका जस्तै नै छन्।

तालिका ३.३ : प्रयोग गरिएको बजेट

कार्यक्रमका तत्वहरु	खर्च गरिएको कूल रकम (रु.००० मा)			
	भूमिसुधार विभाग			
	१९९४/९५	१९९५/९६	१९९६/९७	१९९७/९८ (वजेट अनुमान)
कमैया सूचना परिचालन		४,८४		
कमैया विषयक वृत्तचित्र		२,४७		
संस्थागत विकास		२.५३	११.१३	५.०४
आन्तरिक स्रोत परिचालन				१.००
वाह्य प्रोत्साहन			१.७१	३.९०
स्थायी कोष सृजना		१५,००		१४.००
सीप विकास		२४,६१	५१,०५	५२.५०
आवास र पुनर्वास	१५		२२,८५	७७,००
सेमिनार/कार्यशाला		४,२८		
अनुगमन र समन्वय			६७	२,१०
प्रभाव मूल्याङ्कन				४०
कमैया मुक्त गर्न कर्जा कोष				१००,००
सवारी खरिद		३,३०	१२,००	१२.००
प्रशासनिक खर्च		२०,२५	६.४१	९.०६
जम्मा	**१५**	**७७,२८**	**१,०५,८२**	**२,७७,००**

(स्रोत : भूमिसुधार विभाग)

श्रम मन्त्रालयले पनि २०५२/५३ देखि कमैया र तिनका परिवारका सदस्यहरूका लागि सीप विकास कार्यक्रमहरू शुरू गऱ्यो। त्यसका लागि छुट्याइएको बजेट निम्नानुसार छः

वर्ष	रकम (रु. हजारमा)
२०५२/५३	३६०४
२०५३/५४	३२९०
२०५४/५५	३३९४

भूमिसुधार विभागले २०५२ देखि कमैया वृत्ति विकास कार्यक्रम थाल्यो। कमैयासम्बन्धी कार्यक्रम संचालनमा सरकारको सबैभन्दा जिम्मेवार निकाय पनि यही नै हो। कमैया वृत्ति विकास कार्यक्रम निम्न आवश्यकताले शुरू गरिएको थियो :

(क) कमैयाविरूद्ध क्रियाशील सामाजिक, आर्थिक शक्तिहरूलाई हराउन सामूहिक बलको आवश्यकता छ।

(ख) कमैया प्रथाको दुष्चक्र तोड्न आर्थिक हस्तक्षेपको साथै सामाजिक परिचालन आवश्यक छ। सामाजिक परिचालनको आधार संस्थागत विकासका माध्यमले क्षमता निर्माण हो।

(ग) सरकारी र गैरसरकारी संगठनहरूबाट निरन्तर पथ प्रदर्शन र परामर्श कमैयाहरूको क्षमता निर्माणका लागि आवश्यक छ।

(घ) कर्जाले स्वरोजगारी सृजना गरी पारिवारिक आम्दानीलाई वृद्धि गर्दछ। बैंक-कर्जा व्यवहारमा कमैयाहरूको पहुँचभन्दा बाहिर छ र उनीहरू जग्गाधनीहरूमा आश्रित हुन्छन्। कर्जा उपलब्ध गराउनु आवश्यक छ र कमैयाहरूको कर्जा आवश्यकता पूरा गर्न आन्तरिक स्रोत पैदा गर्नु जरूरी छ।

कमैया वृत्ति विकास कार्यक्रमका उद्देश्यहरु

भूमिसुधार विभागले यो कार्यक्रम २०५१ माघदेखि थालेको हो- कमैयाहरूको पुनर्स्थापना र सशक्तिकरणका लागि। समग्रमा, यो कार्यक्रमको उद्देश्य आफ्नाविरूद्ध क्रियाशील सामाजिक, आर्थिक शक्तिहरूलाई परास्त गर्न तथा आफ्ना सामाजिक साँस्कृतिक र आर्थिक अवस्थाहरूमा सुधार गर्नका लागि कमैयाहरूको क्षमता निर्माण र सुदृढीकरण हो। यसका लागि विशेष उद्देश्यहरू निम्नानुसार छन्।

(क) स्वावलम्बी ढंगबाट विकासका लागि स्वयंसेवी समूहहरूमा कमैयाहरूलाई संगठित गर्ने।

(ख) जग्गाधनीमा निर्भरतालाई कम गर्न आन्तरिक स्रोत पूँजीको परिचालन र व्यवस्थापन गर्ने।

(ग) कृषि र गैरकृषि सीप विकास गरी थप आय स्रोत पैदा गर्न नयाँ अवसरहरू खुला गर्ने।

(घ) घरविहीन कमैयाहरूलाई घर र घडेरीका लागि कर्जा प्रदान गर्ने।

(ङ) थप आयमूलक गतिविधि संचालन गर्न तथा जग्गाधनीको ऋण चुक्ता गर्न सुलभ कर्जा उपलब्ध गराउने।

(च) शुरूको अवस्थामा स्वयंसेवी समूहहरूलाई नियमित निरीक्षण र मार्गदर्शन गर्ने।

कार्यक्रमका तत्वहरु

यस कार्यक्रमका निम्न मुलभूत तत्वहरू छन् :

(क) संस्थागत विकास

(ख) कर्जा

(ग) आन्तरिक स्रोत परिचालन

(घ) जनशक्ति विकास

(ङ) आवास र पुनर्स्थापना

(च) बाह्य प्रोत्साहन

(क) संस्थागत विकास

१०-२५ सम्म सदस्य भएका "कमैया समूह" बनाई कमैयाहरूलाई संगठित गरिन्छ। समूहको वैठक प्रत्येक महिनामा हुन्छ। सानो र सीमान्त किसान सामेल गरिएका अन्य कार्यक्रमहरूको संचालन कमैया समूहका छानिएका सदस्यहरूले हेरेका छन्। हरेक समूहका अध्यक्ष र सचिवलाई समूह विकाससम्बन्धी तालिम पनि दिइएको छ।

(ख) कर्जा

समूहका सदस्यहरूको कर्जा आवश्यकता पूरा गर्न एउटा चलिरहने कोष २०५२/५३ मा हरेक ५० वटा कमैया समूहलाई सहयोग पुऱ्याउने गरी स्थापना गरिएको छ। जिल्ला भूमिसुधार अधिकारीले हरेक समूहलाई रू. ३०,००० दिएको छ। कमैया समूहहरू पाँच वर्षमा यो कर्जा फिर्ता गर्न सहमत भएका छन्। आयमूलक गतिविधिका

लागि यो कोषको संचालन कमैया समूहहरूले नै गर्दछन्। यद्यपि थप समूहहरूका लागि २०५३/५४ मा भने यस्तो कोषको सृजना गरिएन।

(ग) आन्तरिक स्रोत परिचालन

कमैया समूहको हरेक सदस्यले प्रत्येक महिना रू. ५-१० सम्म बचत गर्छ। चलिरहेन कोषबाट कर्जा लिएको कमैयाले कर्जाको १० प्रतिशत समूह बचत कोषमा जम्मा गर्नुपर्छ। यो कोषको सदुपयोग आयमूलक गतिविधिहरूमा तथा उपभोगमा सदस्यहरूको कर्जा माग पूरा गर्नका लागि नै गरिन्छ।

(घ) जनशक्ति विकास

समूहको व्यवस्थापन गर्न र पेशागत दक्षता अभिवृद्धि गर्न कमैया समूहका सदस्यहरूको क्षमता विकास जरूरी छ र यसका लागि विभिन्न तालिमहरू दिइएको छ।

(ङ) आवास र पुनर्स्थापना

घरविहीन कमैयाहरूको आवास र पुनर्स्थापनाका लागि सुकुम्वासी समस्या समाधान आयोगले जग्गा पनि दिएको छ। कमैया वृत्ति विकास कार्यक्रमले घडेरी र घरका लागि कर्जा दिने लक्ष्य राखेको छ। जिल्ला कमैया पुनर्वास समिति पनि बनाइएको छ जसमा जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, भूमि सुधार कार्यालय, जिल्ला आवास कार्यालय र कमैयाहरूका प्रतिनिधि संलग्न रहेनछन्। कमैया समूहहरूले आफूहरूमध्येबाट एउटा अध्यक्ष र तीन सदस्य पनि छनौट गर्नुपर्दछ।

(च) बाह्य प्रोत्साहन

भूमिसुधार कार्यालयले हरेक २० वटा कमैया समूहको लागि मार्गदर्शन गर्न र प्रोत्साहन पुऱ्याउन एउटा प्रोत्साहक (मोटीभेटर) दिने गरेको छ। कमैया परिवारबाट १३ जना प्रोत्साहक छानिन्छन्। प्रोत्साहन तालिम भूमिसुधार अधिकारी, भू. सु. कार्यालयका अन्य कर्मचारी र प्रोत्साहकहरूलाई दिइएको छ।

कमैया वृत्ति विकास कार्यक्रमको चालु स्थिति

संस्थागत विकास :

भूमिसुधार कार्यालयले २०५२ वैशाखमा ५० वटा र २०५३ माघमा २५४ वटा कमैया समूह निर्माण गऱ्यो। कूल ३०४ कमैया समूहमा ४८४० कमैया परिवारको

संलग्नता छ। विभागले अनुमान गरेको कूल कमैया परिवारको यो सङ्ख्या एक तिहाइ हो।

तालिका ३.४ : कमैया परिवार र कमैया समूह

जिल्ला	कूल कमैया परिवार	बनाइएका समूह	संलग्न कमैया परिवार	कूल परिवारको प्रतिशत
दाङ	१८५०	३२	४३६	२३.५
बाँके	१०६०	३२	४८०	४५.३
बर्दिया	५०३७	६०	१०६३	२१.१
कैलाली	५५५७	११४	१३६	३८.४
कंचनपुर	१६४२	६६	७२५	४४.१
जम्मा	**१५१५२**	**३०४**	**४८४०**	**३१.९**

(स्रोत : भूमिसुधार विभाग)

कर्जा

भूमिसुधार कार्यालयले २०५२ माघमा ५० कमैया समूहमा रू. ३०,००० कर्जा उपलब्ध गरायो। चालु आर्थिक वर्षमा यस्ता ७० वटा "चलिरहने कोष" सक्रिय कमैया समूहहरूका लागि सृजना गरिनेछ। सरकारले चालु आर्थिक वर्षमा "कर्जा कोष" सृजना गर्न १ करोड रूपैयाँ विनियोजन गरेको छ, जसबाट कमैयाहरूले जग्गाधनीको ऋण चुक्ता गर्न सकुन्। जग्गाधनीको ऋणबाट मुक्त हुन सरल शर्तमा कमैयाहरूलाई कर्जा उपलब्ध हुनेछ।

तालिका ३.५ : "चलिरहने कोष" बाट भएको लगानी (रु. हजारमा)

जिल्ला	चलिरहने कोष	लगानी			चुक्ता	मौज्दात
		समूह	ऋणी	रकम		
दाङ	३००	१०	७५	१६८.८	२	१३१.२
बाँके	३००	१०	६०	१०६.०		१९४.०
बर्दिया	३००	१०	६८	१२३.६		१७६.४
कैलाली	३००	१०	७९	१५३.९		१४६.१
कंचनपुर	३००	१०	६५	२१६.०	२४	८४.०
जम्मा	१५००	५०	३४७	७६८.३	२६	७३१.७

(स्रोत : भूमिसुधार विभाग)

आन्तरिक स्रोत परिचालन :

पचास कमैया समूहले १४ महिनासम्म र २५४ समूहले ६ महिनासम्म बचत गरे। २०५४ असारसम्मको बचत कोषमा रहेको मौज्दात तालिका ३.६ मा प्रस्तुत छ। चालु आर्थिक वर्षमा बचत र समूह विकासलाई प्रोत्साहित गर्न सबैभन्दा सक्रिय समूहलाई नगद पुरस्कार दिइनेछ।

तालिका ३.६ : कमैयासमूहको बचत

जिल्ला	बचत कोषा (रु.)	लगानी (रु.)
दाङ्ग	४८,६४२	२,०००
बाँके	३२,८३९	
बर्दिया	६७,५३०	
कैलाली	३४,३१४	५००
कंचनपुर	७५,८४५	४४००
जम्मा	२५९,१७०	६९००

(स्रोत : भूमिसुधार विभाग)

जनशक्ति विकास

तालिका ३.७ मा जनशक्ति विकासका लागि तालिम गतिविधिबारे जानकारी छ। गैरकृषि अवसरहरूका लागि कमैयाहरूलाई तालिम दिने गम्भीर प्रयत्न भएको देखिन्छ। तर, कमैया ग्रस्तताको आधारमा जिल्लाहरूबाट तालिम लिनेको सङ्ख्याले उचित सन्तुलन पाएको देखिंदैन। उदाहरणका लागि कंचनपुरका कमैयाले तालिममा दोस्रो उच्च प्राथमिकता पाएको देखिन्छ।

तालिका ३.७ : कमैया परिवारका सदस्यलाई दिइएको सीपको प्रकार (२०५२/५४)

तालिमको प्रकार	अवधि	तालिम पाउनेहरूको सङ्ख्या					
		दाङ	बाँके	बर्दिया	कैलाली	कञ्चनपुर	जम्मा
१. प्रोत्साहक तालिम	७ दिन						४०
२. समूह विकास तालिम	३ दिन						६०८
३. काठको काम	३ महिना	४०	४०	४०	८०	६०	२६०
४. पन्थरको काम	१ महिना	२०	२०	२०	२०	२०	१००
५. विद्युत जडान	१ महिना १५ दिन		१०	५	१५	१०	४०
६. वेल्डिंग	१ महिना	८	८	८	८	८	४०
७. ड्राइभिङ्ग	१ महिना	८	११	९	१६	१२	५६
८. बंगुर पालन	३ दिन	६०	६०	९०	१८०	१२०	५१०
९. बाख्रा पालन	३ दिन	३०		३०	६०	३०	१५०
१०. तरकारी खेती	३ दिन	६०	३०	६०	६०	६०	२७०
जम्मा		२२६	१७९	२६२	४३९	३२०	२०७४

(स्रोत : भूमिसुधार विभाग)

आवास र पुनर्वास

सुकुम्बासी आयोगले १९५ कमैया परिवारलाई घर घडेरीको लागि १४३ हेक्टर जग्गा दियो। जिल्ला कमैया बसोबास समितिले ११.२ हेक्टर जग्गा कमैया समूहका घरविहीन कमैयाहरूलाई आवास क्षेत्र बनाउन किनेको छ।

बाह्य प्रोत्साहन

कमैया समूहहरूलाई मार्गदर्शन र प्रोत्साहन गर्न २०५३/५४ मा १३ जना मोटिभेटरहरू कमैया परिवारबाटै छनौट गरिए।

कार्यक्रमको समन्वय

भूमिसुधार विभाग र श्रम मन्त्रालयका बीच कुनै कार्यमूलक समन्वय छैन, न त भूमिसुधार विभाग र कमैया समस्यामा संलग्न अरू निकायहरूबीच नै समन्वय छ।

कार्यक्रमको प्रभाव

भूमिसुधार विभागले २०५४ दाङमा गरेको अध्ययनले निम्न नतिजाहरू दिएको छ :

(क) समूहमा संगठित ४३६ कमैयामध्ये ९६ (२२ प्रतिशत) जनाले कमैया वृत्तिविकास कार्यक्रममा सहभागि भएपछि आफ्नो पेशा परिवर्तन गरेका छन्।

(ख) पत्थरको काम र वेल्डिंगको तालिमप्राप्त मध्ये ७५ प्रतिशतले जीवनयापनको लागि यो सीपको प्रयोग गरिरहेका पाइयो र सिकर्मी तालिमप्राप्तमध्ये ६० प्रतिशतले पनि सीपको उपभोग गरेका छन् (तालिका ३.८)

तालिका ३.८ : दाङमा तालिमबाट प्राप्त सीपको सदुपयोग

आर्थिक गतिविधि	तालिमप्राप्त कमैया	सीप उपयोग गर्ने कमैया	प्रतिशत	पशुपालेको सङ्ख्या/तरकारी खेतीको क्षेत्रफल
तरकारी खेती	६०	२०	३३	१ हेक्टर
बंगुर पालन	६०	२५	४२	९१ वटा
ड्राइभिङ्ग	८	३	३८	
सिकर्मी	४०	२४	६०	
पत्थरको काम	२०	१५	७५	
वेल्डिङ्ग	८	६	७५	
बाख्रा पालनत्र	३०	४१	१००	७८ वटा
खुद्रा पसल		१		
राँगा/गोरू/भैंसी खरिद		१२		१४ वटा
भेडा पालन		२		६ वटा

(स्रोत : भूमिसुधार विभाग)

बाँधाश्रमविरुद्ध विद्यमान कानुनी प्रावधानहरु

नेपालले प्रजातान्त्रिक मुलुकको रूपमा कानुनी राज्यको मूल्य र मान्यतालाई अंगिकार गर्छ र मानवअधिकारको सम्मान गर्छ। नेपाल अधिराज्यको संविधान २०४७

ले मानवअधिकारको शाश्वत सिद्धान्तहरूलाई आत्मसात् गरेको छ। सोझै मानवअधिकारसँग सम्बन्धित र हाम्रो संविधान तथा कानुनहरूमा व्यवस्था गरिएका महत्वपूर्ण प्रावधानहरूमध्ये केही यसप्रकार छन् :

१. संविधानले कुनै पनि किसिमको वलपूर्वक वा बाध्यकारी श्रमको प्रयोग निषेध गर्दछ। सबै किसिमका सरकारी सेवा स्वेच्छिक छन् र जनता आफ्ना चास्वअनुसार जुनसुकै पेशा चयन गर्न स्वतन्त्र छन्।

२. मानिस आफ्नो इच्छाअनुसार रोजगारी छोड्ने अधिकार रास्व्दछन्। संविधान र कानुनले कुनै पनि किसिमको दल प्रयोग वा अनिवार्यता वा दासताको निषेध गर्दछ। यसको उल्लंघन गर्नेले अपराधको मात्रा र मनसाय हेरी सजायको भागी हुनुपर्नेछ।

३. बाध्यकारी र अनिवार्य श्रमसँग सम्बन्धित प्रावधानको उल्लंघन गरेमा जिल्ला अदालतमा र जिल्ला प्रशासन कार्यालयमा उपचारको लागि मुद्दा गर्न सकिनेछ।

४. मुलुकी ऐन "ज्याला मजुरी" को महलमा भनिएको छ- उसको इच्छाविना कसैलाई पनि काममा लगाउन सकिने छैन। यदि कसैलाई उसको मन्जुरीविना काममा लगाइएको रहेछ भने पनि उसले प्रचलित ज्याला पाउनै पर्छ। जसले वलपूर्वक कसैलाई काममा लगाउँछ, उसले जरिमाना तिर्नुपर्छ। तर, घटना भएको ३५ दिनभित्र पीडितले सम्बन्धित अधिकारीलाई उजुरी गर्नुपर्छ।

५. करार ऐन २०२३'का अनुसार प्रत्येक व्यक्ति आफूलाई उपयुक्त हुने शर्तमा कुनै पनि कामको करार गर्न स्वतन्त्र छ। वलपूर्वक वा अनुचित दबाबमा गराएको करार बदर हुनेछ।

नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम संगठन (आइ. एल. ओ) का अभिसन्धिहरु

संसारका श्रमजीवीहरूका लागि आफ्नो सामाजिक-आर्थिक सेवाका उद्देश्य पूरा गर्न अन्तर्राष्ट्रिय श्रम संगठनको महत्वपूर्ण संयन्त्र हो- अन्तर्राष्ट्रिय श्रम स्तर। अन्तर्राष्ट्रिय श्रम स्तर भन्नाले अभिसन्धि र सिफारिसको रूपमा आई. एल. ओ. द्वारा निर्धारित अन्तर्राष्ट्रिय कानुनी उपकरण बुझ्नुपर्छ। आई. एल. ओ. को त्रिपक्षीय निकायको रूपमा अन्तर्राष्ट्रिय श्रम सम्मेलनले अभिसन्धि र सिफारिसहरू तर्जुमा र लागु गर्दछ।

अभिसन्धिको उद्देश्य आई. एल. ओ. का सदस्य राष्ट्रहरूलाई उपयुक्त कानुनी दायित्व सृजना गर्नु हो। अभिसन्धिको अनुमोदन कुनै पनि देशको स्वतन्त्र निर्णयबाट

हुन्छ। अनुमोदन गरिएपछि कुनै पनि देशले आफ्नो कानुनमा उपयुक्त संशोधन गरी लागू गर्नुपर्दछ।

सबै अभिसन्धि नेपालको सामाजिक, आर्थिक र भुराजनैतिक वास्तविकतामा उत्तिकै सामयिक छैनन्। आधारभूत मानवअधिकार अभिसन्धिहरू मूल मानिन्छन्।

आई. एल. ओ. को सदस्य भएकाले यसका उपकरणसँग सामन्जस्य गरी राष्ट्रिय श्रम स्तर कायम गर्न सकेसम्म नेपालले पनि प्रयत्न गर्दै आएको छ। नेपालले अनुमोदन गरेका अभिसन्धि निम्न छन् :

१. अभिसन्धी नं. १४ - उद्योगमा साप्ताहिक विदासम्बन्धी।
२. अभिसन्धी नं ९८ - संगठित हुने र सामूहिक सौदाबाजी गर्ने अधिकारका सिद्धान्तहरूको कार्यान्वयनसम्बन्धी
३. अभिसन्धि नं. १०० - समान कामका लागि पुरूष र महिलालाई समान पारिश्रमिकसम्बन्धी
४. अभिसन्धि नं. १११ - रोजगारी र पेशामा भेदभावसम्बन्धी
५. अभिसन्धि नं. १३१ - विकासशील देशमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी
६. अभिसन्धि नं. १३८ - रोजगारीमा प्रवेशका लागि न्यूनतम उमेरसम्बन्धी
७. अभिसन्धि नं. १४४ - अन्तर्राष्ट्रिय स्तरको कार्यान्वयनका लागि त्रिपक्षीय परामर्शसम्बन्धी।

बाध्यकारी श्रम अभिसन्धि नं. २९ र १०५ को अनुमोदन

यी दुई अभिसन्धि बलपूर्वक वा अनिवार्य श्रमका सबै रूपहरूको अन्त गर्ने सद्भावनासँग गाँसिएका छन्। नेपालको सन्दर्भमा यी अत्यन्त जरूरी भएका छन्।

यी अभिसन्धिहरू हाम्रो संविधानको भावनाअनुरूप छन् र यिनको अनुमोदनका लागि कुनै कानुनी बाधा पनि देखिँदैन। यी अभिसन्धिलाई आत्मसात् गर्न कानुनी प्रणालीमा केही सुधार भने गर्नुपर्दछ।

कमैया प्रश्नमा नयाँ संस्थाहरु

कमैया मुक्ति मंच

चेतना अभिवृद्धि र साक्षरता अभियानहरू इन्सेकजस्ता मानवअधिकारसम्बन्धी संस्थाहरूले संचालन गर्नाको परिणामस्वरूप यसको स्थापना २०५२ मा भएको हो। यो एउटा स्वतन्त्र संस्थाको रूपमा दर्ता भएको छ र नेपाल ट्रेड युनियन महासंघको एक घटक बनेको छ। सबै पाँच जिल्लामा कमैया मुक्तिका गतिविधिहरू यसले सांगठनिक

ढाँचा फैलाएर अघि बढाइरहेछ। २०५४ पौषदेखि अपिलका माध्यमबाट कमैया मुक्ति अभियान अगाडि बढाइरहेछ र शान्तिपूर्ण ढंगबाट रोजगारदातालाई कमैया करारको सट्टा दैनिक ज्याला करारमा श्रमिक प्रयोग गर्न अपिल गरेको छ। कमैया मुक्ति मंच वास्तवमा कमैया स्वयंको प्रयत्नको उत्तम उदाहरण हो। कमैया सरोकार समूह (के.सी.जीं) २०५३ को अन्ततिर गैसरकारी संस्थाहरू स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय ने. ट्रे. यु. महासंघजस्ता कमैया मामिलामा क्रियाशील संस्थाहरूले बनाएका हुन् यो समूह। यसको उद्देश्य जानकारीहरूको आदानप्रदान गर्नु, योजना बनाउन र सँगै समन्वयका साथ काम गर्नु हो। यस समूहमा झण्डै एक दर्जन संस्थाहरू छन्। कमैया प्रथा अन्त गर्ने गुरूयोजनामा हाल यो ससूह काम गर्न उत्सुक भएको छ। वक्षित र समन्वयका साथ कमैया प्रथा अन्तको लागि क्रियाशील संगठनहरूको यस्तो समूह बन्नु पनि सकारात्मक वातावरणको संकेत हो।

परिच्छेद चार

प्रारम्भिक तथ्यांकको आधारमा कमैया प्रथा

नमुनाको जानकारी

२०५४ मा कंचनपुर, कैलाली, बर्दिया, बाँके र दाङ गरी पाँच जिल्लामा नमुना सर्वेक्षण गरियो। कमैया समस्या चर्को मानिएका जिल्लाहरू पनि यिनै हुन्। साथै कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लामा पनि यो प्रथा रहेको विश्वास गरिन्छ। त्यसकारण यी जिल्लामा समेत नमुना सर्वेक्षण कार्य गरियो। अरू पाँच जिल्लाको तुलनामा यी जिल्लामा कमैया प्रथाका विशेषताबारे केही पनि जानकारी पाइँदैन। तालिका ४.१ मा नमुनाको आकार प्रस्तुत छ।

कपिलवस्तु, रूपन्देही र नवलपरासीमा कमैया सङ्ख्याबारे जानकारी नभएकोले प्रतिशतको गणना पनि गरिएको

तालिका ४.१ आठ जिल्लाको नमुना-आकार

	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल-वस्तु	रुपन्देही	नवल-परासी
नमुना- आकार	३६२	६०२	६०४	३५३	४८२	३०८	१६९	१५६
कूल कमैया•	२३८२	७९०२	९६१७	२०३७	३८२४	-	-	-
कूल कमैयाको प्रतिशत	१५.२	७.६	६.३	१७.३	१२.६	-	-	-

• **सुकुम्बासी आयोगको प्रतिवेदनको आधारमा**

कमैयाहरु

उमेर संरचना :

तालिका ४.२ मा नमुनामा परेका कमैयाहरूको उमेर संरचना दिइएको छ। १५ वर्षमुनिका कमैयाको सङ्ख्या दाङ (८.३ प्रतिशत) र नवलपरासी (५.१ प्रतिशत) बाहेक अरूमा नगण्य छ।

वास्तवमा त्यस उमेरसम्म बालबालिका गोठालाका रूपमा काम गर्छन् र ठूलो भएपछि कमैया करारमा प्रवेश गर्छन्। कमैया करारको मुख्य उमेर २०-५० वर्ष हो। ६०-८ प्रतिशत कमैया उत्तरदाताहरू यही उमेर समूहमा पर्दछन्। प्रायः ५० वर्षको उमेर नाघेपछि शारीरिक शक्ति घट्ने हुनाले उत्पादकत्व पनि घट्छ र उनीहरू अवकाश पाएजस्तो स्थितिमा पशु चराउनेजस्ता हल्का काममा संलग्न गराइन्छन्। कमैयाको

रूपमा काम गर्न शारीरिक वल धेरै चाहिने भएकाले युवा र वलिया व्यक्तिहरू नै कमैयाको रूपमा प्रयोग गरिन्छन्। कमैयाहरूको औसत उमेर ३०-४० को बीच पर्दछ।

तालिका ४.२ कमैयाहरुको उमेर संरचना (प्रतिशतमा)

उमेर समूह	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल-वस्तु	रुपन्देही	नवल-परासी
१५ वर्षभन्दा कम	२.८	२.२	१.३	३.७	८.३	१.३	०.६	१.५
१६-१९	९.९	६.३	५.६	१३.९	१२.०	४.२	३.९	४.५
२०-२९	२९.३	३४.१	४१.१	३६.५	३३.२	२२.४	१८.३	१२.८
३०.३९	२६.२	३०.१	२७.६	१९.३	२३.०	२३.१	२९.०	२९.५
४०-४९	२२.७	१८.३	१६.७	१५.६	१४.५	३२.८	२३.१	२२.४
५०-५९	६.९	६.५	५.८	८.२	७.१	११.७	१४.२	१६.७
६०+	२.८	२.७	१.८	२.८	१.९	४.५	११.२	९.०
नमुना सङ्ख्या	३६२	६०२	६०४	३५३	४८२	३०८	१६९	१५६
औसत उमेर	३३.३	३२.५	३१.९	३१.०	३०.२	३७.२	३९.७	३८.६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कार्यविधि :

इन्सेकको अध्ययनले पुस्तौँदेखि कमैया रहेको देखाएको छ। यद्यपि एउटै मालिककोमा कार्य गरेको हो, होइन भन्ने प्रतिवेदनमा प्रष्ट छैन। यस सर्वेक्षणमा बाजे वा वावुले पनि उही मालिककहाँ कमैया बसेका हुन्-होइनन् भन्ने जानकारी खोतल्न खोजेको छ। (तालिका ४.३) वाजेले समेत उही मालिककहाँ काम गरेको भन्ने कमैया उत्तरदाताहरू कंचनपुरमा १ प्रतिशत देखि नवलपरासीमा १० प्रतिशत सम्म छन्। उही परिवारमा वावु कमैया रहेको भन्नेहरूको प्रतिशत भने धेरै छ। दाङमा २८ प्रतिशत कमैया उत्तरदाताले आफ्नो वावु पनि त्यही परिवारमा कमैया रहेको वताए। कंचनपुरमा ८ प्रतिशत यस्ता थिए। सामान्यत : लगभग २० प्रतिशत कमैया उत्तरदाताहरू दुई पुस्तादेखि कमैया रहेको पाइयो। संरक्षक-आश्रितसम्वन्ध र ऋणग्रस्ततले छोराहरूलाई पनि वावुले बनाएको सम्बन्ध र लिएको ऋणले उही मालिकको घरमा कमैया बनाएको छ। यसले ऋणबन्धनको चरमरूपतर्फ संकेत गर्दछ।

तालिका ४.३ पुस्ताअनुसार कमैयाहरु (प्रतिशतमा)

पुस्ता	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल-वस्तु	रुपन्देही	नवल-परासी
१. बाबुले कमैया भै काम गरेको								
हो	७.५	९.८	२३.२	१८.१	२७.६	१८.८	२३.१	२५.६
होइन	९२.५	७९.६	७४.७	७९.३	७०.७	७६.६	७६.३	७३.७
थाहा नभएको	०.०	११.०	२.२	२.५	१.७	४.५	०.६	०.६
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
२. बाजेले कमैया भै काम गरेको								
हो	०.८	२.२	३.८	४.८	६.६	३.६	६.५	१०.३
होइन	९८.६	८५.४	९०.९	९१.८	८८.२	८६.७	९०.५	८९.१
थाहा नभएको	०.६	१२.५	५.३	३.४	५.२	९.७	३.०	०.६
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
नमुना सङ्ख्या	३६२	६०२	६०४	३५३	४८२	३०८	१६९	१५६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

उही मालिकसँग कति वर्ष बिताएको भन्ने जानकारी पनि कमैया उत्तरदाताहरूबाट (तालिका ४.४) लिने प्रयास भयो। ५ वर्षभन्दा कम उमेर रहेका कैलालीमा झण्डै ८५ प्रतिशत र दाङमा ४६ प्रतिशत पाइए। प्रष्ट रूपले नै कमैया उत्तरदातामा धेरैजसो एउटै मालिकको घरमा ६ वर्ष र त्योभन्दा बढी समयदेखि कार्यरत पाइन्छन्। पुर्खाको दायित्व र गरीबीको कारणले कमैया प्रथामा प्रवेश हुन्छ। ऋणको कारणले यसबाट उम्कन नसक्ने अवस्था हुन्छ। ऋण बन्धनले गर्दा अन्यत्र कामको राम्रो शर्त र अवस्था पाए पनि रोजगारदाता परिवर्तन गर्न स्वतन्त्रता हुँदैन।

तालिका ४.४ काम गरेको वर्षको आधारमा कमैयाहरुको वर्गीकरण (प्रतिशतमा)

कामगरेको वर्ष	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
५ वर्षभन्दा कम	८३.७	८४.६	७०.५	६०.६	४६.१	६०.१	६६.९	५०.०
६.१०	१०.५	९.५	१३.१	१३.०	३७.६	११.७	१५.४	२०.५
११-१५	१.९	२.५	८.६	५.९	६.०	६.२	७.७	११.५
१६+	३.३	२.०	६.५	७.४	८.७	२२.१	१०.१	१७.९
थाहा नभएको	०.६	१.५	१.३	१३.०	१.७	०.३	१.२	०.०
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
नमुना सङ्ख्या	३६२	६०२	६०४	३५३	४८२	३०८	१६९	१५६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

गोठालाको रुपमा शुरुवात :

पशु चराउने गोठालाका रूपमा वा घरेलु नोकरको रूपमा काम शुरू गरेको थियो कि थिएन भन्नेबारेमा जानकारी तालिका ४.५ मा प्रस्तुत छ। बहुसंख्यक उत्तरदाता

कमैयाहरूले आफूहरू वाल्यावस्थामा गोठालो रहेको बताए। बर्दियामा सबैभन्दा बढी ७७ प्रतिशत र कपिलवस्तुमा सबभन्दा कम ६०प्रतिशत ले पशु चराउने गोठालोको काम गरेको पाइयो। उमेर पुगेपछि, क्रमश : उनीहरू कमैयामा रूपान्तरित भए।

गोठालोको रूपमा काम गर्न शुरू गर्दाको उमेरबारेको जानकारी तालिका ४.६ देखाइएको छ। १० वर्षभन्दा मुनिको उमेरमा काममा लाग्नेहरूको प्रतिशत कैलालीमा ४७ प्रतिशत देखि रूपन्देहीमा १४ प्रतिशत सम्म रहेको देखिन्छ। बहुसङ्ख्यक (५३-८६ प्रतिशत) उत्तरदाताले १० वर्ष नाघेपछि गोठालाको रूपमा काम शुरू गरेको बताए।

तालिका ४.५ गोठालोको रुपमा काम गरी कमैया भएकाहरुको (प्रतिशतमा)

कमैया हुनुअघि गोठालो रहेको	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवलप रासी
हो	६२.७	७४.६	७६.८	७०.८	६३.१	५९.४	६२.३	
होइन	३२.९	१२.१	१९.२	२६.६	३१.७	३३.८	-	-
थाहा छैन	४.४	१३.३	४.०	२.५	५.२	६.८	-	-
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००		

तालिका ४.६ पशु चराउने काम शुरु गर्दाको उमेर (प्रतिशतमा)

उमेर समूह	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
५ वर्षभन्दा कम	३.६	३.७	३.८	०.३	३.३	१.३	०.०	०.६
६-१० वर्ष	३९.८	४३.५	३२.७	२१.५	१९.९	२३.१	१३.७	२६.३
१० वर्षभन्दा बढी	५६.६	५२.८	७०.५	७८.२	२६.८	७५.६	८६.४	७३.०

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैयाहरुको भूस्वामित्व :

भूमिहीन (खेती गर्ने जमिन) नै कृषिको सन्दर्भमा काम र जीविकोपार्जनका लागि व्यक्तिहरूले कमैया प्रथामा प्रवेश गर्ने प्रमुख कारण हो। भूमिहीनता (तालिका ४.७) दाङमा २० प्रतिशत देखि बर्दियामा ८३ प्रतिशत सम्म पाइएको छ। धेरैजसो भूमि भएकाहरू पनि घरमात्रको लागि जमिन भएका देखिन्छन्। थोरै भए पनि जमिन हुनुले सुरक्षाको अनुभूति गराए पनि स्वरोजगारी दिन र घर खर्च चलाउने आय आर्जन गर्न यो जमिनले पुग्दैन। त्यसो हुँदा जमिन भएकाहरू पनि कमैयाको रूपमा कमैया प्रथामा प्रवेश गर्छन्।

तालिका ४.७ भूस्वामित्वको आकारअनुसार कमैयाको वर्गीकरण (प्रतिशतमा)

स्वामित्वको आकार	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
भूमिहीन	५८.३	४६.०	८३.४	४६.७	१९.१	२२.४	३६.७	२३.७
२ विघाभन्दा कम	४०.३	५१.२	१४.९	५२.१	८०.३	७१.१	५९.७	७३.१
२-२.९९	०.८	२.००	०.७	०.८	०.०	५.८	२.४	२.६
३ विघाभन्दा बढी	०.६	०.८	१.०	०.३	०.६	०.६	१.२	०.६
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

स्रोत : फिल्ड सर्वेक्षण १९९७

मध्यमखाले जग्गा धनीहरूको पनि सानो प्रतिशत कमैयाको रूपमा कार्यरत छ। ठूलो परिवारका १/२ सदस्य आफ्नो स्वामित्वको जमिनमा काम पर्याप्त नभएकोले कमैयाको रूपमा काममा लागेका पाइन्छन्।

कमैयाहरुको आफ्नो स्वामित्वमा घर :

नमुना लिइएका कमैयाहरूलाई आफ्नै घर छ कि मालिकले उपलब्ध गराएको छ भनी सोधपूछ गर्दा मालिकले दिएको घरमा बस्नेहरू कंचनपुरमा ६० प्रतिशत र दाङमा २० प्रतिशत सम्म पाइयो। मालिकहरूले सामान्यतः घरबिहीन कमैयाहरूलाई आफ्नो कामत घरको आसपासमा बस्ने ठाउँ दिने गरेका छन्। यसको फलस्वरूप कमैयाको श्रम र कमैया परिवारकै श्रममाथि मालिकले निकै नियन्त्रण राख्दछ। मालिक परिवर्तन गर्नुपर्दा पनि घरबिहीन कमैयाहरू अत्यन्त अप्ठ्यारो अवस्थामा पर्छन्।

तालिका ४.८ घरको स्वामित्वको आधारमा कमैयाको वितरण (प्रतिशतमा)

घर	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रूपन्देही	नवल परासी
आफ्नै भूमिमा	३७.६	५३.७	३९.७	४२.८	७८.८	६९.५	६२.७	७३.१
अर्काको भूमिमा	६०.२	४२.०	५३.५	५५.८	१८.७	२८.२	३३.७	२२.४
थाहा नभएको	२.२	४.३	६.८	१.४	२.५	२.३	३.६	४.५
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

कमैयाहरुका पशु र बोटविरुवा

कमैया परिवारहरू गरीबी, भूमिहीनता र घरबिहीन अवस्थामा मात्र प्रतिविम्बित हुँदैन। पशु स्वामित्व र बोट विरूवाको दृष्टिले पनि कमैया परिवारहरू गरीब देखिन्छन्। (तालिका ४.९) दुई तिहाईभन्दा बढी परिवारसँग गाई छैन, भैँसी पनि १० प्रतिशत सँग मात्र छ। त्यसैगरी २० प्रतिशत भन्दा कम परिवारका फलफूलका बोट छन्। गरीब परिवारहरूले भूमिको अभावलाई रूख रोपेर तथा पशु पालेर क्षतिपूर्ति गर्ने चेष्टा

गर्दछन्। तर, समयको र जग्गाको कमीले गर्दा कमैयाहरूका लागि यी विकल्प पहुँचभित्र पर्दैनन्।

तालिका ४.९ कमैया परिवारका पशु र बोटविरुवा (प्रतिशतमा)

पशु नभएका परिवारको प्रतिशतमा								
जिल्लाको नाम	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रूपन्देही	नवल परासी
गाई	६२.४	७०.१	७३.८	६०.९	४६.७	५१.०	५०.३	६४.१
भैंसी	९०.३	९३.५	८८.४	८४.५	८५.९	८२.८	८९.३	८४.०
बाखा	८५.४	८४.४	६०.८	७३.१	६१.०	६४.९	६८.०	५०.०
बंगुर	५९.१	७०.८	५६.८	५८.१	२४.१	८२.१	९५.९	७९.५
बोटविरुवा नभएका परिवारको प्रतिशतमा								
फल	८६.५	८०.९	८२.९	९०.९	६४.१	७३,७	७८.७	७८.८
काठ	९५.३	८५.७	८८.६	९२.६	६६.८	७८.९	९०.५	८९.७

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैयाहरुको स्वामित्वमा गोरु-गाडा र साईकल :

गरीब परिवारका अन्य सम्पत्तिमा गोरू-गाडा र साईकल पर्दछन्। तालिका ४.१० मा यसबारेको जानकारी प्रस्तुत छ। घैरेजसो जिल्लामा ५ प्रतिशत भन्दा कम कमैयाहरूसँग गोरू-गाडा छन्। त्यसैगरी कंचनपुर, कैलाली, बर्दिया, बाँके र दाङमा ३० प्रतिशत भन्दा कमसँग मात्र साईकल छ। तर, कपिलवस्तु, रूपन्देही र नवलपरासीमा झण्डै ५० प्रतिशत कमैया परिवारसँग साईकल रहेका पाइन्छ।

तालिका ४.१० गोरु-गाडी र साईकल भएका कमैया परिवार (प्रतिशतमा)

जिल्लाको नाम	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
गोरु-गाडी	१८.५	१४.०	५.५	३.४	१.०	७.८	१.२	४.५
साईकल	२९.६	१४.६	१८.४	२७.५	१२.७	५०.०	३४.९	४९.५

स्रोत : फिल्ड सर्वेक्षण २०५४

साक्षरताको स्थिति

पिछडिएका, अचेत र निरक्षर कमैयाहरू मालिकबाट आफ्नो न्यायोचित हक लिन असमर्थछन्। कमैया र कमैया परिवारका सदस्यहरूमा साक्षरताको अवस्थाबारेको जानकारी तथा कमैया बालबालिका स्कूल जान्छन्, जाँदैनन्बारेको जानकारी ४.११ प्रस्तुत छ।

तालिका ४.११ साक्षरताको स्थिति कमैया र कमैया परिवारका सदस्य (प्रतिशतमा)

विवरण	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
निरक्षर कमैया	७२.९	८१.२	६९.५	७४.८	५५.८	६९.५	७५.१	७८.२
निरक्षर सदस्यहरु	८५.९	८५.२	८४.७	८९.३	७०.३	९४.४	९५.३	९७.५
६-१४ वर्षे स्कूल जानेहरु	१०.५	११.२	७.७	५.४	१५.५	९.३	९.०	११.१

स्रोत : फिल्ड सर्वेक्षण २०५४

निरक्षरताको समस्या कमैया र कमैया परिवारका सदस्यहरूमा व्याप्त छ। दाङमा बाहेक अरू सबै जिल्लामा ७० प्रतिशत भन्दा बढी निरक्षरता दर छ। परिवारका सदस्यहरूमा यो दर झन् बढी छ। किनभने सामान्यत : महिलाहरू पुरै निरक्षर छन्। स्कूल जाने बालबालिका पनि कमैया परिवारहरूमा बढीमा दाङमा १५.५ प्रतिशत र कम्तिमा बाँकेमा ५.४ प्रतिशत पाइन्छन्। स्कूल नजानेहरू सामान्यतः बाख्रा, गोठाला र घरेलु नोकरको रूपमा काममा लगाइन्छन्। स्कूलमा अत्यन्त कम उपस्थिति पनि उनीहरू कमैया प्रथाभित्र समावेश हुने खतराको संकेत हो।

परिवारको आकार

परिवारको आकारको आधारमा कमैयाहरूको वितरण तालिका ४.१२ मा प्रस्तुत छ। नमुनामा परेका परिवारहरूमध्ये आधाजसो ५ वा त्योभन्दा कम सदस्य भएका परिवार छन्। परिवारको औसत आकार ६ देखिन्छ, नवलपरासीमा ४.४ प्रतिशत र रूपन्देहीमा ४.५ प्रतिशत छ।

तालिका ४.१२ परिवारको आकारअनुसार कमैयाहरु (प्रतिशत)

परिवारको आकार सङ्ख्या	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रूपन्देही	नवल परासी
५वर्षभन्दा कम	५५.०	५४.०	४३.२	४५.६	६३.९	४९.४	६३.३	७२.४
६-१०	४२.०	३९.४	५४.०	४८.४	३२.२	४३.८	३५.५	२७.६
११-१५	१.४	४.०	२.३	४.८	३.१	६.८	१.२	०.०
१६ भन्दा बढी	०.०	०.०	०.०	०.३	०.२	०.०	०.०	०.०
औसत	५.४	५.५	५.९	५.९	५.१	५.९	४.५	४.४

स्रोत : फिल्ड सर्वेक्षण २०५४

तालिका ४.१३ मा उमेर समूहअनुसार कमैया परिवारका सदस्यहरूको वितरण प्रस्तुत छ। कूल सदस्यहरूमा झण्डै एक तिहाई १० वर्षमुनिको जनसङ्ख्या छ।

तालिका ४.१३ उमेर समूहअनुसार जनसङ्ख्या (प्रतिशतमा)

उमेर समूह	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
५ वर्षमुनि	१६.१	२०.२	१८.२	१६.९	१५.७	१२.४	१८.७	१२.०
५-१० वर्ष	१८.०	१८.९	१८.८	१५.०	१७.०	१३.६	१८.६	१४.७
११-१५ वर्ष	१२.३	११.५	११.८	१२.९	१४.५	१०.१	१३.२	१२.७
१६ भन्दामाथि	५३.५	४९.३	५१.१	५५.२	५२.८	६३.९	४९.५	६०.६
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

स्रोत : फिल्ड सर्वेक्षण २०५४

जाति/जनजाति समूह

कमैयाको रूपमा काम गर्नु भनेकै थारू जनसङ्ख्याभित्रको हुनु भन्ने बुझिन्छ। तापनि हालका वर्षहरूमा गैरथारू परिवारबाट पनि कमैया प्रथामा प्रवेश भएको देखिन्छ। थारू जनसङ्ख्या धेरै भएका जिल्लाहरू कंचनपुर, कैलाली बर्दिया र दाङमा ९०प्रतिशतभन्दा बढी कमैया परिवार थारू नै छन्। (तालिका ४.१४) तर, बाँके, नवलपरासी र रूपन्देहीमा गैरथारू कमैया परिवारको सङ्ख्या पनि धेरै छ।

तालिका ४.१४ जाति/जनजाति हिसाबले कमैयाको वर्गीकरण (प्रतिशतमा)

जातीयता	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
थारु	९५.९	९८.७	८४.८	७७.९	९३.८	९४.२	५०.९	६७.३
गैरथारु	४.१	१.३	१५.२	२२.१	६.२	५.८	४९.१	३२.७
कूल	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
नमुना कमैया	३६२	६०२	६०४	३५३	४८२	३०८	१६९	१५६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

ज्याला भुक्तानीको तरिका

ज्याला भुक्तानीका विभिन्न तरिका प्रचलनमा छन्। जिल्ला जिल्लामा फरक पर्नुको साथै एउटै जिल्लाभित्र पनि प्रचलनमा फरक छ। फिल्डमा गरिएको अवलोकनका आधारमा प्रचलित तीन तरिका छोटकरीमा निम्न छन् -

(क) जिन्सी वार्षिक भुक्तानी

सामान्यतः मसुरा वा जिवाकी भनिन्छ। यसअन्तरगत धानको एक निश्चित तौलमात्र दिइन्छ र साथमा तेल, नून, लसून आदि पनि दिने चलन छ। अन्नको मात्रा ज्यादै कम निर्धारित गरिएको हुन्छ, जसले कमैया परिवारको वार्षिक उपभोग मुश्किलैले पुग्छ। झण्डै आधाजसो कमैयाहरूले जिन्सीमा भुक्तानी पाउने गरेको देखिन्छ। भुक्तानीमा ८-१२ क्विन्टलसम्म धान र त्यसको १०-१५ प्रतिशत तौल बराबरको लसूनलगायत् अन्य खाद्यवस्तु दिने गरेको पाइन्छ। तर, जिन्सी भुक्तानी पाउने कमैयाहरू सामान्यत : आफ्नै घरमा खाना खान्छन्। श्रीमती अथवा परिवारका अन्य सदस्यले खेतमा नै खाना पुऱ्याइदिन्छन्।

(ख) नगद भुक्तानी

वार्षिक ज्यालाको रूपमा नगद भुक्तानीको चलन एकदमै सीमित छ। सामान्यत : परिवारविनाका कमैया वा टाढाका गाउँबाट आएकाले मात्र नगद भुक्तानीको अपेक्षा गर्दछन्। नगदी ज्याला वार्षिक रू. ३०००-४००० सम्म रहेको पाइन्छ। यस्ता कमैयाहरूले खाना मालिककैमा प्राप्त गर्दछन् र मालिकले दिएकै झुप्रामा बस्दछन्।

(ग) उब्जनीमा हिस्सेदारी

यस किसिमको भुक्तानी प्रणालीमा मोही र कमैयामा सानो फरकमात्र हुन्छ। कमैयालाई १-२ विघा जग्गा (१ विघा)०.६ हेक्टर) दिइन्छ र त्यसमा श्रमको जिम्मा कमैयाकै हुन्छ। अरू साधनहरू भने मालिकले नै लगानी गर्दछ। उब्जनीमा कमैयाले ज्यालाको सट्टा हिस्सेदारी पाउँछन। तर, कमैयाले पाउनेमात्र उब्जनीको एक चौथाई वा एक तिहाई हुने गर्दछ। परिवारको ठूलो आकार भएका कमैयाहरूसँग मालिकहरू यस्तो सम्बन्ध बनाउने गर्छन्, यसले गर्दा खेतमा श्रमको समस्या हुँदैन। उब्जनीको यो हिस्सेदारी सामान्यत : १-२ टनसम्म हुने गर्दछ। तर, यसलाई कमैयाको ज्यालामात्र मान्न सकिँदैन, किनभने यसमा कमैया परिवारको पुरा श्रम लागेको हुन्छ।

यी प्रचलित तरिकाबाहेक धेरै गरी मिश्रित तरिकाहरू प्रचलनमा छन्। भूमिहीन कमैयाहरूलाई जिन्सी भुक्तानीअन्तरगत राखिएको भए पनि धेरै मालिकहरूले सानो टुक्रा जमिन तरकारी बारीका लागि दिएका हुन्छन्। यस्तो टुक्राको उत्पादन कमैया पारिवारले नै पुरै उपभोग गर्न पाएको देखिन्छ। मालिकले उपलब्ध गराउने खानाले पनि कमैयाहरूले आर्जन गर्ने आयको स्तरमा अन्तर ल्याईदिन्छ। कतिपय कमैयाहरूले नयाँ वा पुरानो जस्तो भए पनि लुगासमेत पाउने गरेको देखिन्छ। तालिका ४.१५ मा भुक्तानी ढाँचाअनुसार कमैयाको विवरण प्रस्तुत छ। ज्यालाविना वा मात्र खानामा, काम गरिरहेको कोही पनि पाइएनन्। ऋण चुक्ता गर्नको लागि मात्रै काम गरिरहेका पनि कोही पाइएनन्।

तालिका ४.१५ ज्याला भुक्तानीको तरिका र कमैयाहरु (प्रतिशतमा)

तरिका	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
मसुरा (जिन्सी)	४३.९	६०.५	३८.०	५६.९	७४.९	६२.३	६१.५	५५.३
नगदी	१०.२	३.३	१२.९	२०.४	३.३	८.७	२०.३	२६.४
उब्जनीमा हिस्सेदारी	४५.९	३७.२	४९.०	२२.७६	२१.८	३१.०	१८.२	१८.३

स्रोत : फिल्ड सर्वेक्षण २०५४

भुक्तानीका तरिकाअन्तरगत कमैयाहरूको प्रतिशत जिल्ला जिल्लामा फरक फरक छ। जिन्सी ज्याला पाउने कमैयाहरू दाङमा अधिकतम (७५प्रतिशत) र त्यसपछि क्रमश : कपिलवस्तु, रूपन्देही र कैलालीमा छन्। झण्डै ५ भागको १ भाग नगद ज्याला पाउने गरेको बताएका छन्।

बाँके, रूपन्देही र नवलपरासीमा अरू जिल्लामा भने नगद भुक्तानी पाउने १० प्रतिशत भन्दा कम छन्। उब्जनीमा हिस्सेदारी ज्यालाको रूपमा रोचक छ। जति पश्चिमबाट पूर्वतिर सर्दै आयो, त्यति नै उब्जा हिस्सेदारी कम पाइन्छ। बर्दियामा झण्डै ५० प्रतिशत कमैयाहरू उब्जा हिस्सेदारीको रूपमा ज्याला पाउँछन्। कमैयाहरूले ज्याला भुक्तानीको यो तरिकालाई सबैभन्दा राम्रो ठान्दछन्, किनभने यसले आम्दानी पनि बढी हुन्छ र परिवारका सदस्यहरूले पनि काम पाउँछन्। तापनि विसुद्ध बाली हिस्सेदारी अर्थात अधियाँ वा ठेक्काको तुलनामा यसबाट कम नै आम्दानी प्राप्त हुन्छ।

कमैया परिवारका महिला (बुकरही, कमलरी) र बालबालिका (गोठाला र घरेलु नोकर) को लागि भुक्तानीको तरिकाबारे विस्तृत जानकारी प्राप्त छैन। फिल्डको अवलोकनबाट महिलाहरूको ज्याला कमैयाको ज्यालाको १०-१५ प्रतिशत मात्र हुने गरेको पाइन्छ। तर, कमैया उब्जनी हिस्सेदारीको रूपमा ज्याला पाउने गरी काममा छ भने बुकरहीले कुनै किसिमको प्रत्यक्ष ज्याला पाउँदैनन्। कमैयाका केटाकेटीले दुई छाक खाना र पुराना लुगामात्र पाउँछन्।

कमैया प्रथाअन्तरगत र बाहय काममा कमैया र कमैया परिवारका सदस्य

कमैया परिवारका धेरै सदस्य कमैया प्रथाअन्तरगत नै कमैया, बुकरही र गोठालाका रूपमा काम गरिरहेका पाइन्छन्। कमैया प्रथाबाहिर ज्याला श्रमिकको रूपमा वा अन्य काममा पनि केही सदस्य लागेका पाइन्छन्। तालिका ४.१६ मा कमैया परिवारका सदस्यहरूका आर्थिक गतिविधिबारे जानकारी प्रस्तुत छ। सामान्यत : कमैया परिवारका दुईभन्दा बढी सदस्य कमैया प्रथाअन्तरगत नै काममा संलग्न पाइन्छन्- कमलरी, बुकरही वा गोठालाको रूपमा

तालिका ४.१६ कमैया प्रथाअन्तरगत वा वाह्य काममा कमैया र कमैया परिवारका सदस्यहरु

कामको प्रकार	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
कमैया प्रथा अन्तरगत								
कमैया	५७३	८३८	८१९	५४१	५६९	४१५	१८१	१७७
बुकरही	२२१	५३२	७१७	२४१	२२३	१२४	७३	१७
गोठाला	५७	१४३	१८७	२१८	९६	२०	५०	७
जम्मा	८५१	१५१३	१७२३	१०००	८८८	५५९	३०४	२०१
वाह्य काममा								
ज्याला श्रमिक	९०	२७१	१९४	५३	१८५	४२६	२२३	२१३
अरु काम	८	२३	३७	६	२६	५२	१८	५
जम्मा	९८ (०.३)	२९४ (०.५)	२३१ (०.४)	५९ (०.२)	२११ (९.४)	४७८ (१.६)	२४१ (१.५)	२१८ (१.३)
कूल	९४९ (२.६)	१८०७ (३.०)	१९५४ (३.३)	१०५९ (३.०)	१०९९ (२.२)	१०३७ (३.४)	५४५ (३.४)	४१९ (२.५)

नोटः कोष्ठकका अंकले सदस्यहरुको औसत सङ्ख्या बुझाउँछ।

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैयाको ज्यालाबारे जानकारी

ज्यालाको भुक्तानी जिल्ला जिल्लावीच मात्र नभएर एउटै जिल्लाभित्र पनि फरक फरक पाइन्छ। एउटै गाउँमा समेत ज्याला भुक्तानीको तह र रोजगारीसम्बन्धको किसिममा अन्तरहरू देखिन्छन्। कमैया उत्तरदाताहरूलाई गाउँमा विद्यमान ज्याला अन्तरबारे प्रश्नहरू गरिएको थियो। झण्डै २/५ कमैयाहरूले अरू कमैयाहरूलाई आफ्नोभन्दा वढी ज्याला दिइएको आफूलाई थाहा भएको बताए। त्यस्तै २५-५० प्रतिशत कमैयाले आफूहरूले भन्दा अन्य कमैयाले कम ज्याला पाइरहेको बताए।

तालिका ४.१७ कमैयाको ज्याला स्तरबारेको जानकारी (प्रतिशतमा)

विचार	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिलवस्तु	रुपन्देही	नवलपरासी
उच्च ज्याला	३६.५	४५.५	२२.७	४०.८	३६.५	३८.०	५६.८	५६.४
न्यून ज्याला	४७.०	४६.५	२५.२	३१.४	२४.५	३३.४	४९.१	५९.६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैया बहुल क्षेत्रहरूमा दैनिक ज्यालामा श्रमिकलाई काममा लगाउने चलन पनि छ। उत्तरदाताहरूलाई ती क्षेत्रमा यस्ता ज्याला श्रमिकको दैनिक ज्यालाहरू सोधिएको थियो। यसअनुसार वयस्क पुरूषको रूपन्देहीमा रू. ३८ देखि कंचनपुरमा रू. ५६ सम्म पाइयो। महिलाको दैनिक ज्याला यी सबै जिल्लामा पुरूषको भन्दा कम रहेको पाइयो। बालश्रमिकहरूको ज्याला वर्दियामा रू. २५ देखि कंचनपुरमा रू. ४१ सम्म देखिन्छ। तर, दैनिक ज्यालमा खेतीको काम मुख्य सिजनमा मात्र लगाइने गरेको र वर्षमा ५०-१०० दिनमात्र श्रमिकले रोजगारी पाउने देखिएको छ।

तालिका ४.१८ दैनिक ज्याला दर (रुपैयामा)

	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाँङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
पुरुष	५६	५३	४५	४८	५७	४६	३८	४२
महिला	५३	४१	३९	४३	४४	३८	३२	३७
बालबालिका	४१	३५	२५	२७	३९	३१	२७	३५

ऋण

कमैया प्रथाको अत्यन्त महत्वपूर्ण तत्व हो-ऋण। कमैयाहरूले औषधोपचारजस्ता आपतकालीन कामका लागि र खाद्यान्नको दैनिक आवश्यकता पुरा गर्न तथा परम्परागत सामाजिक कामका लागि ऋण लिने गर्दछन्। धेरै कमैयाहरूले बाबु बाजेको ऋणलाई पनि बहन गरिरहेका छन्। आफ्नै मालिकसँग ऋण लिन्छन् र ऋण काम गर्दै जाँदा घट्ने होइन झन् बढ्दै जाने गर्दछ।

तालिका ४.१९ ऋण र ऋणग्रस्त कमैयाहरु

विवरण	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
बाबु बाजेको ऋण बोकेको कमैयाको प्रतिशत	३१.५	४.५	१७.२	८.८	१४.१	१२.०	५.१	१३.६
ऋणग्रस्त कमैयाको प्रतिशत	८४.८	६४.१	३४.६	३६.०	४१.९	६०.१	६६.७	७८.१
औसत ऋण(रु)	९२१८	५४७२	२२५३	५४५४	४५९२	३९३३	३४९०	३८२५

स्रोत : फिल्ड सर्वेक्षण २०५४

ज्यादै न्यून ज्याला भएकोले कमैयाहरू ऋण तिर्न सक्तैनन्, वरू तीमाथि बर्षैपिच्छे झन् झन् ऋण थपिंदै जान्छ। त्यसपछि त्यही ऋणले बन्धनको सिर्जना गर्दछ र मालिक परिवर्तन गर्न उसले नसक्ने हुन्छ। मालिक परिवर्तन गर्न उसले तबमात्र सक्तछ, जब नयाँ मालिक उसको ऋण तिरिदिन तयार हुन्छ। त्यो ऋण नयाँ मालिकमा सर्दछ।

तालिका ४.१९ ले संकेत गरेअनुसार बढीमा कंचनपुरका एक तिहाई नमुना कमैयाहरूले बाबु बाजेको ऋण बोकिरहेका छन्, कैलालीमा भने यस्तो ऋण ४.५५ ले मात्र बहन गर्नु परेको छ। सबै जिल्लाको औसत हेर्ने हो भने बाबु बाजेको ऋण बोक्ने कमैयाहरू झण्डै १० प्रतिशत छन्। ऋणको रकम पनि सबैभन्दा बढी कंचनपुरमा र कम बर्दिया पाइएको छ।

ऋण र व्याज तथा अन्य भुक्तानी

कमैयालाई दिइएका ऋणमा लिइने व्याजमा धेरै भिन्नताहरू छन्। झण्डै ७५ प्रतिशत कमैयाहरू कंचनपुर र कैलालीमा मालिकले कुनै व्याज नलिएको बताउँछन्। तर, बाँके, दाङ र बर्दियामा एक तिहाइले मात्र निर्व्याजी ऋण पाएको बताएका छन्। कपिलवस्तु, रूपन्देही र नवलपरासीका दुई तिहाई कमैयाहरूले निर्व्याजी ऋण पाएको बताएका छन्।

तालिका ४.२० कमैया ऋणमा व्याज र अन्य भुक्तानी (प्रतिशतमा)

विवरण	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु-	रुपन्देही	नवल-परासी
व्याज नपर्ने	८३.४	७६.२	३८.७	३५.१	३५.१	६७.९	६९.८	६७.३
ज्यालामार्फत ऋण तिरिने	२८.५	१६.४	१४.४	२५.५	१४.१	३७.०	३०.२	२६.९
ऋणमा जरिवाना जोडिने	११.९	१२.८	९.१	१७.५	१०.२	३२.५	१८.९	२२.४

स्रोत : फिल्ड सर्वेक्षण २०५४

एक चौथाइभन्दा कम कमैयाहरूले आफ्नो ज्यालाको केही भाग ऋण चुक्ता गर्न उपयोग हुने बताएका छन्। सामान्यत : ज्याला आय घर खर्चको लागि नपुग हुने हुँदा ऋण तिर्नका लागि बचत हुन सक्ने देखिँदैन।

कमैया र परिवार नियोजन

धेरै सरकारी हस्तक्षेपहरूमध्ये परिवार नियोजन सेवाद्वारा हस्तक्षेप महत्वपूर्ण मानिन्छ। कमैया उत्तरदाताहरूलाई उनीहरूले परिवार नियोजनबारे सुनेका छन्-छैनन्, परिवार नियोजन साधनको प्रयोग गरेका छन्-छैनन् र छैनन् भने कारण के हो भनी सोधिएको थियो। आधाजसो उत्तरदाताले परिवार नियोजनबारे सुनेको बताए, झण्डै २० प्रतिशत ले परिवार नियोजनका साधन प्रयोग गरेको बताए। सुन्नेहरूमध्ये आधाजसोले साधन प्रयोग नगरेको र कहाँ पाइन्छ भन्ने पनि थाहा नभएको बताए। कमैयाहरू काममा अत्यधिक व्यस्त रहने हुनाले परिवार नियोजन सेवा दिनेहरूको पहुँचभन्दा बाहिर परेका छन्।

तालिका ४.२१ कमैया र परिवार नियोजन (प्रतिशतमा)

विवरण	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल-वस्तु	रुपन्देही	नवल-परासी
परिवार नियोजनबारे सुनेका	४५.९	४५.७	६७.७	६७.७	५७.९	५३.९	५६.२	६४.७
साधन प्रयोग गरिरहेका	२३.२	२६.१	२९.८	१०.८	२४.७	१६.२	१६.०	२२.४
आवश्यक छैन भन्ने	३५.६	३४.४	२६.८	५९.८	४२.५	३०.५	३९.१	४१.०
पाइएन भन्ने	१.४	१८.८	२.६	२.३	३.९	१०.४	४.१	५.८
प्रयोग विधि थाहा छैन भन्ने	६३.०	४६.९	७०.५	३८.०	५३.५	५९.१	५३.२	५६.८

स्रोत : फिल्ड सर्वेक्षण २०५४

भारततिर कामको खोजीमा कमैया परिवार

हालैका बर्षहरूमा कमैया परिवारका सदस्यहरू कामको खोजीमा भारत पस्ने नयाँ प्रवृत्ति शुरू भएको छ। तालिका ४.२२ मा यसबारेको जानकारी प्रस्तुत गरिएको छ। कपिलवस्तुको नमुनामा झण्डै २० प्रतिशत यो आप्रवासन भएको बताए, रूपन्देहीमा ११ प्रतिशत र दाङमा ६ प्रतिशत परिवारमा यो देखिएको छ। प्रवासिएका सदस्यहरू वर्षमा धेरै महिना खेतीकै काममा संलग्न हुन्छन्। स्थायी रूपले नविदेशिए पनि धेरैजसो समय भारतमा नै बिताउँछन्।

तालिका ४.२२ परिवारका सदस्य भारत गएको बताउने कमैयाहरु

विवरण	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिलवस्तु	रुपन्देही	नवल परासी
प्रवास गएको बताउनेहरु	१.०	१.०	५.०	४.०	६.४	१९.५	१०.७	०.०
औसत वार्षिक आएको रुपियाँ	३३४६	४६६७	८२७	१२८६	२०१०	१९२८	५०००	०.०

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैया र मतदान

कमैयाहरूको राजनीतिक अभिव्यक्तिलाई तिनीहरूको मतदानको प्रतिशतबाट हेर्न सकिन्छ। २०५१ को मध्यावधि आमचुनावमा उनीहरूले मतदान गरे, गरेनन्, स्वतन्त्ररूपले गरे वा मालिकको भनाईअनुसार गरे भनी सोधखोज गरियो। कंचनपुरमा ७० प्रतिशत ले आफ्नो विचारअनुसार मतदान गरेको बताए। अरू जिल्लामा ८० प्रतिशत भन्दा बढीले आफूले रोजेको उम्मेदवारलाई आफैँ मत दिएको बताए। मालिकको भनाईअनुसार मत दिएको बताउनेहरू कपिलवस्तुमा १० प्रतिशत र अन्य

जिल्लामा २-५) मात्र पाइए। झण्डै १० प्रतिशत कमैयाहरूले यसवारि कुनै उत्तर दिन सकेनन्। सायद, मतदानका लागि उनीहरूले कामवाट विदा पाएनन्।

तालिका ४.२३ कमैया र मतदान

मत दिने कमैयाको	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
आफ्नै विचारले	६९.१	८६.२	८०.६	८१.०	८०.३	८३.८	९.८.२	९१.७
मालिकको भनाईले	२.२	१.८	२.६	२.८	४.४	९.४	१.८	५.१
गाउँलेको भनाईले	१५.७	४.२	६.०	४.०	७.९	५.२	०.०	०.६
उत्तर नदिनेहरु	१३.०	७.८	१०.८	१२.२	७.५	१.६	०.०	२.६
नमुना कमैयाहरु	३६२	६०२	६०४	३५३	४८२	३०८	१६९	१५६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैया मालिकहरु

जाति/जनजाति समूह

तालिका ४.२४ मा कमैया मालिकहरूको जातीय वितरण प्रस्तुत छ। सबै मालिकहरूलाई मोटामोटी तीन समूहमा थारू, पहाडे र अन्य भनेर छुट्याइएको छ। पहाडेअन्तगरत बाहुन, क्षेत्रीलगायत् नेपाली भाषा बोल्ने पहिले पहाड घर भएकाहरू गणिएका छन्। अन्यमा यादव, मुसलमान र नेपाली मातृभाषा नभएकाहरू छन्।

तालिका ४.२४ कमैया मालिकहरुको जाति समूह (प्रतिशतमा)

जातिय समूह	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
थारु	३८.१	१९.३	४१.५	१५.३	७१.१	२६.९	४२.०	११.५
पहाडे	५६.७	५२.१	२९.०	५०.७	१७.७	२५.०	११.८	४०.४
अन्य	५.२	२८.६	२९.५	३४.०	११.२	४०.१	४६.२	४८.१

स्रोत : फिल्ड सर्वेक्षण २०५४

पहाडे मालिहरूको अनुपात दाङ, रूपन्देही, बर्दिया र कंचनपुरमा उच्च छ। थारू मालिकहरूको अनुपात कंचनपुर, कैलाली, नवलपरासी र बाँकेमा उच्च छ। थारू मालिकहरूकहाँ काम गर्दा भाषा, संस्कृति र खाद्य समानताको कारणले र कतिपय अवस्थामा नातेदारीले गर्दा पनि आफूहरूलाई राम्रो रहेको भन्ने भनाई धेरै कमैयाहरूको थियो।

मालिकसँगको नातेदारी

तालिका ४.२५ मा यसबारे जानकारी प्रस्तुत गरिएको छ। झण्डै ३५ प्रतिशत कमैयाहरू बर्दियामा आफ्नो मालिकसँग निकट पारिवारिक सम्बन्ध भएका छन् (रक्त सम्बन्धसमेत)। नवलपरासी र रूपन्देहीमा ५ प्रतिशत उत्तरदाताहरूले मालिकसँग आफ्नो नाता रहेको बताए।

तालिका ४.२५ मालिकसँगको सम्बन्धमा कमैयाहरु (प्रतिशत)

नाता	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
छ	२९.६	३३.१	३५.३	१५.०	१७.०	१८.२	५.१	४.१
छैन	७०.२	६५.९	५९.१	८४.१	८२.६	८१.५	९४.९	९५.९
थाहा छैन	०.३	१.०	५.६	०.८	०.४	०.३	०.०	०.०
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

स्रोत : फिल्ड सर्वेक्षण २०५४

मालिकहरुको भूस्वामित्व

ठूला भूमिपतिले मात्र होइन, मध्यम र थोरै जमिन भएका किसानहरूले पनि खेतीको कामका लागि कमैया राख्ने गर्दछन्। सामान्यत : हरेक १.२ -१.५ हेक्टर जमिनमा एक कमैया काममा लगाइएको हिसाब निस्कन्छ। तालिका ४.२६ मा जोतको आकार र कमैया मालिकको प्रतिशत देखाइएको छ। झण्डै एक तिहाई कमैया मालिकहरू साना र सीमान्त जग्गा धनीहरू (४ विघाभन्दा कम) छन्। दुई तिहाईको जग्गा ४ विघाभन्दा बढी वा २.५ हेक्टर छन्। खास गरी पहाडे जग्गा धनीहरूले धेरैजसो सानो जोतको आकार भएपनि कमैयाहरू लगाउने गरेको पाइन्छ।

तालिका ४.२६ जोतको आकार र मालिकहरु (प्रतिशतमा)

जमिन विघा	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
२ भन्दा कम	१.१	३.३	१.५	२.०	१.२	४.२	१३.०	३.२
२-४	३५.९	३८.७	२६.०	२३.८	२१.४	१४.६	२१.९	७.७
५-९	४३.९	३३.१	३४.९	२७.८	२५.३	२९.५	३३.७	२९.५
१० भन्दा बढी	१९.१	२४.९	३७.६	४६.५	५१.१	५१.६	३१.४	५९.६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

मालिकहरुको पशुपालन

कमैया मालिकहरूले निकै पशु पाल्ने गरेको देखिन्छ। प्रति परिवार ९-२३ पशु र त्यसमा भैंसीजस्ता ठूला पशु लगभग ८० प्रतिशत पालिएको पाइन्छ (तालिका ४.२७ प्रतिशत। पशुहरू जोत्ने तथा दूध र मल प्राप्त गर्ने हिसाबले पालिन्छन्। यी परिवारले बालश्रमिक गोठालाको पनि प्रयोग गर्दछन्।

तालिका ४.२७ मालिकहरुको पशुपालन (सङ्ख्यामा) प्रति परिवार

पशु	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
गाई	६	५	८	८	९	१०	४	१३
भैंसी	३	३	५	४	४	५	३	३
बाख्रा	२	३	३	३	३	१	२	७

स्रोत : फिल्ड सर्वेक्षण २०५४

मालिककहाँ काम गर्ने कमैया र अरु कामदार

कमैया मालिकहरूले औसत १ जनाभन्दा बढी कमैया, बुकरही र गोठालासमेत काममा लगाएको पाइन्छ। तालिका ४.२८ मा यो सङ्ख्या दिएको छ। जिल्लाहरूमा कमैया प्रथाअन्तरगत काममा लगाइएकाहरूको सङ्ख्या कुनै निश्चित ढाँचा देखिँदैन। कंचनपुरमा औसत २.२ देखि बर्दिया र कपिलवस्तुमा ६.६ सम्म कमैया प्रयोग गरिएको देखिएको छ।

तालिका ४.२८ कमैया प्रथाअन्तर्गत मालिकहरुले काममा लगाएको औसत सङ्ख्या

श्रमिक	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिलवस्तु	रुपन्देही	नवलपरासी
कमैया	१.५	१.७	३.०	३.१	२.५	४.९	२.०	३.४
बुकरही	०.५	०.६	२.८	१.५	०.६	१.१	०.२	०.०
गोठाला	०.२	०.५	०.८	०.४	१.२	०.०६	०.६	१.२
जम्मा	२.२	२.८	६.६	५.०	४.८	६.६	२.८	४.६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैयाप्रति मालिकको व्यवहार

कमैया उत्तरदाताहरूबाट मालिकको व्यवहारसम्बन्धी जानकारी पाएअनुसार झण्डै ८० प्रतिशत ले राम्रो व्यवहार रहेको बताए। १०-२० प्रतिशत ले गाली गलौज हुने गरेको बताए। तर, कुटपीट भने १ प्रतिशत भन्दा कमले हुने गरेको विचार व्यक्त गरे। त्यसै गरी काम गर्दा नोक्सानी भएमा जरिमाना तिर्नुपर्ने जानकारी पनि १-२ प्रतिशत उत्तरदाताहरूले दिए।

तालिका ४.२९ मालिकको व्यवहारको आधारमा कमैयाको वितरण (प्रतिशतमा)

मालिकको व्यवहार	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रूपन्देही	नवल परासी
राम्रो	८४.३	७४.९	८०.०	७८.५	६७.८	७३.१	८४.०	८१.४
गाली अपशब्द	१३.८	२०.१	१४.७	१८.७	२३.२	१९.८	८.९	११.५
कुटपीट	०.०	०.७	०.३	०.३	२.५	१.९	०.६	०.६
जरिवाना	०.८	२.२	३.३	१.४	६.०	४.९	६.५	१.९
थाहा छैन	१.१	२.२	१.७	१.१	०.४	०.३	०.०	४.५
नमुना कमैया	३६२	६०२	६०४	३५३	४८२	३०८	१६९	१५६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

हस्तक्षेप र दृष्टिकोण

विकासमूलक हस्तक्षेप र कमैयाहरु

विगत आधा दशकदेखि कमैयाहरूलाई सहयोग गर्न र कमैया प्रथामा सुधार गर्न हस्तक्षेपहरूको श्रृंखला नै चलेको छ। पाँचवटा कमैया बहुल जिल्लाहरूमा लगभग एक दर्जन राष्ट्रिय गैरसरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू क्रियाशील छन्। गत वर्षदेखि सरकारले पनि कमैया विकास कार्यक्रममा बजेट छुट्याउँदै आएको छ। यी विकासमूलक गतिविधि र यिनबाट प्राप्त फाइदाबारे उत्तरदाताहरूसँग सोधखोज गरिएको थियो। कपिलवस्तु, रूपन्देही र नवलपरासीमा कमैया लक्षित कार्यक्रमहरू संचालन नभएकाले पाँच जिल्लाको मात्र यहाँ अध्ययन गरिएको छ।

तालिका ४.३० मा सचेत र विकासमूलक हस्तक्षेपबाट लाभ पाएका कमैयाहरूको सङ्ख्या दिइएको छ। कैलालीमा यो सङ्ख्या ८ प्रतिशत छ भने बाँकेमा बढीमा ३७ प्रतिशत सम्मको छ। सबै जिल्लाको समग्रमा हेर्दा लगभग २० प्रतिशत कमैयाहरूले कमैया कार्यक्रमको बारेमा जानकारी पाएका र यसबाट लाभ पाएका छन्।

कार्यक्रमबाट लाभ पाएकाहरूमा धेरैजसोले शिक्षासँग सम्बन्धित कार्यक्रमबाट फाइदा भएको बताए। साक्षरता, चेतना अभिवृद्धि र बालशिक्षालाई शिक्षासम्बन्धित कार्यक्रम भन्न सकिन्छ। दाङका ४० प्रतिशत कमैयाहरूले आय आर्जन सहयोग कार्यक्रमहरूबाट फाइदा पाएको बताए, कंचनपुरका १६ प्रतिशत को पनि यस्तै भनाई छ।

तालिका ४.३० विकासमूलक हस्तक्षेप र कमैयाहरु (प्रतिशतमा)

गतिविधि	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ
लाभ मिलेको	७५ (२०.८)	४९ (८.१)	१७९ (२९.६)	१२९ (३६.५)	११३ (२३.४)
आय आर्जन	१६.०	३०.६	३५.८	२०.२	४७.७
शिक्षा	७८.७	५७.१	५८.७	७९.१	५४.९
स्वास्थ्य	०.०	२.०	१.७	०.०	२.७
अन्य	१.३	२.०	३.९	०.८	१.८
उत्तर नदिनेहरु	४.०	८.२	०.०	०.०	०.०
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैया कार्यक्रमहरूबाट लाभान्वित हुनेहरूमध्ये कुनै परिवारबाट कसले लाभ पायो भन्दा कमैयाहरू नै मुख्य देखिए। बर्दियामा २५ प्रतिशत देखि दाङमा ४५ प्रतिशत सम्म विकासमूलक हस्तक्षेपबाट फाइदा पाउनेमा बालबालिका दोस्रो समूहमा पर्दछन्। यी जिल्लाहरूमा १०-४१ प्रतिशत बालबालिका लाभान्वित भएको भन्ने भनाई छ।

तालिका ४.३१ कार्यक्रमबाट लाभान्वित कमैया र परिवारका सदस्य (प्रतिशतमा)

लाभान्वित	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ
आफैं	३६.०	३८.८	२५.१	२७.१	४५.१
पत्नी	१०.७	४.१	१४.०	२.३	१०.६
छोरा छोरी	४१.३	१०.२	१८.४	२२.५	८.८
अन्य	१२.०	१२.२	१६.२	१७.८	१२.४
पुरै परिवार	०.०	३४.७	२६.३	३०.२	२३.०
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैयाहरुको प्राथमिकता

कमैया उत्तरदाताहरूले कमैया नै रहने कि स्वतन्त्र हुने भन्दा सबैले नै कमैया रहने कुरा रूचाएनन्। कमैया प्रथाबाट मुक्त भएपछि कस्तो काममा लाग्ने वा कस्तो सहयोग चाहिन्छ भन्ने पनि सोधिएको थियो। सबैजसो कमैयाको प्राथमिकता खेती, आफ्नै काम र दैनिक ज्यालाको काममा केन्द्रित हुने भन्ने रह्यो। जमिन पाए आफ्नै खेतीमा लाग्ने विचार कपिलवस्तुमा २७ प्रतिशत ले र कंचनपुरमा ९८ प्रतिशत कमैयाले व्यक्त गरे। त्यस्तै बर्दियामा २५ प्रतिशत देखि कंचनपुरमा ७६ प्रतिशत सम्मले दैनिक ज्यालामा श्रम गर्ने इच्छा व्यक्त गरे।

तालिका ४.३२ कमैयाहरुका प्राथमिकताका गतिविधिहरु (प्रतिशतमा)

गतिविधि	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
खेती	४९.२	८३.९	८५.४	९७.७	६८.३	२६.९	५८.०	४५.५
आफ्नै काम	६६.९	४३.०	७.६	१४.४	३२.६	२५.३	१९.५	१६.७
दैनिक ज्याला	७५.७	६०.१	२५.३	३०.३	६०.६	४४.५	३१.४	६५.४
व्यवसाय (व्यापार)	३.९	३.७	४.५	३.७	३.३	९.७	२१.३	१४.१
अन्य	२.२	०.८	८.६	०.८	३.७	०.०	०.६	१.९
उत्तर नदिने	३.६	०.३	१.७	०.६	७.५	०.०	४.१	१.३
नमुना कमैया	३६२	६०२	६०४	३५३	४८२	३०८	१६९	१५६

स्रोत : फिल्ड सर्वेक्षण २०५४

कमैया सम्बन्ध परिवर्तन

विद्यमान कमैया सम्बन्धलाई परिवर्तन गर्न नै सरकारी तथा गैरसरकारी संस्थाहरूले धेरैजसो विकास हस्तक्षेप अघि बढाएका हुन्। नमुना उत्तरदाताहरूबाट ज्याला स्तर, कामको भार र अन्य सान्दर्भिक प्रश्नहरूमा आएका परिवर्तनहरूबारे जानकारी लिने चेष्टा गरियो - तालिका ४.३३। ज्याला स्तरमा बृद्धि भएको भन्नेहरू २०-६० प्रतिशत सम्म थिए। तर, कामको भारको बृद्धिले यो ज्याला बृद्धिलाई निलिदिएको देखिन्छ भनेर १७-५० प्रतिशत उत्तरदाताहरू कामको भार बढेको बताउँछन्। त्यस्तै मालिकको अन्यायपूर्ण व्यवहार पनि बृद्धि भएको भन्ने ५-१८ प्रतिशत उत्तरदाताहरू (रूपन्देही र नवलपरासीबाहेक) पाइएका छन्।

तालिका ४.३३ विगत ५ वर्षमा आएको परिवर्तनः कमैयाहरुको विचार (प्रतिशतमा)

बृद्धि भएको	कंचनपुर	कैलाली	बर्दिया	बाँके	दाङ	कपिल वस्तु	रुपन्देही	नवल परासी
ज्याला	३७.०	३१.९	१९.५	२१.८	२१.७	६०.१	४१.४	५१.३
कामको भार	१६.९	५०.५	२०.९	३७.५	२०.१	३९.०	२९.०	१०.९
मालिकको अन्याय (गाली, यातना)	७.२	१८.४	७.०	५.९	५.२	१३.६	१.८	१.०
अनुपस्थित भएमा ज्याला कट्टी	६.६	१३.०	५.६	५.७	२.९	१३.३	९.५	०.०

स्रोत : फिल्ड सर्वेक्षण २०५४

परिच्छेद – ५

कमैयाहरुको तुलनात्मक अवस्था : २०४८ र २०५४

परिचय

२०४८ को इन्सेकको कमैया सर्वेक्षण कैलाली, कंचनपुर र बर्दिया तीन जिल्लामा गरिएको थियो। राष्ट्रिय एजेण्डाको रूपमा राष्ट्रिय स्तरमा कमैया समस्यालाई ल्याउन त्यो सर्वेक्षण प्रतिवेदन सफल रह्यो। यस प्रतिवेदनको प्रकाशनपछि इन्सेक स्वयम् र झण्डै एक दर्जन जति गैरसरकारी संस्थाहरू तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमध्ये र सुदूरपश्चिम तराईका यी ५ जिल्लामा कमैया समस्यामा कार्यरत् भएका छन्। चार वर्ष यता सरकार पनि कमैया कार्यक्रममा वार्षिक बजेट बाँडफाँड गर्दै आएको छ। यी सबै क्रियाकलापका साथसाथै समयको पनि कमैया प्रथामा प्रभाव परेको छ। कमैया प्रथा के साँच्चै नै परिवर्तित हुँदैछ वा कसरी परिवर्तित हुँदैछ भन्नेबारे धेरै कुरा जानकारीमा आएको छैन्। यस परिच्छेदमा इन्सेकको २०४८ को प्रतिवेदन र यस सर्वेक्षणले देखाएका तथ्यहरू तुलना गर्ने प्रयास गरिएको छ।

सतर्कता र सीमाहरु

क) इन्सेकको २०४८ को प्रतिवेदनले ३ जिल्लाका सबै कमैया परिवारबाट संकलन गरिएको जानकारीको विश्लेषण गरेको छ। यस प्रतिवेदनमा चाहिँ केही कमैया परिवारको नमुना ती तीनै वटा जिल्लाको साथै अन्य पाँच जिल्लाको पनि लिइएको छ। यसर्थ २०४८ को इन्सेक प्रतिवेदनले समेटेको कमैया परिवारको एउटा उपसमूहमात्र यस प्रतिवेदनले लागि समेटेको छ।

ख) इन्सेकको २०४८ को प्रतिवेदनले धेरै तालिकाहरूमा तथ्यांक पेश गरेको छ र तथ्यांकमा असंगति पनि धेरै छ। उदाहरणको लागि कमैया परिवारका सदस्यहरूको सङ्ख्या र कामबारे तालिका १०.४० र १०.१२ मा धेरै ठूलो अन्तर छ। साथै त्यसमा उत्तरदाताहरूले जवाफ नदिएको पनि धेरै छ। यस सर्वेक्षणमा भने यस्तो अवस्था न्यूनतम छ। उत्तरदाताहरूमा चेतना बढेर पनि यसो भएको हुनसक्दछ।

ग) सामाजिक आर्थिक अवस्थाहरूको तुलना गर्न इन्सेकको २०४८ को सर्वेक्षणको तथ्यांक त्यति सहायक हुन सक्तैन। जनसांख्यिक विशेषताहरूको विश्लेषणमा मात्रै ध्यान दिएको पाइन्छ। तुलना गर्दा त्यस प्रतिवेदनका कतिपय जानकारीहरूको पुनर्गणनासमेत गर्नुपरेको छ। उदाहरणका लागि तालिका १८ को "ऋणको अवस्था" यतिदेखि यतिसम्म भन्ने हिसाबले दिइएको छ. तुलनाका लागि औसत रकम पुनर्गणना गरिएको छ।

घ) तालिका ४.३१ देखि ४.३४ सम्मको यस सर्वेक्षणका तथ्यांकले विगत ६–७ वर्षको अवधिमा आएका परिवर्तनको विश्लेषण गर्न मद्दत गर्दछ। तथापि विशेष हस्तक्षेपहरूबाट उत्पन्न परिवर्तनहरूलाई छुट्टै खुट्याउन एकदमै कठिन छ।

तैपनि यसबाट यी वर्षहरूमा कमैया अवस्थामा स्थिरता र संक्रमणबीच केही अन्तर्दृष्टि पाउने गरी तुलना गर्न सहयोग पुग्नेछ।

तुलना

कमैया रोजगारीसँग सम्बन्धित विभिन्न प्रश्नहरूको तुलना गरिएको छ। कमैया विशेषसँग सम्बन्धित साथै पूरै परिवारका सदस्यहरूसँग सम्बन्धित प्रश्नहरू पनि तुलना गरिएका छन्।

उमेरको संरचना

कमैयाहरूको उमेर संरचनामा कुनै खास परिवर्तन आएको देखिँदैन- तालिका ५.१। १५ वर्षभन्दा मुनिको उमेरका कमैयाहरूको सङ्ख्या बर्दियामा अझै घटेको देखिए पनि अरू जिल्लामा लगभग उस्तै उस्तै छ। यसले के संकेत गर्दछ भने कमैया प्रथामा प्रवेशको प्रचलन उही छ।

तालिका ५.१ कमैयाहरुको उमेर संरचना (प्रतिशतमा)

उमेर समूह	कंचनपुर		कैलाली		बर्दिया	
	२०४८	२०५४	२०४८	२०५४	२०४८	२०५४
१५ वर्ष मुनि	२.३	२.८	२.४	२.२	३.१	१.३
१६-१९	१०.६	९.९	१०.३	६.३	१०.१	५.६
२०+	८७.१	८७.३	८७.३	९१.५	८६.८	९१.३

स्रोत : फिल्ड सर्वेक्षण २०५४ र इन्सेक २०४८

काम शुरु गर्दाको उमेर

कमैया प्रथामा प्रवेश गर्दाको उमेरबारेको जानकारी तालिका ५.२ मा दिइएको छ। कंचनपुरमा १० प्रतिशतभन्दा कम १४ वर्षमुनिकाहरू कमैया प्रथामा प्रवेश गर्दछन्, तर अरू जिल्लामा ३० प्रतिशत कमैयाहरू अझै पनि १४ वर्षमुनिकै उमेरमा प्रवेश भएका देखिन्छन्। यस ढाँचामा कुनै उल्लेखनीय परिवर्तन भएको देखिन्न।

तालिका ५.२ कमैयाको रुपमा काम शुरु गर्दाको उमेर (प्रतिशतमा)

वर्ष	कंचनपुर		कैलाली		बर्दिया	
	२०४८	२०५४	२०४८	२०५४	२०४८	२०५४
१० वर्षमुनि	२.०	१.२	६.२	४.३	७.०	८.१
१०-१४	५.६	५.३	२४.८	२२.६	२०.०	२१.७
१४+	९२.४	९३.५	६९.०	६३.१	७७.०	७०.२

पुस्तौंदेखि कमैया :

तालिका ५-४ "क" मा पुस्तौंदेखि एउटै मालिककहाँ कार्यरत कमैयाहरूको अनुपात देखाइएको छ। इन्सेकको २०४८ को प्रतिवेदनले मालिकको विषयमा उल्लेख नगरी कति पुस्ताबाट कमैया रहेको भन्नेमात्र जानकारी पेश गर्दछ (तालिका ५.३ "ख")। यी दुई तालिकाको साँच्चै भन्ने हो भने तुलना गर्न मिल्दैन. तापनि यी दुईले पुस्तैनी गतिहीनताको बारेमा अन्तर्दृष्टिका लागि महत्व गर्छन्। झण्डै १० प्रतिशत कंचनपुर र कैलालीका कमैयाहरू बाबु र बाजेले काम गरेकै मालिकको घरमा कार्यरत् छन्। बर्दियामा यो प्रतिशत निकै धेरै (२७ प्रतिशत) छ। यो पुस्तैनी गतिहीनता चरम ऋणग्रस्तता र ऋणबचनको कारण उत्पन्न भएको हो।

तालिका ५.३ "ख" मा प्रस्तुत तथ्यांकले पुस्तौंदेखिको पेशागत गतिहीनतातर्फ संकेत गर्दछ। यसबाट कमैयाको रूपमा काम गर्नु नयाँ प्रवृत्ति रहेछ भन्ने धारणा बन्नसक्छ। किनभने २०४८मा एक चौथाई कमैयाका मात्र बाबुहरू पनि कमैया थिए भन्ने तथ्यांक देखिएको छ। वास्तवमा परम्परागत आदिवासी अधिकारहरू नष्ट भएपछि खास गरेर २००७ सालपछि जग्गाको नापी हुनु थाल्नु तथा पहाडबाट झर्ने र स्थानीय बाटाटाठाहरूले जग्गामा कानुनी हक स्थापित गरेपछि कमैया प्रथाले वर्तमान आकार ग्रहण गऱ्यो।

तालिका ५.३ "क" पुस्ताअनुसार कमैया उही मालिकसँग (प्रतिशतमा) २०५४ मा

पुस्ता	कंचनपुर	कैलाली	बर्दिया
बाबु कमैया रहेको	७.५	९.५	२३.२
बाजे कमैया रहेको	०.८	२.२	३.८

स्रोत : फिल्ड सर्वेक्षण २०५४

तालिका ५.३ "ख" पुस्ताअनुसार कमैया (एउटै मालिक नहुन पनि सक्छ) २०४८ मा

पुस्ता	कंचनपुर	कैलाली	बर्दिया
बाबु कमैया रहेको	४५.१	२४.५	२४.३
बाजे कमैया रहेको	३१.३	३६.४	१७.८

स्रोत : इन्सेक २०४८

सेवा वर्षअनुसार कमैया

एउटै मालिकसँग कमैयाले बिताएका वर्षहरू तालिका ५.४ "क" मा प्रस्तुत छ। कंचनपुर र कैलालीमा लगभग ६ प्रतिशत कमैयाहरूले एउटै मालिककहाँ १० वर्षभन्दा बढी अवधिदेखि काम गरिरहेका छन्। यो प्रतिशत बर्दियामा १६ छ। अर्कोतिर इन्सेकको २०४८ को अध्ययनले मालिक जो कोही भए पनि कमैयाहरूको सेवा अवधिको जानकारी प्रस्तुत गरेको छ (तालिका ५.४ "ख")। यी दुई तथ्यांकहरू तुलना गर्न नमिल्ने भए तापनि कमैयाहरूको मालिक सम्बन्धित गतिहीनता त्यति गम्भीर प्रश्न

होइन भन्ने प्रष्ट हुन्छ। ऋणको रकम सानो भए कमैयाले ऋण तिरिदिने नयाँ मालिक पाउन सक्छ, जसलाई सौँकी अथवा मोटा भनिन्छ।

तालिका ५.४ "क" सेवा वर्षअनुसार कमैयाहरु (एउटै मालिकसँग) प्रतिशतमा, २०५४

सेवा वर्ष	कंचनपुर	कैलाली	बर्दिया
५ वर्षभन्दा कम	८३.७	८४.६	७०.५
६-१० वर्ष	१०.५	९.५	१३.१
१० वर्षभन्दा बढी	५.८	५.९	१६.४

स्रोत : फिल्ड सर्वेक्षण २०५४

तालिका ५.४ "ख" सेवा वर्षअनुसार कमैयाहरु (एउटै मालिक नहुन पनि सक्छ) प्रतिशतमा, २०४८

सेवा वर्ष	कंचनपुर	कैलाली	बर्दिया
५ वर्षभन्दा कम	३३.८	२३.१	२२.४
६-१०	२३.७	२१.८	१२.०
१० वर्षभन्दा बढी	४२.५	५५.१	६५.६

स्रोत : इन्सेक २०४८

कमैया परिवारमा कमाउने सदस्यहरु

तालिका ५.५ मा कमैया परिवारमा औसत कमाउने सदस्यहरूबारे जानकारी दिइएको छ। कंचनपुर र कैलालीमा प्रति परिवार कमाउ सदस्य सङ्ख्या ३ नै रहेको देखिन्छ। बर्दियामा यो बृद्धि भै २.१ बाट ३.३ हुन पुगेको छ। यसले के संकेत गर्दछ भने अझै पनि बालबालिकाहरू कमैया परिवारमा आर्थिकरूपले निकै सक्रिय छन्।कमैया बालबालिकाको स्कूलमा न्यून उपस्थितिको तथ्यांकले पनि यसलाई पुष्टि गर्छ।

तालिका ५.५ कमैया परिवारमा कमाउ सदस्यको औसत सङ्ख्या

सङ्ख्या	कंचनपुर		कैलाली		बर्दिया	
	२०४८	२०५४	२०४८	२०५४	२०४८	२०५४
कमाउहरुको औसत सङ्ख्या	२.९	२.६	२.९	३.०	२.१	३.३

स्रोत : फिल्ड सर्वेक्षण २०५४ र इन्सेक २०४८

शिक्षा र कमैया

कमैयाहरू र परिवारका अन्य सदस्यहरूको साक्षरता स्थितिको तुलनात्मक तथ्यांक तालिका ५.६ मा दिइएको छ। कमैयाहरूको साक्षरता दर उल्लेखनीय रूपले बढेको छ। बर्दियामा २०४८ को ४.६ प्रतिशत बाट बढेर २०५४ को दर ३०.५ प्रतिशत पुगेको छ। कंचनपुरमा यसै अवधिमा २.५ प्रतिशत बाट २७.१ प्रतिशत र कैलालीमा

४.० बाट १८.८ प्रतिशत पुगेको पाइन्छ। त्यस्तै कमैया परिवारभित्र साक्षरहरूको प्रतिशत २ बाट बढेर १५ प्रतिशत पुगेको छ। गैरसरकारी संस्थाहरूको साक्षरताको कडा प्रयत्नले प्रष्ट नतिजा देखाएको छ। "इन्सेक" र "वेस" जस्ता व्यापक आधार भएका गैरसरकारी संस्थाहरूले मुख्य काम साक्षरता र चेतना अभिवृद्धिलाई मानी निरन्तर क्रियाशील रहेकाले यो सकारात्मक परिवर्तन सम्भव भएको हो।

तालिका ५.६ कमैयाहरुमा साक्षरता (प्रतिशतमा)

साक्षरता	कंचनपुर		कैलाली		बर्दिया	
	२०४८	२०५४	२०४८	२०५४	२०४८	२०५४
साक्षर कमैया	२.५	२७.१	४.०	१८.८	४.६	३०.५
साक्षर कमैया परिवार सदस्य	१.६	१४.१	१.७	१४.८	१.९	१५.३
स्कूल जाने बालबालिका	०.४	१०.५	१.१	११.२	०.२	७.७

स्रोत : फिल्ड सर्वेक्षण २०५४ र इन्सेक २०४८

कमैया परिवारका केटाकेटीहरूको स्कूल जाने सङ्ख्या पनि बढेको छ। १ प्रतिशत भन्दा कम रहेको यो सङ्ख्या झण्डै १० प्रतिशत पुगेको छ। गैरसरकारी संस्थाहरू र सरकारी क्षेत्रबाट भएको प्रयत्नले यसमा राम्रो नतिजा प्राप्त भएको छ।

घरको स्वामित्व

मालिकहरूद्वारा बस्ने आवास दिइनु पनि कमैयाहरूलाई मालिकका शर्तअनुसार काम गर्न बाध्य पार्ने एउटा मुख्य तत्व मानिन्छ। तालिका ५.७ मा आफ्नै घर भएका कमैयाहरूको तुलनात्मक प्रतिशत प्रस्तुत छ। आफ्नै घर भएको बताउने कमैयाहरूको अनुपात केही बढेको देखिन्छ। कैलाली र बर्दियामा क्रमशः ५४ प्रतिशत र ४० प्रतिशत ले घर भएको बताएका छन्। यसबाट रोजगारी स्थितिमा परिवर्तनको संकेत पनि देखिन्छ। घर भएका श्रमिकहरू पनि कमैयाका रूपमा काम गर्न थालेका हुन सक्छन्। यस्तो अनुमान किन गर्न सकिन्छ भने कमैयाहरूलाई घर उपलब्ध गराउने खालको विकास हस्तक्षेप गरिएको छैन।

तालिका ५.७ कमैयाहरुको घरमा स्वामित्व

घर	कंचनपुर		कैलाली		बर्दिया	
	२०४८	२०५४	२०४८	२०५४	२०४८	२०५४
छ भन्ने	३२.७	३७.६	२५.८	५३.७	२२.५	३९.७

कमैयाहरुको ऋणग्रस्तता

कमैयाहरूको ऋणग्रस्ततावारे तालिका ५.५ मा जानकारी प्रस्तुत छ। कंचनपुरमा ऋणग्रस्नता ५५ प्रतिशत बढेर ८५ प्रतिशत पुगेको छ, त्यस्तै कैलालीमा ४० बाट ६४ प्रतिशत बर्दियामा २५ बाट ३५ प्रतिशत पुगेको छ। ऋण "सौकी" मात्र रूपान्तरित हुन्छ,

जव कमैयाले मालिक परिवर्तन गर्दछ। ऋणको मात्रा जति ठूलो हुन्छ, उति नै मालिक परिवर्तन गर्न कठिन हुन्छ। यसबाट ऋण बन्धनको सिर्जना हुने गर्दछ। ऋणको औसत आकार पनि बढेको छ। यो वृद्धि सबैभन्दा बढी कंचनपुरमा (७४ प्रतिशत) र त्यसपछि कैलाली (६४ प्रतिशत) तथा बर्दियामा (२८ प्रतिशत) देखिन्छ।

तालिका ५.८ कमैयाहरुको ऋणग्रस्तता (प्रतिशतमा)

विवरण	कंचनपुर		कैलाली		बर्दिया	
	२०४८	२०५४	२०४८	२०५४	२०४८	२०५४
सौंकी भएका कमैया	५४.५	८४.८	३९.४	६४.१	[illegible]	३४.६
काम नगर्दा ऋण बढ्छ भन्ने ऋणी कमैया	२४.४	११.९	५.६	१२.८	२.४	९.१
औसत ऋण (रु.)	५३१०	९२१८	३३४१	५४७२	१७६२	२२५३

स्रोत : इन्सेक २०४८, तालिका १८, २० र २१ तथा फिल्ड सर्वेक्षण २०५४

मालिक कमैया सम्बन्ध

मानवअधिकार सक्रियतावादीहरूको लागि कमैयाप्रति मालिकको दुर्व्यवहार चासोको विषय हो। इन्सेकको २०४८ को अध्ययनले कमैयाहरूमाथि हुने अपशब्द र गाली तथा कुटपिटको जानकारी पेश गर्दछ। तर, गत वर्षहरूमा यसमा कमी आएको देखिन्छ। (तालिका ५.९) गाली ५० प्रतिशतले घटेको र कुटपिट पनि पहिलेको तुलनामा धेरै घटेको पाइन्छ। यस परिवर्तनको पछाडिका कारणमा गैरसरकारी संस्थाहरूको अभियानमार्फत बढेको जागरण र सडकको निर्माणद्वारा गाउँहरूको अन्य क्षेत्रसँगको सम्पर्क विस्तारलाई सायद मान्नुपर्छ।

तालिका ५.९ कमैयामाथि मालिकको व्यवहार

कमैयाको भनाई	कंचनपुर		कैलाली		बर्दिया	
	२०४८	२०५४	२०४८	२०५४	२०४८	२०५४
अपशब्द/गाली-गलौज	२८.९	१३.८	४०.४	२०.१	५४.१	१४.७
कुटपिट/बल प्रयोग	५.४	०.०	२.०	०.७	२.८	०.३

स्रोत : फिल्ड सर्वेक्षण २०५४ र इन्सेक २०४८

कमैया जागरण : परिवार नियोजन सन्दर्भ

परिवार नियोजन र यसका साधानको उपयोगबारेको चेतना स्तरमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। (तालिका ५.१० प्रतिशत १० प्रतिशतबाट २५ प्रतिशतमा परिवार नियोजनको साधन र तरिका प्रयोग विस्तार भएको छ। साक्षरता र चेतनामूलक गतिविधिहरूको यो असल परिणाम हो।

तालिका ५.१० कमैया जागरण : परिवार नियोजन सन्दर्भ

जागरण	कंचनपुर		कैलाली		बर्दिया	
	२०४८	२०५४	२०४८	२०५४	२०४८	२०५४
परिवार नियोजनको ज्ञान	२३.५	४५.९	४३.०	४५.७	४२.६	६७.७
परिवार नियोजन साधनको प्रयोग	९.०	२३.२	६.६	२६.१	९.३	२९.८

स्रोत : फिल्ड सर्वेक्षण २०५४ र इन्सेक २०४८

निष्कर्ष र सुझावहरु

निष्कर्षहरु

कृषिश्रमसम्बन्धी कमैया प्रथा पश्चिम, मध्यपश्चिम र सुदूरपश्चिम तराईका आठ जिल्लामा प्रचलनमा छ। यस प्रथाअन्तरगत पुरूष कृषि श्रमिकलाई वार्षिक अनुबन्धमा लिइन्छ र महिला तथा परिवारका बालबालिकालाई खेत र घरेलु काम तथा पशु चराउने काममा प्रयोग गरिन्छ। सामान्यतः कमैयासँग सम्बन्धित पारिवारिक श्रमको कुनै मूल्य दिइँदैन वा दिई हाले पनि नगण्यमात्र दिइन्छ। कमैया श्रमिकहरू जातीयहिसाबले सामान्यत : थारू छन्। प्रारम्भिक र गौण दुवै किसिमका स्रोतहरूको आधारमा यी निष्कर्षहरू निकालिएका हुन्।

पाँचवटा जिल्लामा १८,००० कमैया परिवार र २६,००० कमैयाहरू भएको अनुमान छ। कमैया प्रथाअन्तरगत कार्यरत महिला र बालबालिका क्रमशः १४,००० र ५,००० रहेको अनुमान छ। आधाभन्दा बढी कमैया परिवारहरू भूमिहीन छन् र मालिकले दिएको झुप्रो उभ्याउने ठाउँमा बसेका छन्। पशु र बोटविरूवाको स्वामित्वको दृष्टिले पनि साधन स्रोतमा यी परिवार गरीब छन्, धेरैजसोसँग पशु र बोटविरूवा छैनन्। भूमि र भूमि आधारित अवसरहरूको अभावले कमैया परिवारहरू मालिकहरूसँग अन्यायपूर्ण सम्बन्ध गर्न बाध्य छन्।

कमैया मालिक सम्बन्धमा ऋण एउटा बन्धनकारी तत्व हो। झण्डै आधाजसो कमैया परिवारहरू तिनका मालिकहरूका ऋणले ग्रस्त छन् र तिनको औसत रू. ५,००० को ऋण देखिन्छ। अपर्याप्त ज्याला, परिवारका सदस्यहरूले मालिकको काम त्यसै गर्नुपर्ने तथा भूमिहीनता र आय आर्जनका अन्य उपाय नहुनुले ऋण बढ्दै जान्छ।

ऋण चुक्ता नगरी कमैयाले मालिक परिवर्तन गर्न पाउँदैन। यसर्थ मालिक परिवर्तन गरे पनि ऋण सँगसँगै सर्दछ र ऋणग्रस्तता कायम रहन्छ। यसलाई ऋणबन्धन (सौँकी) भनिन्छ र यो प्रथाले दासताको विशेषता देखाउँछ।

विगत ६-७ वर्षदेखि कमैया समस्या र बाँधाश्रम सम्बन्धतर्फ सरकार र गैरसरकारी संगठनहरूको ध्यानाकर्षण भएको छ। यी संगठनहरूले आफ्ना गतिविधिहरू मुख्यत साक्षरता, चेतना अभिवृद्धि, सीप विकास र प्रचारमूलक कामहरूमा केन्द्रित गर्दै आएका छन्। यी नरम कार्यक्रमहरू जटिल कमैया प्रथाको समस्या साँच्चै समाधान गर्न त्यति उपयोगी छैनन्। यी नै नरम कार्यक्रम पनि भौगोलिक क्षेत्रीय हिसाबले र कमैया सङ्ख्यामा पहुँचको हिसाबले ज्यादै सीमित छन्। कमैया प्रथा ग्रामीण क्षेत्रको ज्याला प्रणाली र भूवितरणको संरचनाले उत्पन्न समस्याको परिणाम हो। यी समस्याको समाधान राज्यले नै गर्न सक्छ। तर, राज्यले देखाएको उदासिनताले कमैया समस्या समाधानका अन्य प्रयत्नहरूलाई असहयोग भएको देखिन्छ।

गैरसरकारी संस्थाहरूको प्रयत्न कमैयाहरूमा जागरण र यो प्रथालाई अन्त गर्ने मानसिकता सिर्जना गर्न सक्षम देखिएको छ। राज्यले गैरसरकारी संस्थाहरूले कमैया समास्यामा ठीक ढंगले काम गरून् भन्ने हिसाबले उपयुक्त वातावरण बनाउन अघि

सर्नुपर्छ। कमैया समस्या समाधान गर्न अहिले अख्तियार गरिएका टुक्रे तरिका संरचनात्मक प्रश्नहरूलाई ध्यान नदिई अगाडि बढेकाले यसबाट प्राप्त नतिजा निस्कने आशा गर्न सकिन्न। बितेका आधा दशकमा भएका प्रयत्नहरूले कमैया प्रथामा कुनै देखिने असर पैदा गर्न सकेनन्। कमैया समस्यालाई समाधान गर्नका लागि साधन स्रोतको प्रवाह बढेर गए पनि कमैयाहरूको कठिन अवस्था र गम्भीर समस्या यथावत रहेको छ।

सुझावहरु

जनसङ्ख्याको एउटा महत्वपूर्ण भागको आधारभूत स्वतन्त्रता र मानवअधिकारलाई कमैया प्रथाभित्र अन्तरनिहित दासत्वले चोट पुऱ्याएको छ। यसले स्वतन्त्र र प्रजातान्त्रिक समाजको विकासमा अवरोध खडा गर्दछ। कमैयाहरूको मानवअधिकार हननको स्थिति अन्त गर्न आवश्यक छ। बाँधाश्रमको प्रतीक कमैया प्रथाको अन्त गर्न सरकार र गैसहरूले गतिविधि तुरून्तै तीव्र गर्नु जरूरी छ। सुझावहरू यसै उद्देश्यतर्फ केन्द्रित छन्। सुझावहरूलाई गतिविधिकर्ताअनुसार समूहबद्ध गरिएको छ। सुझावहरू कार्यक्रम तहका नभएर समष्टिगत ढंगका छन्। सुक्ष्म तहमा कार्यक्रमका लागि यो अध्ययनमा संकलित तथ्यांकहरूले सुझाव प्रस्तुत गर्न अनुमति दिँदैनन्।

१. **सरकार**

बाँधाश्रमको नेपालमा अन्त गर्न सरकारको नै दायित्व हो। कमैया समस्यामा बजेटको विनियोजनद्वारा सरकारले आफ्नो प्रतिबद्धता देखाएको छ। नवौं योजनाको अवधारणापत्रमा सरकारको प्रतिबद्धतामा थप बल दिइएको छ। यो योजनाले नेपालमा बाँधाश्रमको समस्या समाधान गर्न आयोग बनाउने दृढता व्यक्त गरेको छ। तैपनि सरकारको वार्षिक कार्यक्रमहरूको विश्लेषणले के देखाउँछ भने कमैया प्रथासँग सम्बन्धित संरचनागत र कानुनी पक्षलाई उपयुक्त ढंगले हेरिएको छैन। वास्तवमा सरकारले अगाडि सारेको कार्यक्रम कमैया समस्यामा क्रियाशील गैसहरूको भन्दा खास फरक गर्नु जरूरी छ :

क) सरकारले तुरून्तै यो अन्तर्राष्ट्रिय श्रम संगठनको बाध्यकारी श्रमविरूद्धको अभिसन्धि नं. २९ अनुमोदन गर्नुपर्दछ। अन्तर्राष्ट्रिय श्रम संगठनका मुख्य अभिसन्धिहरूमध्येको एक हुनाले यस अनुमोदनप्रति उदासीन हुनु भनेको बाँधा समस्या र आधारभूत श्रमस्तरप्रति सरोकार नराख्नु हो। नं. २९ लाई १३५ देशहरूले पहिले नै अनुमोदन गरिसकेका छन्। यस अभिसन्धिको अनुमोनदनले कमैया प्रथाजस्तो दासत्वमुखि श्रम सम्वन्धको अन्त गर्न विस्तृत कानुनी प्रावधानलाई लागू गर्न वाटो बनाउने छ।

ख) सरकारले दासत्वमुखि श्रम सम्वन्ध प्रतिवन्धित गर्ने गरी एउटा कानुन तयार गर्नुपर्दछ। त्यस्तो कानुनले बाँधाश्रम चलाउने सबै खालका प्रचलनलाई प्रतिवन्ध लगाउनुपर्छ। उक्त कानुनले वन्धनकारी ऋण र त्यससँग सम्वन्धित

करारहरूलाई बदर गर्ने व्यवस्था गरी बाँधाश्रम प्रणालीलाई प्रोत्साहित गर्नेहरूलाई दण्ड दिनुपर्दछ। संविधान र कानुनका अहिलेका प्रावधानहरू बाँधा समस्या समाधानमा कम उपयोगी छन् किनभने बाँधा अवस्थाका यी कानुनी दस्तावेजमा गरिएको परिभाषा नै प्रष्ट छैन।

ग) खेती गर्ने जग्गा प्रदान गरेर कमैया परिवारको भूमिहीनता र गरीबीलाई आंशिक समाधान दिन सकिन्छ। भूमिहीन परिवारहरूलाई जग्गा दिँदा सरकारले कमैया परिवारलाई प्राथमिकता दिनुपर्दछ।

घ) औद्योगिक र संगठित क्षेत्रका लागि मात्र सरकारले न्यूनतम ज्यालाको प्रावधान गरेको छ। कृषि मजदुर र असंगठित क्षेत्रका मजदूरहरू यो प्रावधानबाट बाहिर परेका छन्। तसर्थ न्यूनतम ज्याला प्रणालीलाई क्रमशः असंगठित क्षेत्रको श्रमशक्तिको विशाल समूहतर्फ विस्तार गरिनुपर्दछ।

ङ) उब्जनी हिस्सेदारीअन्तरगत कमैयाहरूले जोतेको भूमिलाई मोहियानी हकभित्र पार्नुपर्दछ। विशेष कानुनी प्रवाधानहरू तर्जुमा गरी कमैयाहरूको मोहियानी हक स्थापित गराउनुपर्दछ।

२. गैरसरकारी संगठनहरु

गैरसरकारी संगठनहरूले कमैया र बाँधाश्रमको समस्यालाई सबैको जानकारीमा ल्याउन ठूलो भूमिका निर्वाह गरेका छन्। उनीहरूकै प्रयत्नले गर्दा बाँधाश्रम प्रणालीको अस्तित्वलाई सरकारले स्वीकारेको छ र यो प्रथाको अन्त गर्न प्रतिबद्धता देखाएको छ। विगत आधा दशकमा गैरसरकारी संगठनहरू चेतना अभिवृद्धी र विकासमूलक हस्तक्षेपहरूका साथै पाँचवटा कमैया समस्या व्याप्त जिल्लाहरूमा क्रियाशील रहेका छन्। यी संगठनहरूले पर्याप्त अनुभव पनि यस सम्बन्धमा आर्जन गरेका छन्। क्षेत्र र कमैया परिवार भने थोरै समेटिएको हुनाले कमैया मुक्तिको निमित्त स्पष्ट नतिजाहरू निस्कन सकेका छैन्।

क) गैरसरकारी संगठनहरू एकलढंगबाट क्रियाशील छन्। सँगै मिलेर दुई क्षेत्रमा क्रियाशील हुनु बान्छनीय छ। जिल्ला वा गाउँको एक भागमा काम गरेर उचित प्रभाव उत्पन्न गर्न गाह्रो छ। किनभने मालिकहरूले हस्तक्षेप नपुगेका ठाउँबाट अन्य छिमेकी गाउँहरूबाट कमैया प्राप्त गर्न सक्छन्।

ख) चेतना अभिवृद्धि र साक्षरता कार्यक्रमहरू सामान्यत : सफल भएका छन् र यी कार्यक्रमले परिवर्तनका लागि कमैयाहरूलाई तयार गरेका छन्। तर निश्चित परिवर्तन आउन नसकेकाले कमैयाहरूमा निराश पनि छ। यसलाई रोक्न बाँधाश्रम-प्रणालीमा तुरून्ते प्रतिबन्धित गर्न सरकारमा बलियो दवाव सिर्जना गर्नु आवश्यक छ। कानुनी प्रावधान र सरकारको सक्रिय चासोविना यो प्रथाको अन्त सम्भव छैन।

ग) कमैया समस्याको मूलभूत कारण भूमिहीनता र न्यून आय हो। कमैया परिवारको आय-आर्जन बढाउने खालका कार्यक्रम तेज गर्नु जरूरी छ।

परिवारको आम्दानी बढेमा ऋण बन्धनबाट आफैँ पनि कमैयाहरू मुक्त हुनेछन् र थप ऋण लिने अवस्था पनि घट्ने छ।

३. ट्रेड युनियनहरु

श्रमशक्तिको हित संरक्षणका लागि नेपालमा पनि ट्रेड युनियनहरू क्रियाशील छन्। तर, यिनका गतिविधिहरू मुख्यत : संगठित क्षेत्रमा केन्द्रित छन्। ट्रेड युनियनको छाताबाहिर परेका छन् अनौपचारिक र असंगठित क्षेत्रका श्रमिकहरू। हालसालै ट्रेड युनियनहरूमध्येको एक नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले कृषि श्रमिकहरूबीच काम गर्न थालेको छ। यसको अग्रसरतामा पाँचवटा कमैया प्रभावित जिल्लाहरूमा कमैया मुक्ति मंचको संगठन विस्तार भएको छ। यस संगठनले अपिलका माध्यमबाट कमैया मुक्तिको आन्दोलन थालेको छ। १५ जना जति कमैया यसरी मुक्त भएको पनि पाइयो। सबै गाविसहरूमा यो आन्दोलन फैलनु जरूरी छ। यसलाई सफल पार्न सबै कोणबाट बलियो समर्थन र सहयोग हुनुपर्दछ।

(क) कमैयाहरूलाई संगठित गर्न तथा श्रमिक अधिकारबारे सचेत पार्न ट्रेड युनियनहरूले प्रयास गर्नुपर्छ।

(ख) बाँधाश्रम प्रणाली अन्त गर्नका लागि ट्रेड युनियनहरूले यसविरूद्ध प्रचार कार्य अघि बढाउनु पर्छ। आवश्यक परे यसका लागि सरकारमाथि दबाबसमेत बढाउनुपर्दछ।

४. अन्तर्राष्ट्रिय एजेन्सीहरु र द्विपक्षीय दातृसंस्थाहरु

लामो समयदेखि अन्तर्राष्ट्रिय एजेन्सीहरू र सहयोग दातृ समुदायको चासो नेपालको सामाजिक, आर्थिक विकास, गरीबी निवारण र मानवअधिकारसँग रहिआएको छ। यी एजेन्सीहरूले पनि सरकारलाई मानवअधिकार उल्लंघन गर्ने र थुप्रै जनतालाई गरीबी तथा अवसरविहिन बनाउने कमैया श्रम सम्बन्धजस्ता गलत प्रचलनको अन्त गर्न बचन र कर्म दुवै हिसाबले क्रियाशील हुन प्रेरित गर्नुपर्छ। बाँधाश्रम सम्बन्धको उन्मूलनका लागि सरकार गैरसरकारी संगठनहरूलाई सहयोग गर्न अघि सर्नुपर्दछ।

सर्वेक्षण गरिएका गाविस र गणकहरुको सूची

कञ्चनपुर

गाविसहरु

(१) दैजी (२) सूडा (३) झलरी (४) पिपल्धी
(५) शंकपुर (६) श्रीपुर (७) रामपुर विलासपुर (८) बेलडाडी

गणकहरु

(१) जुगमती चौधरी (२) जीतबहादुर डँगौरा
(३) अनिरूद्र राना थारू (४) कालीलास सिंह राना थारू

कैलाली

गाविसहरु

(१) कोटा तुल्सीपुर (२) रामशिखर झला (३) फुलबारी
(४) गडरहिया (५) प्रतापपुर (६) चुहा
(७) पथरहिया बेलिया (८) पहलमानपुर (९) पवेरा
(१०) श्रीपुर (११) चौमाला

गणकहरु

(१) विन्तीराम चौधरी (२) नथुराम चौधरी (३) हरालाल चौधरी
(४) खुशीराम चौधरी (५) श्यामलाल चौधरी (६) धनीराम चौधरी

बर्दिया

गाविसहरु

(१) खैराचन्दनपुर (२) राजापुर (३) बदालपुर (४) मोतिपुर
(५) डेउडाकला (६) मैनापोखर (७) दौलतपुर (८) पाताभार
(९) मनाउ (१०) पशुपति नगर (११) धोदरी (१२) पदनाहा
(१३) वानियाभार (१४) वगनाह (१५) ठाकुरद्वारा

गणकहरु

(१) रमेश चौधरी (२) मोहनलाल थारू (३) छोटीलाल थारू
(४) गोपालप्रसाद थारू (५) पंचराम थारू

बाँके

गाविसहरु

(१) शमशेरगञ्ज (२) रनियापुर (३) उदारापुर (४) फत्तेपुर
(५) नौवस्ता (६) रभेना (७) विनौला (८) वैभ्रापुर
(९) गंगापुर (१०) वनकटुवा

गणकहरु

(१) जगतपाल चौधरी (२) लालमणी चौधरी (३) गणेश चौधरी (४) प्रदीप चौधरी

दाङ

गाविसहरु

(१) चैलाही (२) सोनापुर (३) गंगापरस्पुर (४) गोबर्डीया
(५) शिसनीया (६) लामतिया (७) त्रिभुवन न.पा. (८) मानपुर
(९) उरहरी (१०) धनौवरी (१२) लक्ष्मीपुर

गणकहरु

(१) दीपल कुमार चौधरी (२) देवराज चौधरी (३) कल्पु चौधरी
(४) रामसरस चौधरी (५) बालकृष्ण चौधरी (६) रोशन धिताल
(७) सत्यनारायण चौधरी

कपिलवस्तु

गाविसहरु

(१) पकडी (२) पटना (३) पतरीया (४) कोपुवा
(५) निग्लीहवा (६) हतुसा (७) दुविया (८) बुद्धी
(९) वर्कतपुर (१०) विपुर (११) शिवपुर (१२) शिवगढी

गणकहरु

(१) हरिनारायण चौधरी (२) मंगल चौधरी (३) जितेन्द्र चौधरी
(४) वसन्तप्रसाद चौधरी (५) हेमराज चौधरी (६) विष्णप्रसाद चौधरी
(७) राम किशन चौधरी

रुपन्देही

गाविसहरु

(१) सौधी (२) विसनपुर (३) जोगडा (४) मानमतेरीया
(५) चपिया (६) मानपकडी (८) रूद्रपुर)९) हरैया
(१०) गजडी (११) सूर्यपुरा

गणकहरु

(१) रामचन्द्र कोहार (२) तिलकराम यादव (३) मगलेप्रसाद यादव
(४) रामबहादुर कुनवार (५) प्रभुदयाल बराल (६) रामवृक्ष यादव
(७) रिमबहादुर गौचन (८) राजेन्द्र कार्की

नवलपरासी

गाविसहरु

(१) देवगाउँ (२) तिलकपुर (३) पंचनगर (४) मनरी
(५) रामनगर (६) मकर (७) वनवार (८) सरवाल
(९) रामपुर खदेना (१०) प्रसाइनी

गणकहरु

(१) छविलाल तिमिल्सिना (२) कृष्णप्रसाद चौधरी (३) चन्द्रबहादुर चौधरी
(४) इन्दिरा बडाल (५) सिता अधिकारी (६) मदन अधिकारी
(७) खुमराज सापकोटा (८) विश्वबन्धु अधिकारी